
पश्चिमा विश्वले रूसलाई सम्मानजनक व्यवहार गरे... पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २७ •अंक २०२ • २०८२ साल पुस ६ गते आइतबार (21 December, Sunday, 2025) •पृष्ठ ८ •मूल्य रु. ५।-

# बढ्दो चिसोले जनजीवन प्रभावित

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा एक्कासी रुपमा कठ्यांग्रिदो चिसो बढेपछि जनजीवन प्रभावित भएको छ । शुक्रबारको तुलनामा शनिबार हुस्सु केही कम भए पनि शीतलहर झरिरहेका कारण ठिहिऱ्याउने खालको चिसो महसुस भइरहेको छ ।

मधेश प्रदेशको धनुषासहित तराई-मधेशका जिल्लामा शुक्रबार दिनभर बाक्लो हुस्सु र शीतलहर चलेका कारण घाम नै लागेन । शनिबार पनि दिनभर घाम नलागे पनि केही समयका लागि घाम लागेको थियो ।

मधेश प्रदेशको मौसम धुम्मिएको अवस्थामा रहेको छ । पानी छिट्याए झैं शीत झरिरहेकाले बाहिर हिड्डुल गर्नुपर्ने सर्वसाधारणको जनजीवन प्रभावित भएको छ ।

पछिल्ला दुई दिनदेखि बढ्दै गएको चिसोले विपन्न परिवारको जनजीवन थप गाह्रो हुन थालेको छ । न्यानो कपडा तथा राति ओढ्ने-ओछ्याउनेको अभावका कारण उनीहरू बढी प्रभावित भएका छन् ।

चिसोले सबैभन्दा बढी असर बालबालिका र ज्येष्ठ नागरिकमा परेको छ । बिहानदेखि बेलुकीसम्म बाक्लो हुस्सु लाग्ने, मौसम धुम्मिने र शीतलहर चल्ने क्रम बढ्दो छ । तापक्रम लगातार घट्दै जाँदा सर्वसाधारणको दैनिकी प्रभावित भएको छ । शीतलहरसंगै चिसो बढेपछि बालबालिका, ज्येष्ठ नागरिक, बिरामी, सुत्केरी तथा गर्भवती महिला बढी प्रभावित भएका छन् ।

चिसो छल्न स्थानीय पराल, भुस, दाउरा र गुइँठा बालेर आगो ताप्दै जाडो छल्न कोसिस गरिरहेका छन् । हरेक वर्ष शीतलहरका कारण गरीब तथा विपन्न समुदायका मानिसले ज्यानै गुमाउँदै आए पनि सम्बन्धित निकायले पर्याप्त ध्यान नदिएको स्थानीयको दुखेसो छ ।

चिसो बढेसंगै बालबालिका, ज्येष्ठ नागरिक, वृद्धवृद्धा तथा शारीरिक रूपमा अशक्त रहेका व्यक्तिहरू विरामी पर्न थालेको चिकित्सकहरू बताउँछन् ।

शीतलहर चलेका बेला अत्यावश्यक कामबाहेक अनावश्यक हिड्डुल नगर्न, न्यानो कपडा लगाउन, सावधानीपूर्वक आगो बालेर ताप्न, झोलिला तथा ताता खानेकुरा सेवन गर्न र शरीरमा चिसो नगढ्ने उपाय अपनाउन आवश्यक रहेको प्रादेशिक अस्पताल जनकपुरले जनाएको छ ।

## मधेशमा सभामुखको निर्वाचन आज

# जसपाका रामको पक्ष बलियो, एमालेको पनि उम्मेदवारी

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेशको सभामुखका लागि दुई जनाले उम्मेदवारी दिएकाले आइतबार मतदान हुने भएको छ ।

सात दलीय गठबन्धनबाट जनता समाजवादी पार्टी(जसपा) नेपालका सांसद रामअशिष यादवले उम्मेदवारी दर्ता गरेका छन् । त्यसैगरी नेकपा एमालेबाट प्रदेश सांसद त्रिलोकी प्रसादले उम्मेदवारी दर्ता गराएका छन् ।

प्रदेश सभामुखका लागि दुई जनाको उम्मेदवारी दर्ता भएको प्रदेश सभा सचिवालयले जारी गरेको सूचनामा उल्लेख छ ।

यादवको प्रस्तावक नेपाली कांग्रेसका सांसद वीरेन्द्र प्रसाद सिंह र समर्थकमा नेकपा माओवादी केन्द्रका सांसद फकिरा महतो रहेका छन् । उनलाई नेपाली कांग्रेस, जसपा नेपाल, जनमत पार्टी, नेकपा माओवादी, नेकपा एस, लोकतान्त्रिक समाजवादी पार्टी( लोसपा) नेपाल र नागरिक उन्मुक्ति पार्टीले समर्थन गरेको छ । सात दलीय गठबन्धनमा ७४ जना रहेका छन् । सो संख्या प्रदेश सभाको दुई तिहाइभन्दा बढी रहेको छ ।

त्यसैगरी एमालेका प्रसादलाई एमाले सांसद शारदा देवी थापा प्रस्तावक र जयचन्द्र प्रसाद पटेल समर्थक रहेका छन् । एमालेको मधेश प्रदेशसभामा कुल २५ सभासद मध्ये २४ जनाले मतदान गर्ने छन् ।



संघीय समजावादी पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टीका १/१ जना सांसद छन् । उनीहरुले पनि सात दलीय गठबन्धनलाई समर्थन गर्ने बलियो सम्भावना रहेको नेपाली कांग्रेसका प्रमुख सचेतक कुमर कान्त झाले बताए । 'उहाँहरुसित संवाद भइरहेको छ' उनले भने, यादवलाई सर्वसम्मत रुपमा सभामुख बनाउन प्रयास भइरहेको छ ।

सभामुखको चयनका लागि आइतबार दिउँसो १ बजे प्रदेश सभाको बैठक डाकिएको छ । त्यस अघि बिहान ११ बजे परामर्श समितिको बैठक बोलाइएको छ । परामर्श समितिको बैठकपछि सभामुख चयनका लागि प्रदेश सभाको बैठकमा प्रक्रिया अगाडि बढाइने छ ।

धनुषा जिल्लाको निर्वाचन क्षेत्र नम्बर २ को 'ख'बाट लगातार दोस्रो पटक जसपाबाट सांसद निर्वाचित भएका छन् । प्रदेश सभामा उनी दुई पटक उत्कृष्ट सांसदको पुरस्कार समेत पाएका छन् ।

नेपाल पत्रकार महासंघ धनुषाको सभापति रहिसकेका यादव नेपाल र भारतको विभिन्न भागमा समेत प्रसिद्ध महागंगा आरतीको संस्थापक हुन् । जनकपुरधामको धार्मिक, सांस्कृतिक पर्यटकलाई गंगा आरतीले आकर्षित गर्दै आएको छ । उनी सामाजिक अभियन्ता र वातावरण संरक्षणका लागि वृक्षारोपणमा सक्रिय समेत रहेका छन् । शिक्षामा जोड दिने उनी भद्र र शालिन व्यक्तित्वको रुपमा परिचित छन् ।

मधेश प्रदेशको सभामुखको जिम्मेवारी जसपा नेपालले दोस्रो पटक पाउन लागेको छ । मधेश प्रदेशमा चीरप्रतिद्वन्दी मानिएको जनमत पार्टीले पनि सभामुखमा यादवलाई समर्थन जनाएको छ । मधेश प्रदेशमा उपसभामुख जनमत पार्टीकी बबिता कुमारी इसर रहेकी छन् । प्रदेश सभाको प्रारम्भमै उनी उपसभामुख बनेदेखि निरन्तर रहेकी छन् ।

एमालेबाट सभामुखका लागि उम्मेदवारी दिएका प्रसाद समानुपातिक तर्फका सांसद हुन् । उनी बारा जिल्लाको कोल्हवी नगरपालिकाका स्थायी वासिन्दा हुन् ।

मधेश प्रदेशसभाको पहिलो कार्यकालमा सरोज कुमार यादव(पूर्व मुख्यमन्त्री)ले भने सभामुख रहेका थिए । दोस्रो कार्यकालमा नेकपा एमालेका रामचन्द्र मण्डलले नेपाली कांग्रेसका उम्मेदवार जंगीलाल रायलाई पराजित गरी सभामुख निर्वाचित भएका थिए ।

मण्डललाई जसपा नेपाल, लोसपा लगायतका दलहरुले समर्थन गरेका थिए । तर मण्डलले पद अनुकूलको आचरण नगरेको अभियोगमा पदमुक्त भए । उनी झण्डै तीन वर्ष सभामुख रहे । प्रदेश सभामा उनलाई दुई तिहाई बहुमतले महाअभियोग लगाएर पदमुक्त गरिएपछि आगामी कार्यकालका लागि सभामुखको चुनाव हुन थालेको छ ।


मधेश प्रदेशमा मात्र नभइ देशको सातवटै प्रदेशमा महाअभियोग लगाएर सभामुखलाई मधेश प्रदेशमा मात्र पदच्यूत गरिएको हो ।

सभामुखबाट मण्डलको कार्यकाल अत्यन्त विवादास्पद रह्यो । पहिलो पटक उनी सांसद निर्वाचित भएपछि दल परिवर्तन गर्ने क्रममा सांसद पद नै गुमाएका थिए ।

# संसद् पुनर्स्थापनाका लागि कांग्रेस-एमालेको तयारी

**टुडे समाचारदाता**

काठमाण्डु । आगामी फागुन २१ मा प्रतिनिधिसभाको निर्वाचन गराउने तयारीमा लागिरहँदा नेकपा एमाले र नेपाली कांग्रेस भने संसद् पुनर्स्थापनाका लागि आन्तरिक तयारीमा जुटेका छन् । विघटित संसद्को ठूला दल कांग्रेस र दोस्रो ठूलो दल एमालेले प्रतिनिधिसभा ब्युँत्याउने आन्तरिक रुपमा रणनीतिमा जुटेका छन् ।



दुवै दलले आ-आफ्ना विघटित प्रतिनिधि सभाका सदस्यहरूको हस्ताक्षर संकलनमा रहे पनि कांग्रेसका केही प्रतिनिधिसभा सदस्य भने यसको विरोधमा छन् । एमाले- कांग्रेसले बहुमत सांसदको हस्ताक्षर सर्वोच्च अदालतमा बुझाउने तयारी रहेको बुझिएको छ । उनीहरु नेपाली कम्युनिष्ट पार्टी र मधेश केन्द्रित दलहरुलाई पनि फकाउने प्रयासमा छन् ।

संसद् पुनर्स्थापनाका लागि एमालेका तर्फबाट निवर्तमान प्रमुख सचेतक महेश बर्तौला र सचेतक सुनिता बरालले सर्वोच्च अदालतमा मंसिर १० गते रिट दायर गरेका थिए । सर्वोच्च अदालतले प्रारम्भिक सुनुवाइपछि राष्ट्रपति, प्रधानमन्त्रीसहितका विपक्षीहरूसंग लिखित जवाफ मागेको छ ।

एमाले कानुन विभागका उपप्रमुख धर्मराज रेग्मीले एमालेले एक ढिक्का भएर निर्णय गरिसकेको र कांग्रेसले पनि धेरै सांसदको हस्ताक्षर जुटाउन सकेमा अदालतले सकारात्मक आदेश दिने बुझाइ छ ।

त्यस्तै, कांग्रेसको तर्फबाट विघटित प्रतिनिधि सभाका प्रमुख सचेतक श्यामकुमार घिमिरेसहित ७ जना सांसदले छुट्टै रिट दायर गरेका थिए । कांग्रेसले पनि सर्वोच्च अदालतमा बुझाउन आफ्ना सांसदको हस्ताक्षर संकलन गरिरहेको घिमिरेले बताए । तर कांग्रेसमा भने गुरुराज घिमिरेलगायतकाहरु निर्वाचन हुनुपर्ने पक्षमा छन् ।

कांग्रेसको रिटमा पुस २ गते प्रारम्भिक सुनुवाइ भएको छ । संवैधानिक इजलासले विपक्षीलाई १५ दिनभित्रमा लिखित जवाफ पेश गर्न भनिसकेको छ ।

दुवै दल संसद् पुनर्स्थापना हुनेमा ढुक्क रहेको देखिएका छन् ।

संसद् पुनर्स्थापना भए सर्वपक्षीय सरकार बनाउनु पर्ने एमालेको धारणा छ । सर्वपक्षीय सरकारमा राजनीतिक दल, गैरराजनीतिक व्यक्ति वा समूहलाई पनि समेट्नु पर्ने र त्यसको नेतृत्वमा एमालेले दाबी नगर्ने बरालको भनाइ छ ।

त्यसपछि सर्वपक्षीय सरकारले निर्वाचनको नयाँ मिति तोकेर अगाडि बढ्नुपर्ने एमालेको प्रस्ताव रहेको बताइन्छ ।

कांग्रेस-एमालेले प्रतिनिधि सभामा बहुमत १३८ सांसदको हस्ताक्षर अदालतमा बुझाउने तयारी गरेका छन् । एमालेले ७८ सांसदकै हस्ताक्षर संकलन गरिसकेको छ । तर हस्ताक्षर बुझाउने कुरामा कांग्रेसभित्र विवाद छ । कांग्रेसका ८९ सांसद रहे पनि महामन्त्री गगन थापा पक्षधर सांसदहरू आगामी फागुन २१ गतेमा निर्वाचन हुनुपर्ने अडानमा अहिलेसम्म रहेको बुझिन्छ ।

सो पक्षका सांसदले हस्ताक्षर नगरे मधेश केन्द्रित दलका सांसदको हस्ताक्षर बुझाउने तयारी पनि थालिएको छ ।

तर पनि उनीहरूले विघटित संसद्का ४२ सांसद रहेको नवगठित नेपाली कम्युनिस्ट पार्टीसँग भने अहिलेसम्म कुनै छलफल गरेका छैनन् । दुबै दलले आफूहरूसँग संसद् पुनर्स्थापनाका लागि औपचारिक सल्लाह नगरेको नेता राजेन्द्र पाण्डेले जानकारी दिए ।

अहिलेको सरकारले चुनाव गराउने विश्वास नभएरै नेकपाले पनि चुनावको तयारी नगरेको पाण्डेले बताए ।

अहिलेको सरकारका गतिविधि चुनाव बिथोल्नेतिरै अग्रसर रहेको पाण्डेले आरोप लगाए । प्रधानमन्त्री सुशीला कार्कीले तीन ठूला दलका प्रमुख नेताहरूसँग अहिलेसम्म पनि छलफल गरेकी छैनन् । प्रधानमन्त्रीले चुनाव सम्बन्धी छलफलमा दोस्रो र तेस्रो तहका नेताहरूलाई बोलाउने गरेकी छन् ।

सर्वोच्च अदालत बार एसोसियसनका पूर्वअध्यक्ष पूर्णमान शाक्यले दलहरूको छुट्टै निवेदन र सांसदको हस्ताक्षरले कुनै अर्थ नराख्ने टिप्पणी गरे । पहिले पनि कांग्रेस, एमालेकै सरकार रहेको र उनीहरूले बहुमत प्राप्त दलहरूले रिट हालेको सन्देश दिन खोजेको स्मरण गर्दै शाक्यले सर्वोच्चले संसद् विघटन संवैधानिक कि असंवैधानिक भन्ने हेर्नुपर्नेमा जोड दिए ।

उनले भने, 'संसद् पुनर्स्थापनाको सम्भावनालाई नकार्न सकिँदैन । अदालतले के गर्छ, के गर्दैन त्यो अहिले मैले भन्न मिल्दैन । अनुमान गर्न सकिन्छ कि सरकारले फागुन २१ गते निर्वाचन गर्न सकेन भने, देश शून्यतामा जाने भयो भने सर्वोच्चले संसद् पुनर्स्थापना गर्न सक्छ ।'

जेन- जीको विद्रोहपछि आएको विशेष राजनीतिक परिस्थितिमा संसद् पुनर्स्थापनाले अर्को अन्योलतिर लैजाने उनको भनाइ छ ।

भदौ २३ र २४ गतेको जेन- जी आन्दोलनपछि एमाले अध्यक्ष केपी शर्मा ओलीको नेतृत्वमा रहेको दुई ठूला दलको सरकार ढलेको थियो । भदौ २७ गते पूर्वप्रधानन्यायाधीश सुशीला कार्कीको नेतृत्वमा सरकार गठन भएको १०१ दिन पुगेको छ । उनी प्रधानमन्त्री भएपछि राष्ट्रपति रामचन्द्र पौडेल समक्ष संसद् विघटनका लागि सिफारिस गरेकी थिइन् ।

प्रधानमन्त्रीमा कार्कीको नियुक्ति र संसद् विघटन बदर माग गर्दै शुरुमा एमालेले मुद्दा दायर गरेका थिए । त्यसको केही महिनापछि एमाले अध्यक्ष केपी शर्मा ओली र कांग्रेस सभापति शेरबहादुर देउवाबीच भएको कुराकानी पछि कांग्रेसले पनि संसद् पुनर्स्थापनाका लागि रिट दायर गरेको थियो । उक्त रिटसहित करिब डेढ दर्जन मुद्दा सर्वोच्चको संवैधानिक इजलासमा विचाराधीन छ ।

जाडोमा लिनुपर्ने सावधानीहरू

पानी प्रशस्त पिउने
शरीरमा पानीको मात्रा प्रशस्त भएमा चिसोले गर्दा रगत बाक्लो हुने जोखिम कम हुन्छ ।

Warm Up गर्ने
शारीरिक व्यायाम सुरु गर्नु भन्दा अघि शरीरलाई सक्रिय बनाउने अनि ब्यायाम सूरु गर्ने ।

हिंडाइको गति कम गर्ने
चिसोमा मुटुमा जोखिम घटाउन हिडाइको स्पिड कम गरेर, हिडाइको अवधि बढाउनु सुरक्षित उपाय हुन्छ ।

मदिरा र चुरोट सेवन नगर्ने
जाडो महिनामा मुटुमा हुने असरलाई मदिरा तथा धुम्रपानले झन् बढाउने हुनाले यसको प्रयोग नगर्नु राम्रो हुन्छ ।

चिसो हावा र पानी परेको बेलामा बाहिर व्यायाम गर्न निस्किनु हुँदैन ।

सुगर, प्रेसर, कोलेस्ट्रोलको राम्रो नियन्त्रण
जाडो महिनामा प्रेसर सुगर र कोलेस्ट्रोलको स्तर बढ्ने हुनाले यसको जाँच र नियन्त्रण गर्न जरूरी छ ।

धेरै चिल्लो खानेकुरा नखाने
जाडोमा कोलेस्ट्रोल बढ्ने हुनाले धेरै चिल्लो, फ्राई, पार्टी, भोजको बेलामा सतर्क हुनुपर्दछ ।

चिसोमा हिड्दा छाती दुख्नु
मुटु रोगको प्रमुख लक्षण ब्लनष्लब चिसोमा बढी देखिन्छ र यस्तो छ भने डाक्टरलाई देखाउन जरूरी हुन्छ ।

औषधिको नियमित प्रयोग
मुटुरोग, प्रेसर, सुगर, कोलेस्ट्रोल आदिको औषधि नटुटाईकन नियमित खानु पर्छ ।

व्यायमको बेलामा चिसोबाट सुरक्षा
यसको लागि पर्याप्त लुगा लगाएर विशेष गरेर टाउको, कान, हात छोपेर हिड्नु पर्छ ।

धनुषाधाम नगरपालिका
धनुषाधाम, धनुषा, मधेश प्रदेश

# गुणस्तरीय स्वास्थ्य प्रयोगशालाका लागि मानव पुँजी विकास गर्दै

काठमाण्डु । काठमाडौं महानगरपालिकालेगुणस्तरीयस्वास्थ्य सेवाका लागि पूर्वाधार र मानव पुँजीको विकास कार्य अघि बढाएको छ। कामपाले ३२ वटै वडा स्तरको स्वास्थ्य सेवालाई अस्पतालसरह प्रदान गर्नेगरी काम गरिरहेको कामपा स्वास्थ्य विभागका प्रमुख दीपककुमार केसी जानकारी दिनुभयो।

उक्त कार्यका लागि कामपाले ३२ वटा वडामा दुई चरणमा तालिम सञ्चालनसमेत गरिसकेको छ। पहिलो चरणमा वडा नम्बर १ देखि १६ सम्म र दोस्रो चरणमा १७ देखि ३२ सम्मका प्राविधिकलाई प्रशिक्षण




दिइसकेको केसीले जानकारी दिनुभयो।

जनस्वास्थ्य गुणस्तरका राष्ट्रिय अन्तरराष्ट्रिय नीति, प्रक्रिया र अभ्यास, विरामीलाई नमूना सङ्कलनका लागि तयार पार्ने विधि, सम्भावित त्रुटि र जोखिम, गुणस्तर नियन्त्रणका प्रक्रिया, क्षयरोगको नमूना सङ्कलन र परीक्षण, प्रयोगशालाको स्वच्छता र सरसफाइ, हानिकारक फोहर व्यवस्थापनका साधन, उपकरण तथा विधि, जनशक्तिबीचको आपसी सम्बन्धलगायत विषयमा सैद्धान्तिक र व्यवहारिक ज्ञान तथा अभ्यास समेत गराइएको छ।

कामपाले ३२ वडामा स्वास्थ्य प्रवर्द्धन केन्द्रमार्फत स्वास्थ्य सेवा प्रदान गरिरहेको छ। हरेक वडामा स्वास्थ्य प्रयोगशाला स्थापना गरिएका छन्। यी प्रयोगशालाहरूमा मधुमेहसहित रगतबाट गरिने जाँच, मिर्गौलासहित पिसाबका जाँचिने रोग, खकारबाट जाँचिने क्षयरोगसहित आधारभूत स्वास्थ्य परीक्षण गरिन्छ।

'ए', 'बी', 'सी', 'डी' र 'ई' समूहका जनस्वास्थ्य प्रयोगशालामध्ये 'डी' र 'ई' समूहका प्रयोगशालाको सञ्चालन गर्ने अधिकार स्थानीय सरकारलाई प्रदान गरिएको छ। राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालाको गुणस्तर नियन्त्रण तथा तालिम शाखाका उपप्रमुख मेडिकल टेक्नोलोजिष्टसन्तोषसुवेदीभन्नुहुन्छ, "काठमाडौं महानगरपालिकाका प्रयोगशालाहरूको गुणस्तर कायम गराउन तथा जनशक्तिको क्षमता बढाएर कानुनले प्रदान गरेको अधिकार प्रयोग गर्न सक्ने बनाउन तत्पर छौं।" 'स्वास्थ्य प्रयोगशाला स्थापना तथा सञ्चालन मापदण्ड सम्बन्धी निर्देशिका २०७३' अनुसार सरकारी स्तरका हेल्थपोष्टमा आधारित प्रयोगशाला 'ई' समूहका र सरकारी स्तरका प्राथमिक स्वास्थ्य केन्द्रमा आधारित प्रयोगशाला 'डी' समूहका प्रयोगशालामा पर्छन्। रासस

## जेनजी सुशासन सहिदकी आमाको सन्देश :

# सरकारले जनताको भलो गरोस्

काठमाण्डु । जेनजी आन्दोलनकाक्रममासिन्धुपाल्चोकचौतारा साँगाचोकगढी-८ का उमेश महतको गत भदौ २४ गते गौशालाचोक नजिक गोली लागेर निधन भयो ।नयाँबानेश्वर केन्द्रित जेनजी पुस्ताको आह्वानमा भदौ २३ गते भएको आन्दोलनमा साथीभाइसहित धेरै युवालाई गोली लागेको देखेपछि उहाँ आन्दोलनमा जान प्रेरित हुनुभएको थियो। दिदी सुमित्राका अनुसार अघिल्लो दिन बानेश्वरमा गोली लागेर ढलेका युवालाई अस्पताल पुऱ्याउने कार्यमा उमेश सशक्त रूपमा खटिइ राति अबेर घर फर्कनुभयो।

बानेश्वरमा प्रहरीले कति साथीहरूलाई छाती र टाउकोमा गोली हानेर ढाल्यो, धेरै घाइते भएका छन्, त्यसमध्ये केहीलाई आफैँले बोकेर अस्पताल पुऱ्याएँ भनी सोही दिन उमेशले दिदी सुमित्रालाई सुनाउनुभयो । ठूलो सङ्ख्यामा युवालाई गोली लागेको र हताहती भएपछि सरकारप्रति आक्रोशित भीड भोलिपल्ट सरकारी तथा निजी सम्पत्तिमाथि तोडफोड र आगजनी गर्न पुग्यो।

सोही सिलसिलामा उत्तेजित भीडले गौशालास्थित गाई फर्ममा आगजनीको प्रयास गरेकामा त्यसलाई रोक्न चिच्याउँदै अघि बढिरहेका बेला उमेशको दायाँ छातीमा गोली लाग्यो । उहाँ त्यही ढल्नु भएको थियो। साथीहरूले उठाएर बानेश्वर स्थित फण्ट लाइन अस्पताल पुऱ्याए । शल्यक्रियाका लागि शल्यक्रिया कक्षमा पुऱ्याउँदा नपुऱ्याउँदै उमेशको निधन भयो।

उमेशलाई गोली लागेको सूचना महत परिवारले दिउँसो करिब २:३० बजे उमेशकै मिल्ने साथी सुवास खत्रीले सुनाउनु भएको थियो। सुवासका पिता सुवर्णले उमेशलाई विदेश नजाउञ्जेल स्नुकर खेलाउने रोजगारी उपलब्ध गराउनुभएको थियो । त्यसबापत उमेशले मासिक रु १० हजार तलब प्राप्त गर्नुहुन्थ्यो ।घरको आर्थिक अवस्था कमजोर रहेकाले उमेशका बाआमा सिन्धुपाल्चोकबाट १९ वर्षअघि काठमाडौं आएर चाबहिलमा तरकारी र सागसब्जी बेच्नुहुन्थ्यो। त्यही सागसब्जी बेचेर महत दम्पतीले घरपरिवारको गुजारा चलाउने र छोराछोरीलाई शिक्षादीक्षा दिलाउनुभएको थियो।

श्यामबहादुर महत र कालीमाया महतका चार सन्तानमध्ये एक छोरा र एक छोरीपछि विसं २०६२ असोज ११ गते उमेशको जन्म भएको थियो । सानो उमेरमै उमेशलाई पत्थरीसहित मिर्गौलाको समस्या भएर लामो समयसम्म उपचार गराउनुपरेको थियो ।बिरामीकै बीचमा उमेशले विद्यालय कपनको एक विद्यालय र उच्च माध्यमिक विद्यालयको शिक्षा चुच्चेपाटीस्थित लुम्बिनी कलेजबाट पूरा गर्नुभयो । लामो उपचार र स्वास्थ्य ठीक भएपछि पछिल्लो समय उहाँ वैदेशिक रोजगारीका लागि खाडीमुलुक जाने तयारी हुनुहुन्थ्यो । दिदी सुमित्राका अनुसार जुन दिन उमेशलाई गोली लाग्यो, त्यही दिन वैदेशिक रोजगारीमा जान भिसा लागेको खबर आयो।

दिदी सुमित्रा भन्नुहुन्छ, "आमाबाले साँझ बिहान तरकारी बेचेर दुःख गरेर हामीलाई पढाउने, बढाउने र काम गर्नुभयो ।" परिवारमा भने चञ्चले र हासमुखी स्वभावको परिचय बनाउनुभएका उमेश सानैदेखि खेलकुदमा फुटबल प्रेमी तथा खानपिनमा मःम र कफीको पारखी हुनुहुन्थ्यो। त्यसका लागि दिदीसँग खर्च मागी रहनुहुन्थ्यो । केही वर्षअघि फुटबल खेल्दा उहाँको हातसमेत भाँचिएको थियो । छिमेकी मिल्ने अग्रज दाजु सुवास खत्रीका अनुसार उमेश साथीभाइका बीचमा सबैसँग बोल्ने, छिटो घुलमिल हुने, कसैलाई नबिझाउने र चित्त नदुखाउने युवा हुनुहुन्थ्यो । उमेशलाई सम्झँदै सुवास भन्नुहुन्छ, "साथीभाइको बीचमा उसले सबैको माया र सद्भाव पाएको थियो । पढाइमा मध्यम श्रेणीको ऊ निकै हासिलो र व्यवहारिक थियो।"

भ्रष्टाचार अन्त्य, सुशासन प्रवर्द्धन, राजनीतिमा युवाको पुस्तान्तरण र निष्क्रिय तुल्याइएको फेसबुकसहितका सामाजिक




सञ्चाललको सञ्चालनको माग राखेर नयाँबानेश्वर केन्द्रित आन्दोलनका क्रममा भदौ २३ गते ठूलो सङ्ख्यामा युवाको हताहती भयो। धेरै घाइते भए।

जेनजी आन्दोलनका क्रममा मुलुकभर भएका आगजनी, तोडफोडसहितका हिंसात्मक घटनामा ७६ जनाको ज्यान गयो भने रु ८४ अर्बभन्दा बढी सरकारी र निजी सम्पत्ति नष्ट भएको प्रारम्भिक अनुमान छ । त्यसआन्दोलनका क्रममा प्रशासनिक भवन सिंहदरबार, सर्वोच्च अदालत र सङ्घीय संसद् भवनलगायतका देशका महत्त्वपूर्ण भौतिक संरचनामा ठूलो क्षति भयो ।गत भदौ २४ गते कान्छो छोरा उमेश गुमाउनुपरेको दिनको स्मरण गर्दै आमा कालीमाया महत भन्नुहुन्छ, "म १०:०० बजेतिर काममा निस्किए, ऊ सुतिरहेको थियो । केही छिनपछि उठेर सिक्न आएकालाई स्नुकर खेलाएछ । आन्दोलनमा जाने कुरा गरेपछि खत्री दाइले नजा भन्नुभएछ। ऊ आन्दोलनमा गएको कुरा गोली लागेको खबर सुनेपछि मात्रै थाहा पाएँ।"

कान्छोको पढाइलेखाइ राम्रो र चलाख भएकाले छिमेकी साथी सुवासको बाले स्नुकर खेलाउने रोजगारी दिएर मासिक रु १० हजार दिँदै आउनुभएको उमेशकी आमाको भनाइ छ । छोरा उमेशको निधनपछि पुरानो थातथलो सिन्धुपाल्चोक फर्केर भूकम्पको अनुदानबाट निर्माण गरिएको सानो भवनमा बस्दै आउनुभएको छ।

पुरानो थातथलो भए पनि नयाँ श्रृष्टि गर्नुपरेकाले दैनिक गुजारा चलाउनसमेत उहाँहरूले सङ्घर्ष गर्नुपरेको छ। दैनिक ज्यालादारी र बेसाह खोजेर घर चलाउनुभएको छ । नेपाली पुरानो मान्यताअनुरूप घरका मानिस गुमाएको एक वर्षसम्म मूलघरमै बस्नुपर्छ-छोड्न मिल्दैन भन्ने भएपछि उहाँहरू पुरानो घर फर्कनुभएको हो।

सहिद घोषणा गरेपछि राज्यले उपलब्ध गराउने रकम रु १५ लाख भने प्राप्त गरिसक्नुभएको छ। जेनजी पुस्ताको आन्दोलनका बलमा वर्तमान सरकार गठन भएको आजै मात्र १०० दिन पुगेको छ।

यसबीचमा जेनजी पुस्ताले आन्दोलनका क्रममा उठाएका माग सम्बोधन गर्दै जाने सिलसिलामा जेनजी र सरकारबीच १० बुँदे सहमति भएको छ। त्यसमा सरकारले निर्धारित समयमा चुनाव गराउने, वित्तीय अनुशासन र सुशासनका लागि ठोस कदम चाल्ने तथा ऐतिहासिक परिवर्तनलाई संस्थागत गर्ने विषय उल्लेख छ।

सुशासन सहिद उमेशकी आमा रुँदै भन्नुहुन्छ, "कान्छो निधनपछि मन आतिएको छ, शरीर छटपटिन्छ, सरकारले आफैँले बुझेर के गर्दा जनता र देशको भलो हुन्छ, त्यो गरोस् कसैलाई केही भन्न र गर्न सक्दिन ।" राजनीतिक दल, सरकारले आफैँले जानेर गर्नुपर्ने काम गर्न फेरि पनि युवाले दबाब दिनुपर्ने र ज्यान गुमाउन पर्ने अवस्था सदाका लागि अन्त्य होस् भन्ने उहाँको सरकारलाई सुझाव छ।


सहरका अरु युवापुस्ताझैँ खानपिनमा मःम र पिज्जा मनपराउने उमेशलाई अनेक दुःख गरेर भए पनि आमाबाले त्यो पुऱ्याउनुभएको थियो । उमेशकी आमा भन्नुहुन्छ, "छोरालाई बिरामी हुँदा सानोमा धेरै दुःख गरेँ विभिन्न रोगबाट बचाएँ, अहिले आन्दोलनको गोलीबाट बचाउन सकिन।"रासस

# कण्ठरोग निवारणमा सफलता : गलगाँडको समस्या शून्य

काठमाण्डु । पछिल्ला दशकका नेपालले गलगाँड (इन्डेमिक गोइटर) अर्थात् कण्ठरोग निवारणमा ऐतिहासिक सफलता प्राप्त गरेको छ । विगतमा आयोडिनयुक्त नुनको अभावका कारण पहाडी एवं हिमाली भू-भागका बहुसंख्यक नागरिकले गलगाँड रोगको चरम समस्यालाई झेल्नुपर्दथ्यो । घाँटीको अघिल्लो भागमा गलगाँड (डल्लो) नहुनुलाई अस्वाभाविक ठानिन्थ्यो। गलगाँडलाई एक प्रकारले सुन्दरताको प्रतीक मानिन्थ्यो।

यस्तो विकृतिका विरुद्धमा सरकारले कण्ठरोग नियन्त्रण कार्यक्रम मार्फत् आयोडिनयुक्त नुनको वितरण अभियानलाई देशव्यापि सञ्चालन गरेपछि पछिल्लो दशकमा गलगाँडको समस्या शून्यमा झरेको छ । नेपाल स्वास्थ्य अनुसन्धान परिषद्को पछिल्लो अध्ययन प्रतिवेदनका अनुसार आयोडिनयुक्त नुनको पहुँच लगभग शत प्रतिशत पुग्दा आयोडिनयुक्त नुनको कमीबाट देखिने गलगाँडको समस्या निवारण भएको हो।

सरकारको आयोडिनयुक्त नुनको सर्वसुलभ पहुँच आम नागरिकसम्म पुऱ्याउने नीति र यस नीतिलाई कार्यान्वयन गर्ने साल्ट ट्रेडिङ कर्पोरेशनको चुस्त वितरण व्यवस्थापनका कारण ग्रामीण क्षेत्रमा गलगाँडको समस्या शून्यमा झरेको हो । उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय तथा स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको प्राथमिकता प्राप्त कार्यक्रममा 'कण्ठरोग निवारण कार्यक्रम' छ । राष्ट्रिय योजना आयोगद्वारा गरिएको सो कार्यक्रमको '



आन्तरिक मूल्याङ्कन प्रतिवेदन २०७३' अनुसार दुर्गम क्षेत्रमा साल्ट ट्रेडिङ कर्पोरेशनको चुस्त नुन वितरण प्रणालीका कारण कार्यक्रमले सफलता पाएको हो।

हाल उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले आयोडिनयुक्त नुनको आपूर्ति तथा वितरण प्रणाली र स्वास्थ्य मन्त्रालयले गलगाँडका रोग पहिचान तथा उपचारमा ध्यान दिने गरेका छन् । स्वास्थ्य मन्त्रालयका प्रवक्ता डा प्रकाश बुढाथोकीका अनुसार पछिल्ला दशकमा विशेष गरेर पहाडी एवं हिमाली क्षेत्रमा आयोडिनको कमीले हुने गलगाँड शून्यमा झरेको छ भने अन्य 'हाइपरथाइरोइडिज्म', मानसिक तथा शारीरिक क्षमतामा कमी आउने समस्यामा गिरावट हुँदै गएका छन्।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका अनुसार आर्थिक वर्ष २०७०/०७१देखि गत आर्थिक वर्षसम्म कण्ठरोग निवारणका कार्यक्रमले शत प्रतिशत नै सफलता प्राप्त गरेको छ। अर्थात् दुर्गम हिमाली तथा पहाडी भुगोल भएका २२ जिल्लामा आयोडिनयुक्त नुनको सुलभ, सहज आपूर्ति मार्फत तथा आम जनताको सहज पहुँच पुऱ्याएकाले कार्यक्रमले सफलता प्राप्त गरेको हो। ती जिल्लामा विशेष गरेर गलगाँडको जोखिम रहने एवं समस्या हुन सक्ने सम्भावित आँकलन समेत गरिएको छ।

गत आवमा मात्र मन्त्रालयले कर्पोरेशनमार्फत् एकलाख दुई हजार ५०० क्विन्टल नुनको सहज आपूर्ति गरेको थियो । मन्त्रालयका सहसचिव शिवराम पोखरेल आयोडिनयुक्त नुनको आपूर्ति र वितरण प्रणालीमा साल्ट ट्रेडिङ कर्पोरेशनको भूमिका ऐतिहासिक रहेको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ "कर्पोरेशनको चुस्त वितरण र व्यवस्थापन तथा आपूर्ति प्रणाली सहज भएकाले आम जनताको सहज पहुँचमा आयोडिन युक्त पुऱ्याउन सरकार सफल भएको हो । सरकारले मागका आधारमा दुर्गम क्षेत्रमा नुनका आपूर्ति पनि बढाउँदै लगेको छ। " आव २०७०/०७१मा दुर्गमका २२ जिल्लामा ५९ हजार ५७३ क्विन्टर पुऱ्याइएको थियो।

**भन्साभान्सामा आयोडिनयुक्त नुन**

कालिकोट, तिलागुफा नगरपालिकाका प्रमुख शंकरप्रसाद उपाध्याय आयो नुनको पहुँच नगरवासीको भन्साभान्सासम्म पुगेको बताउनुहुन्छ । उहाँभन्नुहुन्छ "अब सहुलियत दरको नुन वितरणको जिम्मा पालिकालाई नै दिनुपर्छ । आगामी दिनमा आयोडिनयुक्त नुनको चुस्त वितरण र व्यवस्थापन गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले दुर्गम जिल्लामा नुनको बिक्री डिपो थप गर्नुपर्छ । यसका लागि समन्वय गर्न पालिका तयार रहेका छन् ।" तिलागुफा-१ का वडाध्यक्ष मनबहादुर बुढा गाउँमा 'ढिके नुन खानु हुँदैन, यसमा आयोडिन हुँदैन' सचेतना बढेको, ढिके नुन बस्तुभाउलाई खुवाउन छाडिएको बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ, "आयोडिनयुक्त नुनका बारेमा सचेतना त पुग्यो तर अझ सर्वसुलभ पहुँच पुग्न कठिन नै छ ।रासस

## खैरो हिरोइन बरामद

**टुडे समाचारदाता**

वीरगञ्ज । प्रहरीले वीरगन्जबाट लागुऔषध खैरो हेरोइन तस्करीमा संलग्न एक भारतीयसहित चार जनालाई पक्राउ गरेको छ।

प्रहरी चौकी बसपार्क र लागुऔषध नियन्त्रण ब्युरो वीरगन्जको संयुक्त प्रहरी टोलीले शंकास्पद रूपमा हिँडिरहेका व्यक्तिहरुलाई खानतलाशी गर्दा वीरगन्ज महानगरपालिका-१९ विन्दवासिनीका ३० वर्षीय शम्भू राउत कम्करको साथबाट लागुऔषध खैरो हेरोइन फेला परेको थियो। उक्त हेरोइन प्लास्टिकसहित ४५ ग्राम परिमाणमा रहेको छ।

पक्राउ परेकाहरुमा वीरगन्ज-१६ का १९ वर्षीय चन्दनकुमार पंडित, पर्सा बहुदरमाई नगरपालिका-१ का ४० वर्षीय राजकिशोर मिश्रा र भारत बिहार राज्य मोतिहारी जिल्ला छटौनी थाना वडा नं ६ का २७ वर्षीय सचिन सिंह छन्। उनीहरुलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको पर्सा प्रहरीका प्रवक्ता डीएसपी राजु कार्कीले जानकारी दिएका छन्।

## ब्राउनसुगरसहित ४ युवक पक्राउ



**टुडे समाचारदाता**

लहान । सिराहाबाट प्रहरीले छुट्टाछुट्टै स्थानबाट २२ ग्राम ब्राउन सुगरसहित ४ जना युवकलाई नियन्त्रणमा लिएको छ।

प्रहरीले धनगढी माई नपा ८ कसहाबाट ६ ग्राम ५ सय मिलिग्राम र लहान २३ बाट १६ ग्राम ५ मिलिग्राम लागु पदार्थसहित उनीहरूलाई पक्राउ गरेको हो।

विशेष सूचनाको आधारमा प्रहरीले कसहा-वसन्तपुर भित्री सडक अन्तर्गत धनगढीमाई नगरपालिका ८ कसहाबाट ६ ग्राम ५ सय मिलिग्राम ब्राउन सुगरसहित दाङ घर भएका २९ वर्षीय देवराज वली र सिन्धुली कमलामाई नगरपालिका ६ रातामाटाका ३४ वर्षीय सुशील अधिकारीलाई पक्राउ गरेको हो।

अस्थायी प्रहरी पोस्ट कसहा र लागूऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय गोलबजारबाट खटिएको प्रहरीले शङ्का लागि ज.१ ह ३९३० नम्बरको अटोमा सवार उनीहरूलाई जाँच गर्दा उक्त पदार्थ फेला परेको प्रहरीले जनाएको छ।

त्यसैगरी,लहान २३ गढिया चोकबाट स्थानीय ३६ वर्षीय विजयकुमार साह र ३१ वर्षीय सुरेन्द्रकुमार दासलाई १६ ग्राम ५ मिलिग्राम ब्राउन सुगरसहित बिहीबार बेलुका पक्राउ गरेको जिल्ला प्रहरी कार्यालय सिराहाका निमित्त सूचना अधिकारी ओमप्रकाश पण्डितले जानकारी दिए।

विशेष सूचनाको आधारमा लागुऔषध नियन्त्रण ब्युरो शाखा कार्यालय गोलबजार समेतबाट खटिएको प्रहरी टोलीले उनीहरूलाई उक्त पदार्थसहित पक्राउ गरेको प्रहरीले जनाएको छ। प्रहरीले यस सम्बन्धमा थप अनुसन्धान गरिरहेको जनाएको छ।

ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| मेष : | प्रेम र मित्रताको बन्धन कसिनुका साथै दाम्पत्य सुखमा रमाउने समय छ। |
| वृष : | आफ्नो अधिकारको लागि लड्नुपर्ने छ। शत्रुहरु पराजित हुनेछन्। |
| मिथुन : | काम गर्ने जोश, जाँगर र आत्मबल बढ्नेछ। सुखद समाचार सुन्न पाइनेछ। |
| कर्कट : | परिवारजनको सहयोगले फाइदा लिन सकिनेछ। सन्तानले प्रसन्नता दिलाउनेछ। |
| सिंह : | व्यापार व्यवसायबाट पनि फाइदा हुनेछ। |
| कन्या : | दाम्पत्य जीवनमा खुसियाली छाउनेछ। पारिवारिक सम्बन्धमा सुधार आउनेछ। |
| तुला : | सामाजिक मानसम्मान पाइने समय छ। |
| वृश्चिक : | सोचेको आटेको काममा सफलता मिल्नेछ। |
| धनु : | व्यापार व्यवसायबाट राम्रो लाभ मिल्ने योग छ। पढाइ लेखाइमा प्रगति हुनेछ। |
| मकर : | मान्यजनको सुझावले नयाँ काममा हात लागनेछ। |
| कुम्भ: | धेरैले सहयोग गर्ने तत्परता देखाउने छन्। |
| मीन : | स्वादिष्ट भोजनको आनन्द मिल्नेछ। विशिष्ट व्यक्तित्वसंग भेटघाट हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**

बिहान :- ८:३० बजे

दिउँसो :- ११:४६ बजे

बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**

बिहान :- १०:०० बजे

दिउँसो :- १३:४५ बजे

बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



अन्ध्यारोमा जनकपुरधामको शहिद गेट : कुनै बेला आफनो सुन्दरताले आन्तरिक तथा वाह्य पर्यटकलाई केहि क्षण बस्न बाध्य बनाउने शहिद गेट अहिले अन्ध्यारोमा छ। *तस्बिर : संजय कुमार यादव*

# विदेह सामुदायिक संस्थाद्वारा योगदानकर्ताहरू सम्मानित

**टुडे समाचारदाता**

जनकपुरधाम । विदेह सामुदायिक संस्थाले विदेह नगरपालिका अन्तर्गत विभिन्न क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका व्यक्तिहरूलाई सम्मान गरेको छ। संस्थाले शनिबार विदेह नगरपालिका वडा नं. ९ इटहर्वाको पाण्डेय टोलस्थित रामजानकी मन्दिर तथा धर्मशालामा एक कार्यक्रम आयोजना गरी फुलमाला र अबिर लगाएर उनीहरूलाई सम्मान गरेको हो।



सम्मान कार्यक्रम विदेह नगरपालिकाका सम्मानित व्यक्ति राघवेन्द्र चौधरी (राघो मुखिया) को अध्यक्षतामा सम्पन्न भएको थियो । कार्यक्रममा जनकपुरधाममा दुःखी तथा गरिबहरूको सेवामा सक्रिय रहँदै नेपाल-भारत मैत्री सम्बन्ध मजबुत बनाउन योगदान पुऱ्याएको भन्दै क्लोथ बैंक नेपाल तथा नेपाल-भारत खुला सीमा संवाद समूहका अध्यक्ष डा. राजीव झालाई विशेष रूपमा सम्मान गरिएको थियो।

सम्मान ग्रहण गर्दै राष्ट्रिय मुक्ति पार्टीका केन्द्रीय उपाध्यक्षसमेत रहेका डा. झाले यस सम्मानले आफ्नो क्षेत्रमा अझ बढी जिम्मेवारी थपिएको अनुभूति भएको बताए । उनले क्षेत्रका बासिन्दाले गरेको कदरलाई जिम्मेवारीपूर्वक निर्वाह गर्ने प्रतिबद्धता व्यक्त गरे ।

उनले भने, "आफू कुनै जिम्मेवारीमा नरहेकै अवस्थामा पनि पार्टी अध्यक्ष राजेन्द्र महतो क्षेत्र नं. ३ का सांसद हुँदा यस टोलमा मन्दिर र धर्मशाला निर्माणदेखि सडक निर्माणका लागि करोडौँ रुपैयाँ बजेट विनियोजन गराउन सफल भएको थिएँ। चिसो महिनामा दलित समुदायलाई कम्बल वितरणलगायतका काम पनि गरिएको छ। यदि म जिम्मेवारीमा आएँ भने यसभन्दा अझ बढी काम गर्नेछु।" डा. झाले क्षेत्र नं. ३ बाट प्रतिनिधिसभा निर्वाचन लड्ने तयारी गरेको बताउँदै सबैको साथ र सहयोग पाए उम्मेदवारका रूपमा अगाडि बढ्ने स्पष्ट पारे।

इटहर्वास्थित प्राणेश्वर महादेव मन्दिरका महन्त शिव नारायण पुरीको प्रमुख आतिथ्यतामा सम्पन्न कार्यक्रममा नगरपालिकामा विभिन्न क्षेत्रमा योगदान दिएका जयप्रकाश कुसयैत, विनोद ओझा, प्रेमचन्द्र झा, राजेन्द्र झा, विनय कुसयैत, जिबछ तिवारी, जागेश्वर राउत, जुमराती नदाफ, सियालाल पास्वान, कुसे मण्डल, श्रावण कुसयैत, रत्नेश मण्डल, वीरेन्द्र सिंह, रसुल कबारी, सुखी ठाकुर, सत्रोहन ठाकुर, रामहृदय साह, अवधेश तिवारी, रामचन्द्र मण्डल, सत्यनारायण पाण्डे, सहदेव यादव, अशोक कामती, अरबिन्द कुमार ठाकुर, पप्पु ठाकुर, हेमशंकर ठाकुरलगायतलाई पनि सम्मान गरिएको थियो।

संस्थाका प्रतिनिधि उदय पाण्डेयले सञ्चालन गरेको कार्यक्रममा पार्टीका जिल्ला उपाध्यक्ष विनोद ठाकुर, जिल्ला समन्वय समितिका पूर्व उपसभापति दीपक झालगायतको उपस्थिति रहेको थियो।

# मोनास्टिकको ४०औँ वार्षिकोत्सवमा रक्तदान, ४२ जनाको सहभागिता

**टुडे समाचारदाता**

जनकपुरधाम। जनकपुरधामको केन्द्रमा अवस्थित तथा शैक्षिक क्षेत्रमा लामो समयदेखि योगदान दिँदै आएको मोनास्टिक आवासीय माध्यमिक विद्यालयले आफ्नो ४०औँ वार्षिकोत्सवको अवसरमा रक्तदान कार्यक्रम आयोजना गरेको छ।

सामाजिक उत्तरदायित्वअन्तर्गत विद्यालय परिसरमै आयोजना गरिएको उक्त शिक्षक, स्वास्थ्यकर्मी, कर्मचारी, विद्यार्थीका अभिभावक तथा स्थानीय समाजसेवीहरू रहेका थिए। सहभागी सबै रक्तदाताप्रति विद्यालय प्रशासनले आभार व्यक्त गर्दै यस्ता मानवीय तथा सामाजिक कार्यक्रमले समाजमा सकारात्मक सन्देश प्रवाह गर्ने विश्वास व्यक्त गरेको छ।

विद्यालय प्रशासनका अनुसार शिक्षा मात्र नभई सामाजिक सेवामा समेत विद्यालयलाई अग्रणी बनाउने



रक्तदान कार्यक्रम शनिबार बिहान ९ बजेदेखि दिउँसो १२ बजेसम्म सञ्चालन भएको थियो।

कार्यक्रममा विद्यालयकी प्रधानाध्यापिका डा. शिखा नायक र विद्यालयकी संस्थापक श्रीमती विणा साहको विशेष उपस्थिति रहेको थियो।

कार्यक्रममा विद्यालयका शिक्षक-कर्मचारी, अभिभावक तथा सर्वसाधारणको उल्लेखनीय सहभागिता रहेको थियो। रक्तदान कार्यक्रममा ४२ जनाले रक्तदान गरी जीवनरक्षामा महत्वपूर्ण योगदान पुऱ्याएका छन्। आयोजकका अनुसार कार्यक्रम अनुशासित, सुरक्षित तथा भव्य वातावरणमा सम्पन्न भएको हो।रक्तदान गर्नेहरूमा उद्देश्यले यस्ता कार्यक्रमहरू निरन्तर सञ्चालन गरिँदै आएको छ।भविष्यमा पनि रक्तदान, स्वास्थ्य शिविर, सरसफाइ अभियानजस्ता सामाजिक उत्तरदायित्वका कार्यक्रमलाई निरन्तरता दिइने प्रतिबद्धता विद्यालयले जनाएको छ।स्थानीय बासिन्दाहरूले पनि विद्यालयको यस पहलको प्रशंसा गर्दै शैक्षिक संस्थाले समाजप्रति निभाउने दायित्वको उदाहरणीय अभ्यास भएको प्रतिक्रिया दिएका छन्। मोनास्टिक आवासीय माध्यमिक विद्यालयको ४० वर्षे यात्रामा यस किसिमको मानवीय कार्यले थप गरिमा थपेको उनीहरूको भनाइ छ।

# पूर्वराष्ट्रपति भण्डारीद्वारा एमाले नेतृत्वलाई बधाइ



काठमाण्डु । पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीले नेपाल कम्युनिष्ट पार्टी (एमाले)को ११औँ राष्ट्रिय महाधिवेशनबाट नवनिर्वाचित अध्यक्ष केपी शर्मा ओलीलगायत पदाधिकारी र सदस्यलाई बधाइ दिनुभएको छ।

एमालेका पूर्वउपाध्यक्षसमेत रहनुभएका भण्डारीले लोकतान्त्रिक प्रतिस्पर्धाका माध्यमबाट पार्टीले नयाँ नेतृत्व चयन गर्नु आफैँमा एमालेको सङ्गठनात्मक परिपक्वता र जनताको बहुदलीय जनवाद (जबज)को जीवन्त अभ्यास भएको टिप्पणी गर्नुभएको छ। "यस महाधिवेशनमा विचार, निष्ठा र पद्धतिप्रति प्रतिबद्ध रहँदै प्रतिस्पर्धामा सहभागी हुनुभएका सम्पूर्ण नेता तथा कार्यकर्ताप्रति पनि हार्दिक धन्यवाद, लोकतन्त्रमा प्रतिस्पर्धा स्वाभाविक र आवश्यक प्रक्रिया हो, जसले संस्थालाई थप सुदृढ र जीवन्त बनाउँछ", पूर्वराष्ट्रपति भण्डारीले जारी गरेको सन्देशमा भनिएको छ, "निर्वाचित नयाँ नेतृत्वले पार्टीले अवलम्बन गरेको सिद्धान्त 'जनताको बहुदलीय जनवाद'को मार्गदर्शनमा आन्तरिक लोकतन्त्र, सामूहिक नेतृत्व र सङ्गठनात्मक एकतालाई अझ सुदृढ बनाउँदै पार्टीलाई अघि बढाउने विश्वास लिएको छु।"रासस

# नेपाल–चीन संयुक्त सुरक्षा गस्ती



काठमाण्डु । उत्तरी चीनको स्वशासित क्षेत्र तिब्बतसँग सीमाना जोडिएको (नेपाल-चीन) उत्तरी कोरला सीमा क्षेत्रमा शुक्रबार संयुक्त सुरक्षा गस्ती गरिएको छ। हिउँदयामको माइनस डिग्री तापक्रमको परवाह नगरी सीमा क्षेत्रमा कार्यरत (नेपाल-चीन) संयुक्त सुरक्षा अधिकारीले कोरला सीमा क्षेत्रको निगरानी बढाउन गस्ती नियमित गस्ती थालेका हुन्।

यहाँ स्थित (नेपाल-चीन) कोरला सीमा क्षेत्रअन्तर्गत डोल्पातर्फ पर्ने २१, २२, २३ र २४ नं सीमा स्तम्भ क्षेत्रमा संयुक्त गस्ती गरिएको सशस्त्र प्रहरी बल ३३ नं गुल्म हेडक्वाटर जोमसोमका प्रमुख सशस्त्र प्रहरी नायब उपरीक्षक भेषराज गिरीले जानकारी दिनुभयो । उहाँका अनुसार हिउँदयामका समयमा सीमा क्षेत्रमा हुनसक्ने सम्भावित अपराध नियन्त्रण, अवैध चोरी निकासी, अवैध चोरीसिकारी, सीमा क्षेत्रको शान्तिसुरक्षा र सीमाक्षेत्रमा अवाञ्छित गतिविधि नियन्त्रण गर्ने उद्देश्यले (नेपाल-चीन) संयुक्त निगरानी गस्ती गरिएको र यो हिउँदयामभरी नियमित रहने जनाइएको छ।

कोरलास्थित सीमा क्षेत्रमा सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी) र कोरलास्थित चिनियाँ सुरक्षा अधिकारीको संयुक्त टोलीले यहाँको नेपाल-चीन चार वटा सीमास्तम्भको संयुक्त सुरक्षा गस्ती गरिएको सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी) नेचुङका इन्चार्ज एवं सशस्त्र प्रहरी निरीक्षक अरुण भण्डारीले उल्लेख गर्नुभयो।

कोरला सीमा क्षेत्रको शान्तिसुरक्षा र निगरानी बढाउन बिओपी इन्चार्ज भण्डारीको कमाण्डमा १० जना र चीनतर्फ क्याप्टेन गेसाङ डुन्ड्रबको कमाण्डमा पाँच गरी १५ जनाको संयुक्त सुरक्षा टोली खटिएको बिओपी नेचुङले जनाएको छ।हिउँदयामको मौसममा नेपाल-चीनतर्फ पर्ने सबै सीमास्तम्भको नियमित संयुक्त सुरक्षा गस्ती गरिने योजना रहेको सशस्त्र प्रहरीले जनाएको छ । हिउँदयामको मौसममा कोरला नाका तथा अन्य सीमास्तम्भमा कोही नभएको मौका छोपी लुकीछिपी अवैध क्रियाकलाप हुनसक्ने अवस्था रहेकाले निगरानीका लागि सीमा गस्ती गर्नुपरेको जनाइएको छ।

कोरलास्थित मुस्ताङ र चीनतर्फ सीमा जोडिएका सीमास्तम्भमा पुगेर नेपाल-चीनका संयुक्त सुरक्षा अधिकारीले नियमित गस्ती गरेका छन्। यहाँ चीनसँग सीमाना जोडिएका डोल्पातर्फ १८ देखि २३ र मनाङतर्फ २५ देखि ३३ नं सीमा स्तम्भ पर्दछन्। नेपाल-चीन २४ नं सीमा क्षेत्र ट्रान्जिट प्वाइन्ट एवं दशगजा क्षेत्र हो।

यसअघि गत आइतबार अन्नपूर्ण संरक्षण आयोजना, इलाका संरक्षण कार्यालय (एक्याप) लोमान्थाङसहित सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट (बिओपी) र छोसेर प्रहरी चौकीका सुरक्षाकर्मीले सेताम्मे हिउँमा २५ देखि २८ नं सम्मको सीमास्तम्भमा पुगेर संयुक्त सुरक्षा गस्ती गरेका थिए।रासस

# जनहित र मुलुकको पक्षमा काम गर्नेलाई मतदान गर्न मन्त्री खरेलको आग्रह

पाटन। सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले आगामी फागुन २१ गतेको प्रतिनिधिसभा सदस्य निर्वाचनमा जनता र मुलुकको पक्षमा काम गर्ने र सकरात्मक परिवर्तन ल्याउनसक्ने व्यक्तिलाई मतदान गर्न सबैलाई आग्रह गर्नुभएको छ।

ललितपुरको इमाडोलस्थित युरो किड्स विद्यालयद्वारा शनिबार आयोजित अभिभावक दिवसमा मन्त्री खरेलले आगामी फागुन २१ गते हुने निर्वाचनमा मतदान गर्दा सकारात्मक परिवर्तन ल्याउनसक्ने नेतृत्व छनोट गर्नुपर्नेमा जोड दिनुभयो। "युवा देश छोडेर विदेशिनुपर्ने अवस्थाको अन्त्यका लागि नेतृत्व छनोटमा आमनागरिक सचेत हुनुपर्छ। सकारात्मक परिवर्तन गर्नसक्ने नेतृत्वले मुलुकभित्र शिक्षा, स्वास्थ्य, रोजगारीलगायत क्षेत्रमा जनहित अनुसार काम गर्न सक्छ", उहाँले भन्नुभयो।

परिवार छोडेर विदेशिनुपर्ने पीडादायी वर्तमान अवस्थालाई चिर्न अबको पुस्ताले स्वदेशमा बसेर काम गर्नसक्ने वातावरण बनाउनुपर्नेमा मन्त्री खरेलले जोड दिनुभयो। "यसका लागि सचेत भएर योग्य र सक्षम नेतृत्व चयन गरौँ। सधैँ अरुलाई दोष लगाएर हुँदैन, काम नगर्नेलाई तिरस्कार गरौँ। वर्तमान सरकारको पहिलो प्राथमिकता तोकिएको समयमा निर्वाचन गराउनु हो, तपाईँहरूले सही नेतृत्व चयन गर्नुहोला", उहाँले भन्नुभयो।

सरकारका प्रवक्तासमेत रहनुभएका मन्त्री खरेलले पछिल्लो समय सामाजिक सञ्जालको प्रयोग र आधुनिकताले नातिनातिना र हजुरबुबा हजुरआमाबीचको सम्बन्ध टुट्दै गएकाले सामिप्यता र आत्मियता हराउँदै गएको धारणा राख्नुभयो। "समाजले संयुक्त परिवारबाट एकात्मकतातिर बढावा दिँदै गएको छ, यसले हाम्रो संस्कार, संस्कृति र सभ्यतामाथि प्रहार हुँदै गएको छ", उहाँले भन्नुभयो।

मन्त्री खरेलले नयाँ पुस्ता र ससाना नानीबाबुलाई राम्रो सभ्यता र संस्कार सिकाउन विद्यालयले पनि जोड दिनुपर्नेमा बताउनुभयो। उहाँले असल संस्कारले असल नागरिक बनाउने भन्दै असल नागरिकले समाज र मुलुकलाई सफल बनाउने धारणा राख्नुभयो।रासस

# बालश्रम अन्त्यका लागि सरकार र नागरिक समाजले हातेमालो गर्न आग्रह

काठमाण्डु । राष्ट्रिय बालअधिकार परिषद्का उपाध्यक्ष बमबहादुर बानियाँले बालश्रम बालअधिकारको गम्भीर उल्लङ्घन हुँदै आएकाले श्रमिक बालबालिकाको सुरक्षा, सशक्तीकरण तथा भविष्य निर्माणका लागि हातेमालो गर्न आग्रह गर्नुभएको छ।



राष्ट्रिय बाल संरक्षण सञ्जाल र शिक्षा अधिकार अनुगमन समूहको आयोजनामा, लुनिभा, सिविस, बालविकास समाज, स्वतन्त्रता अभियान तथा बालकल्याण समाज मकवानपुरको सहकार्यमा 'बालश्रम अन्त्यका लागि शिक्षाः अन्तरसम्बन्ध र प्रभाव' विषयक छलफल कार्यक्रममा उपाध्यक्ष बानियाँले परिषद्का तर्फबाट खेलिनुपर्ने भूमिका सक्रियतापूर्वक खेलिएको बताउनुभयो।

परिषद्ले संरक्षणविहीन बालबालिकाको उद्धार तथा पुनःस्थापना, श्रमिक बालबालिकाको शिक्षासहित अधिकार सुनिश्चित गर्न सङ्घ, प्रदेश र स्थानीय तहबीच समन्वय मजबुत बनाउँदै कार्य गरिरहेको छ। शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयका उपसचिव शङ्कर अधिकारीले विद्यालयमा 'ड्रपआउट' घटाउने, सार्वजनिक शिक्षाको गुणस्तर सुधार गर्ने तथा शिक्षामार्फत बालश्रम न्यूनीकरण गर्न सरकार लागिपरेको बताउनुभयो।


श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयका उपसचिव जितेन्द्रप्रसाद शर्माले मन्त्रालयले क्षेत्रगत पद्धति अवलम्बन गर्दै स्थानीय तहसँग सहकार्य गरी बालश्रममुक्त स्थानीय तह घोषणा कार्यविधि, २०७७ अनुसार बालश्रममुक्त स्थानीय तह घोषणा गर्ने काम भइरहेको जानकारी दिनुभयो।बालअधिकार अभियानकर्मी मिलनराज धरेलले नेपालमा बालश्रमको अवस्था विश्लेषण गर्दै शिक्षामा पहुँच वृद्धि र टिकाउपन सुनिश्चित गर्ने, कानुनको प्रभावकारी कार्यान्वयन गर्ने, बहुक्षेत्रीय समन्वय सुदृढ गर्ने तथा परिवार र समुदाय सशक्तीकरण गर्दै बालश्रम अन्त्य गर्न सकिने बताउनुभयो।

शिक्षा अधिकार अनुगमन समूहका राष्ट्रिय संयोजक तथा एनएसिजीका सहअध्यक्ष नरेन्द्र डङ्गोलले कार्यपत्र प्रस्तुत गर्दै बाल संरक्षण प्रणाली र परिवारका लागि सामाजिक-आर्थिक सहयोग आवश्यक भएको बताउनुभयो।नागरिक समाजकोतर्फबाट एनएसिजीकी अध्यक्ष ऋतु भट्टराईले श्रमिक बालबालिकालाई शिक्षामा रूपान्तरण गर्ने छ। रासस









**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।**
**जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

**सम्पादकीय**

# विश्वास कायम राख्नु

मधेश प्रदेशका मुख्यमन्त्री कृष्णप्रसाद यादवले प्रदेश सभामा विश्वासको मत लिएका छन् । प्रदेश सभामा उपलब्ध रहेका सबै ९२ जना सांसदले उनलाई विश्वास गरे । सबै सांसदले विश्वासको मत दिएर मुख्यमन्त्री यादवलाई प्रदेशको विकास निर्माणमा सबैलाई समेटेर अगाडि बढ्ने सन्देश दिएको छ । यस अघि दुई जना मुख्यमन्त्रीले प्रदेश सभाबाट विश्वासको मत प्राप्त गर्न नसकेर राजीनामा गरेका थिए। लोकतान्त्रिक समाजवादी पार्टी नेपालका सांसद जितेन्द्र सोनलले बहुमत सांसदको समर्थनमा मुख्यमन्त्री नियुक्त भएका थिए । तर विश्वासको मत लिने बखत उनलाई मुख्यमन्त्री बन्न समर्थन गर्ने चार जना सांसदले असहयोग गरेका थिए । परिणाम स्वरुप उनी बहुमत प्राप्त गर्ने स्थिति बनेन । सोनलले राजीनामा दिएपछि मधेश प्रदेशमा बनेका मुख्यमन्त्री सरोज कुमार यादवले पनि प्रदेश सभामा विश्वासको मत लिन असफल भए। उनको नियुक्ति, सपथग्रहण र विश्वासको मत लिने प्रक्रिया अत्यन्त आलोचित र विवादास्पद बनेको थियो। यादव मुख्यमन्त्री नियुक्त हुँदा तत्कालीन प्रदेश प्रमुख सुमित्रा सुवेदी भण्डारी बर्खास्त भएकी थिइन् । सभामुख रामचन्द्र मण्डल पनि महाअभियोग लागेर पदमुक्त भएका थिए । त्यसपछि सर्वोच्च अदालतको आदेश बमोजिम विश्वासको मत लिने प्रयास गर्दा प्रदेश सभाको बैठकलाई एमाले बाहेकका सबै दलले बहिष्कार गरेका थिए। ती सबै क्रियाकलाप गैरसंसदीय र अलोकतान्त्रिक थियो। त्यसपछि नेपाली कांग्रेस संसदीय दलका नेता कृष्ण प्रसाद यादव लोकतान्त्रिक विधि र प्रक्रिया अनुरुप मुख्यमन्त्री नियुक्त भए। प्रदेश सभामा उनलाई सबै सांसदले विश्वासको मत दिए। सबै दलले समर्थन जनाएपछि मुख्यमन्त्री यादवमाथि सबै दललाई विश्वासमा लिएर प्रदेशको विकास निर्माणमा सहभागी गराउने जिम्मेवारी थपिएको छ । उनले प्रदेश सभामा मात्र नभइ सरकारले गर्ने विकास निर्माण, नीति निर्माणलगायतका कार्यहरुमा सबै दलको साथ लिनु पर्छ। मधेश प्रदेशमा पर्यटन, कृषि, शिक्षा, स्वास्थ्य, पूर्वाधारलगायतका क्षेत्रमा धेरै काम गर्नुपर्ने छ। ती कामहरुले मधेश प्रदेशमा रोजगारी सृजना हुने र मधेश प्रदेशवासीको आयमा वृद्धि हुनेछ। प्रदेशको विकासमा सबै दल एकजुट भएर लाग्नु पर्ने छ । उपभोक्ता समिति बनाएर विकास निर्माणको कार्य गर्दा अत्यधिक विवादास्पद हुने भएकाले सरकार त्यसबाट सचेत रहनु पर्छ । विगतमा देखिएका कमीकमजोरीलाई सुधार गर्दै सरकारले सबैको साथ सबैको विकासको मन्त्रलाई आत्मसात गर्नुपर्छ । सरकारले गर्ने कामलाई अन्य दलहरुले पनि सकारात्मक सहयोग गर्नुपर्छ। देशको सात प्रदेशमध्ये मधेश प्रदेशलाई संघीयताको जननी मानिन्छ । पहिचानको आधारमा एकमात्र मधेश प्रदेशको नामकरण गरिएको छ। यो मधेश आन्दोलनको ठूलो उपलब्धी हो । सबैले विश्वासको वातावरण बनाएर अगाडि बढे मधेश प्रदेश देशको नमूना प्रदेशको रुपमा स्थापित हुनेछ।

# देशको दुरावस्थाको कारक भ्यागुतो रुपी नेता !



**प्रभाषचन्द्र झा**
**वरिष्ठ पत्रकार**

*"भद्रं भद्रं कृतं मौनम् कोकिलैजर्लदागमे ।*
*दर्दुरा : यत्र बत्कार : तत्र मौनम् हि शोभते ॥"*

अर्थात, बर्षात्रृतुको आगमण भएपछि भ्यागुतोको कर्कश स्वर वातावरणमा गुन्जिन थाल्छन् । भ्यागुतोको टर्र-टर्र आवाजबीच आफ्नो मीठो कर्णप्रिय स्वर विलिन हुने भयले कोइली बोल्न छोडी मौंनता ग्रहण गर्छन् ।

भ्यागुतो र कोइलीको स्वर प्रसङ्गलाई विश्लेषण गर्दा भ्यागुतोको स्वरले कोलाहलको वातावरण सृजना गर्छ, जसले गर्दा मानिसलाई खिन्नताको अनुभूति हुन्छ । तर, मानिसलाई कोइलीको मीठो स्वरसँग स्वर मिलाउने चाहना प्रष्फुटित भइरहन्छ । कोइलीको मधुर स्वरले वातावरण एक किसिमले सङ्गीतमय हुन्छ । मानिसको मनमस्तिष्क प्रसन्नताले नाँच्न थाल्छन् ।

### राजनीतिमा भ्यागुतो प्रवृति

नेपालको राजनीतिक क्षेत्रमा भ्यागुतो प्रवृतिको हालीमुहाली देखिन्छ । सो कारणले कोइलीरुपी व्यक्तिहरु मौंनता ग्रहण गर्न वाध्य छन् । भ्यागुतोरुपी नेताहरु जहिलेपनि सत्तामैं आसिन रहिरहने उद्दत रहन्छ। पार्टीको नेतृत्वदेखि सरकारको नेतृत्वमा आफ्नो पकड बनाउनका लागि आवश्यकता देखेपछि आफैंले स्थापना गरेको र नेतृत्वसमेत गरेका पार्टीको परित्याग गर्छन् । पार्टीका नेतृत्वसँगै प्रधानमन्त्रीसमेत भइसकेका तीन शीर्षनेताले आफ्ना मातृ पार्टीलाई परित्याग गरी नयाँ पार्टी गठन गरेका छन् । यसलाई भ्यागुतो प्रवृति किन नभन्ने ? व्यक्तिगत स्वार्थका लागि एक दलबाट अर्को दलमा उफ्रिने भ्यागुतोको कला कतिपय नेता र कार्यकर्ताले पनि आत्मसात गरेको देखिन्छ।

लोकतन्त्रबाट सङ्घीय गणतन्त्रमा पर्दापन गरेपनि देशका मुख्य दलका नेतृत्वकर्ताहरु सङ्कुचित मनोभावबाट माथि उठ्न सकेन् । त्यसले गर्दा पार्टीभित्र गुट निर्माण हुनु र अन्ततः दल फुटने गर्छन् ।

नेपालको राजनीतिमा झुठ, धोका, ठगी, भ्रष्टाचार, नातावाद, कृपावादको वर्चस्व देखिन्छ । बोलीको ठेगान नहुँदा शीर्ष नेताहरु नै विश्वसनीयता गुमाएका छन् । प्रजातन्त्रको पुनःस्थापनादेखि गणतन्त्रकालको यस अवधिसम्म आइपुग्दा कतिपय सज्जन एवम् निष्ठावान र पार्टीप्रति समर्पित जुझारु कार्यकर्ता एवम् नेता पछाडि धकेलिएपछि दलहरु सिद्धान्तविहीन अवस्थामा पुगेका छन् ।

मुलुकमा फागुन २१ गते निर्वाचनको तिथि तोकिएको छ । एकपल्ट, फेरि नेताहरु जनताबीच नयाँ नेपाल निर्माणगर्ने आश्वासन बाँड्ने छन् । जनता नपत्याएर के गर्ने ? जनताले आफ्ना मनको आक्रोस पोख्दै मतदान गर्नुबाहेक अरु के गर्न सक्छन् त ? बर्षा ऋतुमा जसरी भ्यागुतोले कर्कश ध्वनीको वलमा वातावरणमाथि बर्चस्व स्थापित गर्छ। त्यस्तै, सत्तामा अधिकांस भ्यागुतोरुपी नेताहरु निर्वाचनको समयमा रुप परिवर्तन गरी कोइलीजस्तै मधुर वचनले जनतालाई भ्रमित पार्ने रणनीति अपनाउनेछन् । जसरीपनि चुनाव जित्ने मनोवृतिले गर्दा समर्पित कार्यकर्ताको ठाउँमा जातीय र निर्वाचनमा अत्यधिक खर्च गर्न सक्ने व्यक्ति उम्मेद्वार बनाउने परिपाटी पुनः दोहरिने छ।

*"व : समय : भविष्यति इति जीवनस्य महत्तम :*
*मोह : अस्ति ।"*

अर्थात, भोलि राम्रो समय आउनेछ, यो जीवनको सवैभन्दा ठूलो भ्रम हो । हामी नेपाली यहि भ्रममा रह् यो नेपालमा गणतन्त्र आएपछि जीवन सुखमय हुनेछ। नेता पटक पटक गल्ति गरे, 'आज पछुतो गरेछ, भोलि सुध्रिने छ' भन्ने नेपाली जनता भ्रम पाल्दै रह्यो । निर्वाचनको बेलामा सवै कुरा विर्सेर पुनः उम्मेद्वारको सोही किसिमका अभिव्यक्तिमा सोझासाझा मतदाता भ्रमको जालमा फस्ने छन् ।

प्रजातन्त्रको पुनःप्राप्तिपछि नेताहरु नेपाललाई स्वीटजरलेण्डजस्तै विकसित बनाउने र एशियाकै सवैभन्दा धनी राष्ट्रको सूचिमा सूचिकृत गर्नेजस्ता मनमोहक नारा दिएका थिए । सामन्तविरुद्ध सर्वहारा र समाजवाद पक्षमा नारा दिने दलका नेताहरु हेर्दाहेर्दै सामन्तकै शैलीमा उच्चस्तरीय जीवन विताइरहेका छन् । जसको वलमा सत्तामा आरुढ हुँदै आएको छ, ति सर्वहारा र मध्यमवर्गका अधिकांस युवा खाँडीको मरुभूमिमा रगत र पसिना बगाउन बाध्य छन् । देशका सच्चा सपुत त उनीहरु नै हुन् । उनले आफ्ना घरपरिवार मात्रै धानेको छैन । व्यापारपनि फस्टाउनमा अहम् योगदान गरेको छ । विदेशबाट कमाएर ल्याएको रकमले खेत, घडेरी खरिद गर्ने, भवन निर्माणका साथै अतिआधुनिक सामानहरु खरिद गर्छन् । आवासीय विद्यालयमा सन्तानलाई पढाउँछन् । त्यतिकै कहाँ हो र, उनको विप्रेशनले मुलुकको अर्थतन्त्रको गाडीपनि हुँकिएको छ।

हामी निश्चयलाई त्याग गरी अनिश्चयको दौंडमा अगाडि बढ्यो । यस सन्दर्भमा नीतिशास्त्र भन्छ,

*"यो ध्रुवाणि परित्यज्य अध्रुवं परिषेवते ।*
*ध्रुवाणि तस्य नश्यन्ति चाध्रुवं नष्टमेव हि ।"*

> मुलुकमा फागुन २१ गते निर्वाचनको तिथि तोकिएको छ । एकपल्ट, फेरि नेताहरु जनताबीच नयाँ नेपाल निर्माणगर्ने आश्वासन बाँड्ने छन् । जनता नपत्याएर के गर्ने ? जनताले आफ्ना मनको आक्रोस पोख्दै मतदान गर्नुबाहेक अरु के गर्न सक्छन् त ? बर्षा ऋतुमा जसरी भ्यागुतोले कर्कश ध्वनीको वलमा वातावरणमाथि बर्चस्व स्थापित गर्छ । त्यस्तै, सत्तामा अधिकांस भ्यागुतोरुपी नेताहरु निर्वाचनको समयमा रुप परिवर्तन गरी कोइलीजस्तै मधुर वचनले जनतालाई भ्रमित पार्ने रणनीति अपनाउनेछन् ।

अर्थात, जसले निश्चयलाई छोडेर अनिश्चयमाथि निर्भर हुन्छ। उसको निश्चय नष्ट हुन्छ। अनिश्चय त स्वयं नष्ट हुन्छ नै। हामी नेपाली लोकतन्त्रलाई त्यागेर सङ्घीय गणतन्त्रको अभ्यासमा छौं। कतिपयले प्रत्यक्ष राष्ट्रपति वा प्रधानमन्त्री प्रणालीको आवाज उठाएका छन्। यो दौंडमा सम्मिलित भइयो भने निश्चित रुपमा अनिश्चयको घेरामा पर्ने सम्भावना प्रवल रहन्छ। यदि, प्रत्यक्ष प्रणाली असफल भयो भने गर्ने ?

त्यसपछि, कुन प्रणाली अपनाउने ? के पुनः जहाँबाट शुरु गरेका थियौं, त्यहिँ फर्कने ? के 'पुन : मुषक भवः ।' सो परिणति भोग्ने ? नेपालको राजनीतिक सन्दर्भमा उक्त, छोटो लोकोक्तिभित्र महत्वपूर्ण सन्देश लुकेको छ। ७५ बर्षको अवधिमा सातवटा संविधान जारी भएको छ। चारपटक व्यवस्था परिवर्तन भएको छ। अव, नयाँ व्यवस्थाको आवाज उठेको छ। तसर्थ, उक्त, लोकोक्तिको सन्देशमाथि गहन रुपमा विचार गर्नुपर्छ । उक्त लोकोक्ति एक कथासँग जोडिएको छ । जो यसप्रकार छ, एउटा मुसा क्रमशः बाघको रुप धारण गर्छ। अन्ततः फेरी 'मुसा' मैं फर्कनु पर्छ। किन पुनः मुसामैं फर्कनु पर्‍यो भन्ने विषयमा बुझ्नु आवश्यक छ। कुनै जङ्गलमा एक ऋषिको आश्रम थियो। ऋषि पूजाआसनमा बसेको बेला एउटा मुसा काँखमा आएर लुक्यो । मुसा डरेको थियो । उनले विरालोले मार्न खोजेको ऋषिलाई बताए । अनि, ऋषिले उनलाई विरालो बनाइ दिए । केही दिनपछि उनी फेरी भागेर ऋषि नजिक आए, उनले मलाई कुकुरको डर हुन्छ । अनि, ऋषिले "स्वानः त्वाम विभेति, त्वमपि स्वान भव : " ऊ कुकुर बन्यो । केही दिनपछि उनको नजर बाघमाथि पर्‍यो । उनी फेरी भागेर ऋषिनजिक आए, उनले भने, मलाई बाघको डर लाग्छ । अनि ऋषिले "ब्याघ्र : त्वम विभेति, त्वमपि ब्याघ्रो भव : ।" अव, मुसा, विरालोबाट कुकुर हुँदै बाघ बन्यो। बाघ जङ्गलमा विचरण गर्दा जानवरबीच चर्चा हुन्थ्यो । ऋषिले यसलाई बाघ बनाइदिएपछि उल्टै धाक देखाउँछ। जानवरको कुरा सुनेर उनी लज्जित महशुस गर्दथ्यो । अव, बाघले सोचे सवै परेशानीको जड ऋषि नै हुन् । जवसम्म ऋषि जिवित रहन्छ, तवसम्म यस्ता कुरा सुन्नुपर्छ । मुसारुपी बाघ अहङ्कारी भए। उनले ऋषिलाई मार्न आक्रमण गर्‍यो । ऋषिले बाघको कुटिलतालाई सम्झेपछि अविलम्ब "कृतन्घोसि, पुनर्मूषको भव : □ अर्थात तिमी कृतघ्न छौं, मुसा बन। उनलाई पुनः मुसा बनाइ दियो।

यो कथाको तात्पर्य, कसैको उपकारलाई विर्सनु हुँदैन्। जसको वलमा नेता बनेका छौं, त्यो घरातललाई विर्सनु हुँदैन् । जनताको चाहना परिपूर्तिको नाममा व्यवस्था परिवर्तन गर्दै रह्यो भने मुसाझैं हविगत हुन बेर लाग्दैन्। जनताकै वलमा पञ्चायत ढल्यो, शाही शासनको अन्त्य भयो र मुलुक सङ्घीयतामा प्रवेश गर्‍यो। नेतालाई नैतिकवान हुनुपर्ने हो। नत्र, जनताले ऋषिझैं सवैथोक परिवर्तन गरी धोबीको कुकुरजस्तै "न घाटको न घरको" अवस्थामा पुर्‍याइदिनेछ।

### जेन्जी आन्दोलन

जेन्जीको आन्दोलनलाई गहिरिँएर हेर्दा जेन्जी समूहले के पाए ? यसो हेर्दा, केपि ओली सत्ताबाट हट्नुबाहेक महत्वपूर्ण उपलब्धि तत्काल देखिँएको छैन्। तर, एउटा गम्भीर सन्देशपनि दिएको छ। यदि, नेताले जनताको भावनाविपरीत कार्य गर्‍यो भने कुनैपनि बेला सत्ता छोड्न विवश पार्ने क्षमता जनतासँग छ। खासगरी, सरकारलाई कुनैपनि निर्णय लिँदा देश र जनताको हितलाई ध्यानमा राखेर लिनुपर्छ। देशमा आन्दोलन गर्दा त्यसको परिणाम र दुष्परिणामको सम्बन्धमा गम्भीर भएर सोच्नुपर्छ । यस सन्दर्भमा नीतिशास्त्रको उपदेश यस्तो छ,-

*"सहसा विद्यतीत न क्रिया : अविवेक : परमापदां पदम ।*
*वृणुते हि विमुश्यकारिणं ॥*

अर्थात, अचानक विना विचार गरेर कुनै कार्य गर्नु हुँदैन् । किनकी, विवेकहीनता आफतको घर हुन्छ। जुन जेन्जी आन्दोलनमा देशले भोगेको छ।

### जनता मुकदर्शक

यदि, देश विपत्तमा छ। यस्तो परिस्थितिमा देशमा सभ्य नागरिक भनिनेहरु दर्शकझैं टुलुटुल हेरिरहेका छन् भने त्यो देशका शत्रुकै श्रेणीमा पर्छ। नेपाल विषम परिस्थितिमा फसेको छ । नेतालाई मात्रै दोष दिएर उम्किन मिल्दैन। कर्मचारी, व्यापारी र सर्वसाधारणका साथै प्रबुद्धवर्ग पनि दोषि हुन् । समयमैं नेताहरुलाई सचेत गराउनुका साथै सवै पक्षले आफ्ना दायित्व इमान्दारीपूर्वक गरेको भए, मुलुक दुरावस्थाको भूँवरीमा फस्ने थिएन् । व्यक्तिगत हितलाई बढी प्राथमिकता दिँदा राष्ट्रका गम्भीर समस्याहरु गौंन हुँदै गएको हो ।

*स्वदेशं पतितं कष्टे, दुरस्था लोकयन्ति ये ।*
*नैव च प्रतिकुर्वन्ति, ते नरा शत्रुनन्दना : ॥*

अर्थात, जव देश सङ्कटमा छ भने उदासिन मुद्रामा टाढा भएर हेरिरहने, कुनै प्रतिकार नगर्ने व्यक्ति वा समूहले शत्रुलाई साथ दिएको रुपमा हेरिन्छ । शास्त्रीय नीतिले राष्ट्र सङ्कटमा हुँदा मौंन धारणगर्ने व्यक्ति वा समूहलाई राष्ट्रको शत्रुको संज्ञा दिएका छन्। नेपालमा जनताको करको दुरुपयोग गर्ने, भ्रष्टाचार गर्ने, धर्म र संस्कृतिको अस्तित्वमाथि खतरा हुँदापनि मौंन बस्ने व्यक्तिपनि एक किसिमले राष्ट्रका शत्रुनै हुन् ।

*"यस्य नास्ति स्वयं प्रज्ञा, शास्त्र तस्य करोतिं किं ।*
*लोचनाभ्याम विहिवस्य दर्पन, कि करिष्यति ॥"*

अर्थात, विद्वत व्यक्तिले स्वयंको विवेकको उपयोग गरेन भने उनको विद्वता अर्थहीन हुन्छ। जस्तो नेत्रहीन व्यक्तिको लागि दर्पनको कुनै महत्व हुँदैन । त्यस्तै, विद्वतवर्ग विद्वताको सदुपयोग नगर्नु भनेको नेत्रहीन व्यक्तिको लागि दर्पनजस्तै उनको विवेक महत्वहीन हुन्छ। हाम्रो मुलुकमा अहिले विद्धतवर्गको अवस्था 'हात्ती वलियो कि हात्ती छाप चप्पल वलियो' भन्ने लोकोक्तिमा विभेद छुट्टयाउन नसक्ने अवस्थाको छ। वास्तविकता यहि नै हो।

बौंद्धिकवर्गले उचित मार्गमा हिड्नका लागि राज्यसत्तालाई सचेत गराएन भने निश्चित रुपमा सत्तापक्षले मनपरीतन्त्र जनतामाथि थोर्पाने छन् । व्यक्तिगत लाभहानीको आधारमा सुझाव दिने विद्वतलाई मतिभ्रष्टको संज्ञा दिनुपर्छ किनकी सरकारलाई पथभ्रष्ट हुन मार्ग देखाएका छन्।

२०४७ सालमा प्रजातन्त्रको पुनःस्थापनापछि मुलुकमा संवैधानिक राजतन्त्रसहित प्रजातन्त्रको स्थापना भयो। २०४८को निर्वाचनपछि सवै दललाई मिलेर प्रजातन्त्रको जगलाई वलियो बनाउनुपर्ने थियो। सत्तापक्ष र प्रतिपक्षबीच तालमेल हुनुपर्ने थियो । तर, दूर्भाग्यवश □ दलहरु स्वार्थबाट माथि ण्ठ्न सकेन् । शुरुमै लोकतान्त्रिक प्रणालीको जग हल्लिए, त्यसको नतिजा हामी सवैको समक्ष छ, मुलुक दुरावस्थामा फस्दै गएको छ।

### नेतात्रयको सत्ता खेल

नेपालमा गणतन्त्र स्थापनापछि सत्ताको सेरोफेरोमा शेरबहादुर देउवा, केपि ओली र प्रचण्ड बढी समय व्यतित गरेका छन्। यि तीन नेतामध्ये दुई नेता मिलेर सरकार गठनगर्ने अनि केही महिनापछि प्रतिपक्ष बसेका दलसँग मिलेर सरकार बनाउने र सत्ताको एक घटक प्रतिपक्षमा बस्ने । यि तीन नेताबीच सत्ताको खेल आलोपालो विधिमैं आधारित देखिन्छ। यि तीन नेता कतिखेर मित्र र कतिखेर शत्रु हुने गर्छ भन्ने सहज अनुमान लगाउन मुश्किल छ । यस विषयमा शास्त्रको नीति श्लोकमा यसरी उल्लेख गरिएको छ,

*"कश्चित कस्यचिन्मित्रं, न कश्चित कस्यचित रिपु : ।*
*अर्थतस्तु निबध्यन्ते मित्राणी रिपवस्तथा ॥"*

अर्थात, न कोही कसैको मित्र, न कोही कसैको शत्रु हुन्। कार्यवश नै कोही कसैको मित्र र शत्रु हुन्छ। यो श्लोक नेतात्रयले यस नीतिलाई मूलमन्त्रको रुपमा अङ्गिकार गरेको देखिन्छ । जनताको मानसिकता हेर्दा पुरानै दलको पुनः बर्चस्व हुने सम्भावना छ । त्यसो भयो भने नेतात्रयको त्रिभुजमा आधारित सत्ता खेलनै निरन्तरता पाउनेछ।

तर, एक सफल नेतामा हुनुपर्ने गुणको सम्बन्धमा शास्त्रीय उपदेश यस्तो छ-

*"तदहं सम्प्रवक्ष्यामी लोकानां हितकाम्यया ।*
*येन विज्ञान मात्रेण सर्वज्ञत्वं प्रपद्यते ॥*

अर्थात, यदि, कुनै व्यक्तिलाई राजनीतिको सुक्ष्म ज्ञान भयो भने आफूलाई सर्वेता हुनका लागि मार्ग प्रशस्त गर्न सक्छन् । नेपालका राजनेतालाई राजनीतिको सुक्ष्म ज्ञान कहिँले प्राप्त हुने हो ? 'इतिश्री'

# कांग्रेसको चुनौती र डा. शेखरको सङ्कल्प



डा. शोभाकर पराजुली

नेपाली कांग्रेसको सभापति निर्वाचन सामान्य आन्तरिक प्रतिस्पर्धा मात्रै होइन । यो चुनावमा पार्टीले एउटा कठोर प्रश्नको जवाफ दिनुपर्नेछ। कांग्रेस बचाउने नेतृत्व चाहिन्छ कि कुर्सी मिलाउने सभापति ? यही प्रश्नको केन्द्रमा डा. शेखर कोइरालाको नेतृत्व बहस उभिएको छ।

मूलतः अहिले चुनाव जित्ने होइन। कांग्रेस जोगाउने कुरा हो। कांग्रेसले विगतमा आफ्नो आन्तरिक जीवनको चुनावी गणित धेरै मिलायो। तर संगठन जोगाउन सकेन। सभापति निर्वाचनलाई सत्ता नजिक पुग्ने सिँढी बनाइयो, पार्टी सुधार्ने उपकरण बनाइएन। डा. शेखर कोइरालाको सवाल यही हो- पहिला पार्टी, अनि मात्र सत्ता।

सत्ता चाहने धेरै छन् तर पार्टी बनाउने भने न्यून छन्। अब नेपाली कांग्रेसलाई केवल गुटको मुखिया होइन गुट तोड्ने सभापति चाहिएको छ। मुलुकभरका कार्यकर्ता, पार्टीका मौन समर्थक तथा विदेशमा रहेको ठुलो नेपाली समाजले नेपाली कांग्रेसमा बदलाव खोजिरहेको छ। नयाँ र ताजा सुरुआत खोजिरहेको छ। पुरानो र नयाँ पीढी जोड्ने सेतु व्यक्तित्वको प्रतीक्षामा छन् उनीहरू।कांग्रेसलाई आज विपक्षीले नभएर गुटले कमजोर बनाएको छ। सभापति गुट सन्तुलनकर्ता भएन भने कांग्रेस कहिल्यै उठ्दैन। डा. शेखर कोइरालासँग जोडिएको अपेक्षा स्पष्ट छ- गुट चलाउने होइन, गुट समाप्त गर्ने नेता चाहियो। गुट चलाएर, घुर्की दिएर जितिएको सभापतित्व पार्टीको हार हो। पुस्तान्तरण केवल भाषणमा होइन अब कुर्सीमा देखिनुपर्छ।

आजको दिनमा वैचारिक अस्पष्टता नै कांग्रेसको पहिचानको सङ्कट हो । आजको कांग्रेस के हो भनेर सोध्दा नेताले पनि गोलमटोल जवाफ दिन्छन्। लोकतान्त्रिक समाजवाद केवल नारामा मात्र बाँकी छ।


कांग्रेसमा युवा 'भोलिको आशा' भनेर प्रयोग हुन्छन् । आजको निर्णयकर्ता हुँदैनन् । अब त्यस्तो अवस्था सधैँ रहनु हुँदैन। डा. शेखर कोइरालाको नेतृत्व बहस घोषणाको होइन। त्यही एकै ठाउँमा जकडिएको कुर्सी नयाँ पङ्क्तिमा सार्ने साहसको परीक्षा हो। युवाले खोजेको 'पोस्टर' हो कि 'पोटेन्सियालिटी' भन्ने व्यवहारिक जवाफको प्रतीक्षामा छन् सबै।

आजको दिनमा वैचारिक अस्पष्टता नै कांग्रेसको पहिचानको सङ्कट हो। आजको कांग्रेस के हो भनेर सोध्दा नेताले पनि गोलमटोल जवाफ दिन्छन् । लोकतान्त्रिक समाजवाद केवल नारामा मात्र बाँकी छ।डा. शेखर कोइरालाको धार स्पष्ट छ- कांग्रेस सत्तामुखी दल होइन, लोकतान्त्रिक विवेकको संस्था हो। विचार हरायो भने संगठन पोस्टरमा मात्र बाँच्छ। सरकारले पार्टी चलाउने कि पार्टीले सरकार ? कांग्रेस सत्तामा पुग्नेबित्तिकै पार्टी मौन हुन्छ तर सरकार सर्वशक्तिमान् हुन पुग्छ। विकृति आउने त्यहीबाट हो।

यो रोग सभापतिले नै निको पार्नुपर्छ। त्यसैले डा. शेखर कोइरालाको नेतृत्व बहस पार्टीलाई सरकारको छायाबाट निकाल्ने अडान हो। पार्टी बोल्न नसक्ने भए सभापति किन चाहियो ? जितको गणितभन्दा भरोसाको राजनीति चाहिएको छ। कांग्रेसले पटक-पटक सरकार त बनायो तर जनताबाट भने झनै टाढा गयो। गणितले सरकार टिकाउँछ तर भरोसाले इतिहास बनाउँछ। डा. शेखर कोइरालाको राजनीति यही भरोसा पुनर्निर्माणको दाबी हो।

मत किन्ने राजनीति छोटो हुन्छ । भरोसा जित्ने राजनीति दीर्घकालीन हुन्छ। अन्तिम फैसला गर्ने मतपत्रमार्फत अब नाम होइन नियत छानिँदैछ। यो सभापति निर्वाचनमा कांग्रेसले व्यक्ति छान्दै छैन- यो चुनावमा गुट कि संस्था, कुर्सी कि सुधार, सत्ता कि सिद्धान्त छानिँदैछ। डा. शेखर कोइरालाको नेतृत्व बहस कुनै गुटको अभियान होइन बरु कांग्रेस परिवर्तन गर्न अझै बाँकी छ कि छैन भन्ने अन्तिम परीक्षण हो। यो चुनावमा कुर्सी कसले पाउँछ भन्ने होइन, कांग्रेस बाँच्छ कि बाँच्दैन भन्ने छिनोफानो गर्ने अवसर हो।

नेपाली कांग्रेस अझै पनि आफूलाई आन्दोलनको इतिहासबाट वैध ठान्ने मानसिकतामा अल्झिएको देखिन्छ।



नेपाली कांग्रेस नेपालमा लोकतान्त्रिक आन्दोलनको सबैभन्दा पुरानो र निर्णायक राजनीतिक शक्ति हो । राणा शासनविरुद्धको संघर्षदेखि संविधानसभासम्मको यात्रामा कांग्रेसले लोकतन्त्र, नागरिक स्वतन्त्रता र समावेशी राज्यको आधार निर्माणमा ऐतिहासिक योगदान दिएको छ । तर विडम्बना , यही गौरवशाली इतिहास आज कांग्रेसका लागि शक्ति मात्र नभएर चुनौती पनि बन्दै गएको छ।

नेपाली कांग्रेस अझै पनि आफूलाई आन्दोलनको इतिहासबाट वैध ठान्ने मानसिकतामा अल्झिएको देखिन्छ। बदलिँदो समाज, प्रविधि र राजनीतिक चेतनाको सन्दर्भमा कांग्रेसको संगठनात्मक संरचना, निर्णय प्रक्रिया र राजनीतिक संवाद अपेक्षित गतिमा अद्यावधिक हुन सकेको छैन। इतिहासको स्मरण प्रेरणाका लागि हुनुपर्थ्यो। तर अक्सर आत्मसन्तुष्टिको कवच बन्दै गएको छ।

कांग्रेसभित्र पुस्तान्तरण औपचारिक रूपमा स्वीकार गरिए पनि व्यवहारमा त्यो सीमित व्यक्तित्व वरिपरि घुमिरहेको छ । युवा पुस्तालाई भाषणमा अवसरको कुरा गरिन्छ । तर निर्णय तहमा उनीहरूको सार्थक उपस्थिति कमजोर छ। नेतृत्व परिवर्तनलाई खतरा ठान्ने संस्कृतिले संगठनलाई गतिहीन बनाइरहेको छ। कांग्रेसको सबैभन्दा पुरानो र गहिरो समस्या गुटबन्दी हो। विचार र नीतिभन्दा पनि व्यक्ति र शक्ति सन्तुलनका आधारमा गुट निर्माण हुनु पार्टीको संस्थागत क्षयको सङ्केत हो।

गुटबन्दीले कांग्रेसलाई 'संगठन' भन्दा 'संघर्षरत समूहहरूको जमात' जस्तो बनाइरहेको छ । लोकतान्त्रिक समाजवाद कांग्रेसको औपचारिक वैचारिक आधार हो । तर व्यवहारमा कांग्रेस न त स्पष्ट समाजवादी कार्यक्रमसहित देखिन्छ न बजार मुखी नीतिप्रति इमानदार वैचारिक बहसै गर्छ। नयाँ पुस्ताका मतदाताले सोध्ने प्रश्न सरल छ- कांग्रेस के मानेमा फरक छ ? यसको स्पष्ट जवाफ दिन कांग्रेस अझै असमर्थ देखिन्छ।युवा मतदाता केवल नाराले होइन, दृष्टि, अवसर र विश्वसनीयताले आकर्षित हुन्छन्, जहाँ कांग्रेस कमजोर देखिन्छ।

कांग्रेस सत्तामा पुग्दा 'स्थिरता' का नाममा यथास्थितिवादी अभ्यासमा रमाउने आरोप लाग्ने गरेको छ। प्रशासनिक सुधार, सुशासन, दल-राज्य दूरी, भ्रष्टाचार नियन्त्रण जस्ता विषयमा कांग्रेसको कार्यसम्पादन अपेक्षाअनुसार देखिँदैन । यसले कांग्रेसलाई परिवर्तनको वाहक होइन व्यवस्थापक पार्टीका रूपमा सीमित गरिदिएको छ। डिजिटल युगमा राजनीति केवल सभा र विज्ञप्तिमा सीमित छैन । तर कांग्रेसको संवाद शैली अझै पुरानै ढाँचामा अडिएको देखिन्छ।

युवा मतदाता केवल नाराले होइन, दृष्टि, अवसर र विश्वसनीयताले आकर्षित हुन्छन्, जहाँ कांग्रेस कमजोर देखिन्छ। संघीयता कांग्रेसकै नेतृत्वमा स्थापित भएपनि यसको प्रभावकारी कार्यान्वयन, प्रदेश-स्थानीय तहसँगको सम्बन्ध र समावेशी शासन अभ्यासमा कांग्रेसले अपेक्षित नेतृत्व दिन सकेको छैन । नीति बनाउने र त्यसलाई जीवन बनाउने बीचको दूरी कांग्रेसको अर्को चुनौती हो।

सङ्कट कि अवसर ! नेपाली कांग्रेस आज यहि गम्भीर दोसाँधको मोडमा उभिएको छ । यो अवस्था पतनको सङ्केत मात्र पक्कै होइन आत्मसमीक्षा र पुनर्निर्माणको अवसर पनि हो। कांग्रेसले आन्तरिक लोकतन्त्र बलियो बनाउँदै पुस्तान्तरणलाई व्यवहारमा उतारेको खण्डमा, स्पष्ट वैचारिक दिशा तय गरेमा तथा नागरिकसँग नयाँ भाषामा संवाद गर्न सकेको अवस्थामा अझै नेपालको लोकतान्त्रिक राजनीतिमा केन्द्रीय भूमिका निर्वाह गर्न सक्षम छ । नत्र, इतिहासको भारी बोकेर भविष्य गुमाउने खतरा सधैं रहिरहनेछ।रातोपाटी

# मुलुकलाई राजनीतिक निकास दिन एमाले अझ क्रियाशील हुने अपेक्षा




काठमाण्डु । जेनजी आन्दोलनपछि मुलुकमा विकसित राजनीतिक घटनाक्रमबीच पुराना राजनीतिक दलहरुका सम्बन्धमा अनेक कोणबाट बहस चलेका बेला नेपाल कम्युनिष्ट पार्टी (एमाले) को ११औँ राष्ट्रिय महाधिवेशन सम्पन्न भएसँगै उत्पन्न चुनौतीको सामना गर्न ती दलहरु अग्रसर हुँदै गएको सन्देश प्रवाह भएको महसुस गरिएको छ।

नेकपा एमालेमा नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको बहस लामो समयसम्म चल्यो। अन्ततः एमालेले आफूलाई लोकतान्त्रिक राजनीतिक पार्टीका रुपमा पुनः परिभाषित गर्दै विधान अधिवेशन सम्पन्न भएको छोटो अवधिमा नै ११औँ महाधिवेशन सफलतापूर्वक आयोजना गऱ्यो। देश राजनीतिक सङ्कटमा परेकाबेला नेतृत्वको आलोचना वा नेतृत्वको बिदाइभन्दा पनि नेतृत्वको रक्षा हुनुपर्ने बलियो तर्क र पङ्क्ति एमालेभित्र थियो । यो महाधिवेशनले अध्यक्ष केपी शर्मा ओली र उहाँको समूहलाई उल्लेखनीय मतभारसहित निर्वाचित गर्नुले ती तर्कहरुलाई एक प्रकारले अनुमोदन गरेको छ । महाधिवेशनमा सहभागी दुई हजार २६३ प्रतिनिधिमध्ये ७० प्रतिशतले संस्थापन नेतृत्व र उक्त समूहलाई ठूलो आड र भरोसा दिएको मतपरिणामले पुष्टि गरेको छ । आन्तरिक लोकतन्त्रको उच्चतम् अभ्यासका रुपमा नेतृत्वबीचको प्रतिस्पर्धा र प्राप्त परिणामले पनि यसलाई पुनर्पुष्टि गरेको छ।

अध्यक्ष ओलीले समामपनपत्रमा महाधिवेशनले पुराना पार्टी सकियो भन्ने गलत भाष्यलाई गलत सावित गरेको उल्लेख गर्दै अब आफूहरु विकास, सुशासन, समृद्धि र संसद् पुनःस्थापनाको बाटोमा अघि बढ्ने उद्घोष गर्नुले नेतृत्व र कार्यकर्तामा एकप्रकारको उत्साह पैदा भएको छ। महाधिवेशनले सामयिक विषयमा पारित गरेका २४ बुँदे राजनीतिक प्रस्तावमा जेनजी आन्दोलनपश्चात् राष्ट्रियता, लोकतन्त्र, संविधान, अर्थतन्त्र, विकास र समृद्धिको बाटो नै देशलाई सङ्कटबाट मुक्त गर्ने उपायाका रुपमा प्रस्तुत गरिएको छ । एघारौँ राष्ट्रिय महाधिवेशनले पनि मुलुकलाई लोकतान्त्रिक पद्धति, राजनीतिक स्थायित्व, सामाजिक सद्भाव र राष्ट्रिय एकताको बाटोमा फर्काउने सङ्कल्प गरेको छ।

राष्ट्रियता, लोकतन्त्र, संविधान, अर्थतन्त्र र सामाजिक प्रबन्धहरु सङ्कटमा परेका र जनताका सङ्घर्षका उपलब्धिहरु नै धरापमा परेको अवस्थालाई दृष्टिगत गरी मुलुकलाई लोकतान्त्रिक मार्गमा फर्काउन संविधानका पक्षधर सबै शक्ति, विघटित संसद्मा प्रतिनिधित्व गरेका दल, सबै लोकतान्त्रिक र देशभक्त नागरिक तथा आमजनसमुदायलाई आपसी संवाद, सहकार्यका साथ अगाडि बढ्न एमालेले आह्वान गरेको छ।

अध्यक्षका प्रत्यासी ईश्वर पोखरेलले नयाँ नेतृत्वलाई बधाई दिँदै सामूहिकता, विधि र पद्वतिसङ्गत रुपमा पार्टीलाई सञ्चालन गर्न सुझाव दिनुभएको छ भने अध्यक्ष ओलीले शपथ लिएपछिको पहिलो सम्बोधनमा चुनावी प्रतिस्पर्धा सकिएको र अब पार्टीलाई एकताबद्ध गर्ने बताउनुभयो। एमालेमा एकाध निर्विरोधबाहेक यो महाधिवेशनमा प्रायः सबै पदमा प्रतिस्पर्धा भयो । विजयी र पराजित दुवैले निर्वाचन प्रक्रिया र परिणामलाई स्वाभाविक रूपमा स्वीकार गरेका छन् । यसबाट पार्टीको लोकतान्त्रिक छविलाई अझ सुदृढ बनाएको छ । एमालेमा चुनाव हुँदैन, एकाकी निणर्य हुन्छन् भन्ने आरोप खण्डित भएका छन्।

एमालेका महासचिव शङ्कर पोखरेलका विचारमा पार्टी र नेतृत्व, अध्यक्ष ओलीमाथि भइरहेको घेराबन्दीलाई चिर्दै राष्ट्रिय राजनीतिक चुनौती सामना गर्न उहाँको नेतृत्व अपरिहार्य रहेको सन्देश महाधिवेशनले स्पष्ट रूपमा प्रवाह गरेको छ । "नयाँपुस्ताको सहभागिता बढाउन विशेष आरक्षणको व्यवस्था गरिएकाले उल्लेख्य स¬ङ्यामा नवयुवा केन्द्रीय कमिटीमा प्रवेश गर्न सफल भएका छन् । महाधिवेशनले पार्टी निर्माणमा तीन पुस्ताको संयोजनको नीतिलाई व्यवहारमा उतारेको छ। चालिस वर्षमुनिका युवासहित करिब एक तिहाइ नयाँ केन्द्रीय सदस्यहरू महाधिवेशनबाट निर्वाचित भएका छन् । कम्युनिष्ट आन्दोलनका अग्रजहरूले स्वेच्छिक अवकाश लिने घोषणा गर्नुलाई सकारात्मक ठानिएको छ।रासस

**अध्यक्ष ओलीले समामपनपत्रमा महाधिवेशनले पुराना पार्टी सकियो भन्ने गलत भाष्यलाई गलत सावित गरेको उल्लेख गर्दै अब आफूहरु विकास, सुशासन, समृद्धि र संसद् पुन:स्थापनाको बाटोमा अघि बढ्ने उद्घोष गर्नुले नेतृत्व र कार्यकर्तामा एकप्रकारको उत्साह पैदा भएको छ ।**

●●●

# सप्तगण्डकी बहुउद्देश्यीय आयोजना अगाडि बढाउनुपर्ने




काठमाण्डु । ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले नारायणी नदीबाट तल्लो तटीय क्षेत्रमा हुने कटान, चितवन, नवलपरासी क्षेत्रको समग्र विकासका लागि २२५ मेगावाटको सप्तगण्डकी बहुउद्देश्यीय जलाशययुक्त जलविद्युत् आयोजना निर्माणको काम अघि बढाउनुपर्ने बताउनुभएको छ।

चितवन उद्योग वाणिज्य सङ्घले शनिबार नारायणघाटमा आयोजना गरेको कार्यक्रममा उहाँले धार्मिक रुपमा महत्वपूर्ण मानिने देवघाट क्षेत्रलाई नडुबाउने गरी सप्तगण्डकी जलविद्युत् आयोजना बनाएर त्यसभन्दा माथिल्लो तटीय क्षेत्रमा बन्ने बूढीगण्डकी, तनहुँजस्ता जलाशययुक्त आयोजनाबाट लाभ लिनुपर्ने बताउनुभयो।

"नदीबाट हुने कटान तथा डुबान दीर्घकालीन रुपमा नियन्त्रणका लागि माथिल्लो तटीय क्षेत्रमा जलाशययुक्त आयोजना निर्माण गरी एकीकृत नदी बेसिन व्यवस्थापन योजना अगाडि बढाउनुपर्छ, नारायणी नदीका सहायक नदीहरु सेती, बूढीगण्डकी कालीगण्डकीमा बन्ने जलाशययुक्त आयोजनामा वर्षायामको पानी जम्मा गर्ने र हिउँदमा नियन्त्रित पानी पाउने हुँदा बाढी नियन्त्रण गर्ने, कृषि, जलयातायातमार्फत लाभ लिन सकिन्छ", मन्त्री घिसिङले भन्नुभएको उहाँको निजी सचिवालयले जनाएको छ।

चितवन, तनहुँ र नवलपरासीको सिमाना भएर बग्ने नारायणी नदीमा सप्तगण्डकी बहुउद्देश्यीय जलविद्युत् आयोजनाको सम्भाव्यता अध्ययन जापान अन्तरराष्ट्रिय सहयोग नियोग (जाइका)को सहायतामा सन् १९८५ मा गरिएको थियो। आयोजनाको बाँध त्रिशूली र कालीगण्डकीको सङ्गमस्थल देवघाटभन्दा करिब एक किलोमिटर तल बन्नेछ। अध्ययनबाट देवघाट डुब्ने देखिएको थियो।

बाँधको उचाइ घटाएर धाममा पुग्ने क्षतिलाई न्यूनीकरण गरी आयोजना अगाडि बढाउन सकिने घिसिङले उल्लेख गर्नुभयो । देवघाटमा जलाशय बनाएर विद्युत् उत्पादन र पानीबाट चितवन र नवलपरासीमा सयौँ हेक्टरमा सिँचाइ सुविधा उपलब्ध गराउन सकिनेछ।

**'समयमा काम नगर्ने निर्माण व्यवसायीको ठेक्का सम्झौता रद्द गरिन्छ'**

ऊर्जा, जलस्रोत तथा सिँचाइ, भौतिक पूर्वाधार तथा यातायात र सहरी विकासमन्त्री कुलमान घिसिङले विकास निर्माणका कामलाई प्राथमिकता नदिने निर्माण व्यवसायीको ठेक्का सम्झौता रद्द गर्नेतर्फ सरकार लागेको बताउनुभएको छ।

उद्योग वाणिज्य सङ्घले आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा उहाँले तीन हजार बढी सडक तथा पुलमा ठेक्का लागेको बताउनुभयो।उहाँले भन्नुभयो, "तीन हजारभन्दा बढी सडक र पुलको ठेक्का छ, कुनै ठाउँमा त ठेकेदार कहाँ छ भन्ने पनि छैन, काम गर्नुपर्छ नभए ठेक्का तोड्छौँ भन्ने अवस्थामा हामी छौँ।" जनताले दुःख पाएको बताउँदै उहाँले जनताको आवश्यकताअनुसार सरकारले काम गर्ने बताउनुभयो। विकास निर्माणसँगै नीतिनिर्माणमा परिवर्तन गर्न यो सरकारले खोजेको बताउँदै उहाँले देशलाई संस्थागत रुपमा निकास दिन जरुरी रहेको बताउनुभयो।

उहाँले यहाँका सप्तगण्डकी नदीमा पानी भण्डारण गरी जलाशय निर्माण गरेर विद्युत् उत्पादनसँगै विभिन्न पर्यटकीयस्थलको विकास गरिने बताउनुभयो। पोखरा, भरतपुर र लुम्बिनी क्षेत्रलाई इलेक्ट्रिसिटी ग्रिन करिडोरका रूपमा विकास गर्ने काम अघि बढिरहेको उहाँले जानकारी दिनुभयो । शक्तिखोर औद्योगिक क्षेत्रमा विद्युत् आपूर्तिलाई सहज बनाइने उल्लेख गर्दै उहाँले यहाँ औद्योगिक क्षेत्र स्थापना हुनुमा आफू पनि सकारात्मक रहेको बताउनुभयो।

आगामी निर्वाचनपछि आउने नयाँ सरकारले नयाँ अनुहार र नयाँ सोच ल्याउनुपर्ने उल्लेख गर्दै उहाँले देशलाई समृद्धिको बाटोमा हिँडाउनसक्नेशक्तिआउनुआवश्यक रहेको बताउनुभयो । जनताले देशलाई ठोस परिणाम दिनसक्ने नयाँ शक्ति सचेत रूपमा छान्नुपर्नेमा उहाँले जोड दिनुभयो। सो अवसरमा उद्योग वाणिज्य सङ्घका अध्यक्ष सुमनकुमार श्रेष्ठले जिल्लाका समग्र व्यवसायीको समस्याका बारेमा जानकारी गराउनुभएको थियो। रासस

## समाज परिवर्तनका लागि राजनीति गरिनुपर्छः मन्त्री घिसिङ

चितवन। ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङले समाज परिवर्तन र जनसेवाका लागि राजनीति गर्नुपर्ने बताउनुभएको छ।

उज्यालो नेपाल पार्टी चितवनको जिल्ला भेलामा शनिबार उहाँले व्यक्ति र निहित स्वार्थका लागि राजनीति गर्दा समस्या हुने गरेको उल्लेख गर्दै अब समाज परिवर्तन र विकासका लागि केन्द्रीत हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। भौतिक पूर्वाधार तथा यातायातमन्त्री घिसिङले भन्नुभयो, "कसैलाई गाली गरेर हुँदैन, आफ्नो कर्ममा



लाग्नुहोस्। राजनीतिलाई आफ्नो पेसा नभइ समाज सेवामा लगाउन आवश्यक छ। अबको राजनीति सेवा समर्पित हुनुपर्छ।"

कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य डा आशुतोष विजय पन्त, रिमा विश्वकर्मा, सीता पाण्डेले पछिल्लो राजनीतिक परिवर्तनका लागि गरेको योगदानलाई रक्षा गर्दै नयाँ शक्तिका रूपमा आफूहरू आएको बताउनुभयो।

बागमती प्रदेश संयोजक प्रवीन तामाङको अध्यक्षतामा सम्पन्न भेलाले जिल्ला नगर तथा पालिका भेलाको मितिसमेत तय गरेको छ।रासस

# काम गर्ने कम्पनीलाई समयमै भुक्तानी दिइने मुख्यमन्त्री पाण्डेको प्रतिबद्धता



म्याग्दी । गण्डकी प्रदेश सरकारका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले समयमा काम सम्पन्न भएका आयोजनाको भुक्तानीमा समस्या आउन नदिने प्रतिबद्धता जनाउनुभएको छ । प्रदेश सरकारद्वारा म्याग्दीमा सञ्चालित सडक आयोजनाहरूको आज स्थलगत अनुगमन गर्दै उहाँले काम गर्ने निर्माण कम्पनीलाई समयमै भुक्तानी दिन सरकार तयार रहेको बताउनुभयो।

"दायित्व सिर्जना भइसकेका आयोजनाको भुक्तानी गर्नुपर्ने जिम्मेवारीप्रति प्रदेश सरकार संवेदनशील छ", मुख्यमन्त्री पाण्डेले भन्नुभयो, "बजेट अभावकै कारण विकास आयोजनामा ढिलाइ गर्नुपर्ने अवस्था आउन दिने छैनौँ। काम गर्ने निर्माण व्यवसायीलाई समयमा भुक्तानी दिएर प्रोत्साहन बढाउनेतर्फ हामी सचेत छौँ।"

चालु आर्थिक वर्षमा काम भइरहेका आयोजनाका लागि पर्याप्त बजेट नभएको निर्माण व्यवसायीहरुले गुनासो गरेपछि मुख्यमन्त्री पाण्डेले काम नभएका र ठेक्का प्रक्रियाका क्रममा बचत भएको बजेटलाई रकमान्तर गरेर भुक्तानीको व्यवस्था मिलाउने जानकारी दिनुभयो । उहाँले आज धारापानी-ताकम-शिवाङ, बेनी-दरवाङ, दाङखोला पुल र बेनी-पाखापानी सडक आयोजनाको अनुगमन गर्नुभएको हो । जिल्लाका सडकसम्बन्धी आयोजनामा सन्तोषजनक प्रगति देखिएको भन्दै मुख्यमन्त्री पाण्डेले निर्माण व्यवसायी, स्थानीयलगायत सरोकार भएका सबैको प्रशंसा गर्नुभयो।

पूर्वाधार विकास कार्यालय म्याग्दीका प्रमुख डा महेन्द्र बानियाँले जिल्लामा सञ्चालित आयोजनाहरूको कार्यान्वयन अवस्थाका विषयमा जानकारी गराउनुभएको थियो। मुख्यमन्त्री पाण्डेलेबेनी-दरवाङसडकअर्न्तगत फापरखेतको पहिरोको विकल्पमा बेलिब्रिज जडानका लागि प्रदेश सरकारले चालु आर्थिक वर्षमा रु एक करोड बजेट विनियोजन गरेको जानकारी दिनुभयो।

मुख्यमन्त्री पाण्डेले सङ्घीय सरकारबाट बेलिब्रिज प्राप्त हुने प्रक्रियामा रहेकाले समयमै काम सम्पन्न हुने विश्वास व्यक्त गर्नुभयो। रासस

# रास्वपाद्वारा सातै प्रदेशका उम्मेदवारसँग छलफल




काठमाण्डु। राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) ले आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा पार्टीका तर्फबाट सिफारिस हुने समानुपातिक उम्मेदवारसँग छलफल गरेको छ।

रास्वपाले शनिबार देशभरका सातै प्रदेशमा पार्टीका तर्फबाट आगामी निर्वाचनमा समानुपातिकतर्फका उम्मेदवार बन्न इच्छुक व्यक्तिसँग छलफल गरेको हो। रास्वपाले सुदूरपश्चिम प्रदेशको धनगढी, कर्णाली प्रदेशको सुर्खेत, लुम्बिनी प्रदेशको दाङ, गण्डकी प्रदेशको पोखरा, वाग्मती प्रदेशको काठमाडौँ, मधेस प्रदेशको जनकपुर र कोशी प्रदेशको इटहरीमा उम्मेदवारसँग छलफल गरेको हो।

रास्वपाका नेता एवं उम्मेदवार छनोट समितिका संयोजक विराजभक्त श्रेष्ठले आगामी निर्वाचनका लागि रास्वपाबाट योग्य उम्मेदवार छनोट गर्न सम्भावित व्यक्तिसँग छलफल गरिएको जानकारी दिनुभयो। छनोट भएका उम्मेदवारलाई पार्टीको केन्द्रीय समितिले अनुमोदन गर्ने छ।रासस

# नेपाललाई डिजिटल मार्गमा अगाडि बढाउने गरी काम गरिरहेका छौँः मन्त्री खरेल

पाटन । सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेलले नेपाललाई डिजिटल मार्गमा अगाडि बढाउने गरी काम गरिरहेका भइरहेको बताउनुभएको छ। द स्टार्टअप नेटवर्क नेपाल र इन्डिया नेपाल सेन्टरको संयुक्त आयोजनामा शनिबार ललितपुरमा भएको 'स्टार्टअप समिट २०२५' मा उहाँले सरकार गठन भएको तीन महिनाभित्रै 'राष्ट्रिय आर्टिफिसियल इन्टेलिजेन्स (एआई) नीति' पारित गरेको जानकारी गराउँदै डिजिटल नेपालको नीतिगत व्यवस्थाका लागि तयारी भइरहेको जानकारी दिलनुभयो।




मन्त्री खरेलले भन्नुभयो,"सूचना प्रविधिको विकासका साथै डिजिटल नेपाल निर्माणका लागि युवा पुस्तासँगै अगाडि बढ्नुपर्छ । नवप्रवर्तन, स्टार्टअप, उद्यमशीलता र सूचना प्रविधिको क्षेत्रमा सरकारसँग मिलेर काम गर्न चाहानुहुन्छ भने प्रस्ताव लिएर आउनुस्, सहकार्यमा काम गरौँ, अवसरको सिर्जना गर्न हामी तत्पर छौँ।"

मन्त्री खरेलले सूचना प्रविधि, एआई र डिजिटल मार्गमा अगाडि बढ्न युवाको आवश्यकता नीतिगत रूपमै समेट्ने व्यवस्था गरिने धारणा राख्नुभयो । "राज्यले जेनजी आन्दोलनलाई जनआन्दोलनको रूपमा स्वीकार गरिसकेको छ । देशका जेनजेमा पनि राजनीतिक चेतना धेरै विकास भइसकेको छ, तसर्थ हामी परिवर्तन गर्न सक्छौँ। युवाको चाहनालाई नीतिगत रूपमै सम्बोधन गर्दै अगाडि बढ्छौँ", उहाँले भन्नुभयो।

मन्त्री खरेलले फागुन २१ गते हुने निर्वाचनमा सूचना प्रविधिको प्रयोग गरेर मतदानको व्यवस्था गर्न उचित भए पनि आमसहमति नबन्दा यसपटक त्यो सम्भव हुन नसकेको बताउनुभयो । आगामी निर्वाचन सही नेतृत्व चयन गर्ने उपयुक्त अवसर भएकाले राम्रो नेतालाई सदनमा पठाउन उहाँको आग्रह थियो ।नेपालका लागि भारतीय पूर्वराजदूत एवम् इन्डिया नेपाल सेन्टरका अध्यक्ष मञ्जीवसिंह पुरीले प्रविधिले संसारलाई परिवर्तन गरिरहेको बताउँदै परिवर्तित समय अनुकूल काम गर्नका लागि युवा दिमागलाई सही सदुपयोग गर्नुपर्ने बताउनुभयो।

नेपाल उद्योग परिसङ्घका अध्यक्ष वीरेन्द्रराज पाण्डेले स्टार्टअपमात्रैनभएरसानाव्यवसाय पनि भविष्यको बलियो आर्थिक हिस्सा बनिरहेको बताउनुभयो । उहाँले स-साना व्यवसाय र स्टार्टअपले देशमा रोजगारी सिर्जना गर्दै सार्वजनिक अर्थतन्त्रलाई बलियो बनाउने विश्वास व्यक्त गर्नुभयो ।रासस

# नेकपालाई बहुमत दिनुस्, जनअपेक्षा पूरा गर्छौं : सहसंयोजक नेपाल

काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टीका सहसंयोजक माधवकुमार नेपालले सुशासन र सामाजिक न्याय कायम गर्न आफ्नो पार्टीलाई निर्वाचनमार्फत बहुमत दिन आग्रह गर्नुभएको छ । नेकपाको बागमती, सम्पर्क समन्वय र उपत्यका विशेष प्रदेशस्तरीय सन्देशसभामा शनिबार यहाँ उहाँले विगतका कमजोरीलाई सुधार्दै मुलुकबाट भ्रष्टाचार अन्त्य गर्न आफ्नो पार्टीले भूमिका खेल्ने बताउनुभयो । सहसंयोजक नेपालले भन्नुभयो, "हामीले विगतमा खेलेको भूमिकाको मूल्याङ्कन गर्नुहोस्, नराम्रोलाई नराम्रो र राम्रोलाई राम्रो भनेर स्वागत गर्नुहोस्, त्यसलाई स्वीकार्न हामी तयार छौँ।"




उहाँले आसन्न निर्वाचनमार्फत जनताले नेकपालाई बहुमत दिएको खण्डमा आफ्नो पार्टीले जनअपेक्षा पूरा गर्ने विश्वास दिलाउनुभयो । "जनचाहनालाई साकार पार्नका लागि इमान्दारिताका साथ अघि बढ्नेछौँ । हामीलाई एक पटक मौका दिनुस्, आजसम्म इमान्दारिताको राजनीतिलाई, देशभक्तिको भावनालाई, जनताका सेवाको भावनालाई ध्यानमा राखेर नै भूमिका खेल्दै आइरहेको छौँ। आगामी दिनमा थप सचेत भएर भूमिका निर्वाह गर्नेछौँ।"

जेनजी पुस्ताको भावना सुशासन कायम र भ्रष्टाचार अन्त्य, सामाजिक सञ्जालमा प्रतिबन्ध लगाउने प्रवृत्तिको विपक्षमा रहेजस्तै नेकपाका नेताहरूले पनि विगत लामो समयदेखि यस्तै प्रवृत्तिविरुद्ध जुध्दै आएका उहाँले जिकिर गर्नुभयो । "त्यसका लागि हामीले तत्कालीन सरकारका प्रमुखलाई मागपत्र बुझाएका छौँ । सुशासनको पक्षमा आवाज बुलन्द गरेका छौँ", सहसंयोजक नेपालले भन्नुभयो। रासस

# नेता कोइरालाद्वारा निर्वाचनको वातावरण निर्माण गर्न आग्रह

विराटनगर । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा शेखर कोइरालाले आगामी फागनु २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि सरकारले निष्पक्ष, भयरहित वातावरणमा जनताले मतदान गर्ने वातावरण बनाउनुपर्नेमा जोड दिनुभयो।

विराटनगर महानगरपालिका-६ मा शनिबार कांग्रेसका नेता तथा कार्यकर्तासँग छलफल गर्दै उहाँले सरकारका साथै पार्टीका कार्यकर्ताले पनि निर्वाचनको वातावरण निर्माण गर्न आवश्यक सहकार्य र समन्वय गर्नुपर्ने धारणा राख्नुभयो । त्रास र भयको वातावरणमा निष्पक्ष निर्वाचनको सम्भावना नहुने भन्दै उहाँले सरकारले यसका लागि विशेष पहल गर्नुपर्ने धारणा राख्नुभयो।

नेता कोइरालाले भन्नुभयो, "गत भदौ २४ गतेको जेनजी आन्दोलनका समयमा फरार रहेका पाँच हजार कैदीबन्दी करागार बाहिर छन् । प्रहरीबाट लुटिएका करिब पाँचदेखि सात हजार हतियार पक्राउ परेका छैनन्। तसर्थ आमजनतामा त्रास र भयको वातावरण छ। यस्तो अवस्थामा सरकार, राजनीतिक दल, सरोकार भएका निकाय सबैले निर्वाचनको वातावरण बनाउन समन्वय गर्नुपर्ने हुन्छ।"



नेता कोइरालाले कांग्रेस एक जिम्मेवार र जनचाहना अनरुप सञ्चालन हुने पार्टी भएकाले निर्वाचनको वातावरणसँगै पार्टीको महाधिवेशन सम्पन्न गर्नेतर्फ रहेको बताउनुभयो । उहाँले निर्वाचन र महाधिवेशनको तयारीसँगै शान्तिसुरक्षा कायम गराउनेतर्फ समन्वयात्मक भूमिका निर्वाह गर्न पार्टी सबै नेता कार्यकर्तालाई आग्रह गर्नुभयो।रासस

# युवा आन्दोलनका नेताको मृत्युपछि बाङ्लादेशमा चर्कियो हिंसा



**बीबीसी**

काठमाण्डु । बाङ्लादेशकी पूर्वप्रधानमन्त्री शेख हसिनालाई अपदस्थ गर्ने युवा आन्दोलनका एकजना प्रमुख नेताको मृत्युपछि त्यहाँ हिंसा चर्किएको छ।शरिफ ओस्मान हादीलाई गत साता ढाकाको एउटा मस्जिदबाट बाहिर निस्किने क्रममा नकाबधारी आक्रमणकारीहरूले गोली हानेका थिए र बिहीवार सिङ्गापुरमा उपचारका क्रममा उनको मृत्यु भएको हो।सन् २०२४ मा भएको आन्दोलनपछि बाङ्लादेशका अधिकारीहरूले पहिलो पटक चुनावको मिति घोषणा गरेको एक दिनपछि गोलाबारी भएको हो। चुनावमा हादीले स्वतन्त्र उम्मेदवारको रूपमा लड्ने योजना बनाइरहेका थिए।

बिहीवार उनको मृत्युको खबर सार्वजनिक हुने बित्तिकै उनका सयौँ समर्थकहरू राजधानीको एउटा चोकमा विरोध प्रदर्शन गर्न भेला भए। पछि प्रदर्शनकारीहरूले बाङ्लादेशका अग्रणी पत्रिका द डेली स्टार र प्रोथोम अलीको कार्यालयमा तोडफोड गरे जसमध्ये एउटा भवनमा आगजनी गरियो। "सयौँ मानिसहरू यहाँ भेला भएका छन् र आक्रमण गरेका छन्," एकजना प्रहरी अधिकारीले बीबीसी बाङ्लालाई भने।घटनास्थलमा सेना तैनाथ गरिएको थियो भने अग्निनियन्त्रकहरूले भवनभित्र फसेका पत्रकारहरूलाई उद्धार गरेका थिए।

३२ वर्षीय हादी प्रदर्शनकारी विद्यार्थीहरूको समूह इन्कलाब मञ्चका एकजना वरिष्ठ नेता र छिमेकी भारतका एक स्पष्ट आलोचक थिए। अहिले हसिना भारतमा स्व-निर्वासनमा छिन्। बाङ्लादेशका राजनीतिक दलहरूले उनको निधनमा शोक व्यक्त गर्दै अन्तरिम सरकारलाई दोषीहरूलाई न्यायको कठघरामा ल्याउन आग्रह गरेका छन्।नोबेल पुरस्कार विजेता मोहम्मद युनुसले हादीको मृत्यु "देशका लागि अपूरणीय क्षति" भएको बताएका छन्। युनुसले बाङ्लादेशको अन्तरिम सरकारको नेतृत्व गर्छन्। बिहीवार टेलिभिजनमा प्रसारण गरिएको भाषणमा उनले भने, "प्रजातन्त्रतर्फ बढिरहेको देशको यात्रालाई डर, आतङ्क वा रक्तपातले रोक्न सक्दैन।"अन्तरिम सरकारले शनिवार राष्ट्रिय शोकको घोषणा गरेको छ। हादीलाई गोली लागे लगत्तै युनुसले यो पूर्वनियोजित हमला भएको र "षड्यन्त्रकारीहरूको उद्देश्य चुनावलाई बिथोल्ने" रहेको बताएका थिए।

"निर्वाचनमा बाधा पुऱ्याउने उद्देश्यले गरिएको कुनै पनि प्रकारको हिंसा सह्य हुँदैन," युनुसले भने। "देशको राजनीतिक परिदृश्यका लागि यो घटनाक्रम चिन्ताजनक हो। "अनुसन्धान जारी छ र गोलाबारीसँग जोडिएको शङ्का गरिएका कयौँ मानिसहरूलाई गिरफ्तार गरेर हिरासतमा राखिएको छ।हसिना गत वर्ष अगस्ट ५ तारिखमा भागेर भारत गएकी थिइन्।नोभेम्बरमा उनलाई मानवताविरुद्धको अपराधको मुद्दामा मृत्युदण्डको सजाय सुनाइएको थियो। उनी प्रदर्शनकारीहरूविरुद्ध घातक बल प्रयोग गर्न अनुमति दिएको मुद्दामा दोषी ठहरिएकी थिइन्। प्रदर्शनका क्रममा १४ सय मानिसको ज्यान गएको थियो ।

# महिला खेलाडीको क्लब फुटबलको सुरुवात नेपालबाट, फाइनलमा एपीएफ र इस्ट बङ्गाल

**बीबीसी**

काठमाण्डु । नेपाली फुटबलमा पुरुष र महिला टोली अहिले विपरीत अवस्थामा देखिन्छन्।पुरुष टोलीले हालै एसियन कप छनोटमा कमजोर नतिजा भोग्यो भने लीग फुटबल नभएको भन्दै कतिपय खेलाडीहरू पलायनको बाटो रोजिरहेका पाइन्छन्। महिला टोलीले भने राम्रो प्रदर्शन गर्दै छवि उचो बनाइरहेको देखिन्छ। एएफसी एसियन कप छनोटमा टाइब्रेकरसम्म पुगेको टोलीको देशभरिको चर्चा लोभलाग्दो देखिन्छ।



महिला फुटबल प्रतिस्पर्धा हेर्न देशभरको रङ्गशाला भरिएका छन् भने समर्थकहरूबाट जोगाउन खेलाडीहरूलाई सुरक्षा दिनुपर्ने गजबका दृश्यहरू देखिएका छन्। यसै बेला दक्षिण एसियाली फुटबल महासङ्घ (एसएएफएफ) ले पहिलो पटक दक्षिण एसियाली महिला खेलाडीहरूका लागि भनेर साफ विमिन्स क्लब च्याम्पियनशिपको रूपमा नयाँ प्रतियोगिताको थालनी गरेको छ। यसरी महिला फुटबलको बेग्लै क्लब च्याम्पिअनशिप आयोजना गरेको एसियामै यो पहिलो हो।त्यसको सुरुआत नेपालबाटै भयो। अर्को तथ्य- विगतमा दक्षिण एसियाली खेलकुद साग (सन् १९८४) र पुरुष टोलीको साफ च्याम्पिअनशिप (सन् १९९७) पनि नेपालबाटै सुरु भएको थियो।

दक्षिण एसियाली फुटबल महासङ्घका महासचिव पुरुषोत्तम कट्टेल भन्छन्, "दक्षिण एसियामा महिला फुटबल खेलाडी अगाडि बढिरहेका छन् । यसैले हामीले महिला केन्द्रित फुटबल कार्यक्रमलाई बढावा दिएका छौँ।" महिलाको साफ च्याम्पिअनशिप, साफ फुटसल, साफ यू-१९ र यू-१७ जस्ता प्रतियोगिता थाल्नुले महासङ्घ महिला फुटबलमा केन्द्रित भएको देखिन्छ। दक्षिण एसियामा महिला खेलाडीहरूको प्रतिस्पर्धाहरू कम भएको भन्दै महासङ्घले सुरु गरेको यो च्याम्पिअनशिप प्रत्येक वर्ष आयोजना हुने बताइएको छ। जहाँ दक्षिण एसियाका लीग च्याम्पिअन क्लबहरू सहभागी हुने छन्।यसको अर्थ अब दक्षिण एसियाका सात वटै देशले हरेक वर्ष अनिवार्य रूपमा महिला लीग फुटबलको आयोजना गर्नुपर्ने भएको छ।

यसपालि दुई देश माल्दिभ्स र श्रीलङ्काका महिला टोलीले भाग लिएनन्। बाँकी पाँच देशमा नेपालबाट लीग च्याम्पिअन सशस्त्र प्रहरी बलको एपीएफ एफसी, बाङ्लादेशको नास्रिन स्पोर्ट्स एकेडेमी, भारतको इस्ट बङ्गाल एफसी, पाकिस्तानको कराँची सिटी एफसी तथा भुटानको लीग च्याम्पिअन ट्रान्सपोर्ट युनाइटेड सहभागी छन्।

दशरथ रङ्गशालामा शनिवार हुने फाइनलमा एपीएफ र इस्ट बङ्गाल भिड्दैछन् । नेपाली महिला फुटबलमा पुरानै अनुहारहरू देखिएको लामो समय भइसकेको छ। पछिल्लो समय मिना देउवा, पूर्णिमा राई र प्रतीक्षा चौधरी जस्ता केही नयाँ अनुहारहरू देखिएका छन्।पुराना खेलाडीहरूको प्रतिस्थापन गर्ने समय नजिकिइरहेको बेला लीगको नियमित आयोजना हुँदा घरेलु महिला फुटबल प्रतिस्पर्धा बढ्ने छ र नयाँ खेलाडीहरू उत्पादन हुने देखिन्छ।अहिले पनि सावित्रा भण्डारी 'साम्बा' र प्रीति राई जस्ता खेलाडी नहुना साथ टोलीको प्रदर्शन असन्तुलित हुने अवस्था देखिइरहेको छ।

राष्ट्रिय महिला फुटबल टोलीका प्रशिक्षक नवीन न्यौपाने भन्छन्, " अहिले सीमित खेलाडीहरूको माझबाट खेलाडीहरू छान्नुपर्ने अवस्था छ। तर महिला क्लब फुटबल प्रतिस्पर्धा बढेमा राम्रा प्रतिभा छान्न हामीलाई मद्दत पुग्ने निश्चित छ।" १३ पटक फाइनलमा पुगेर पनि नेपाली महिला टोलीले अझसम्म कुनै अन्तर्राष्ट्रिय प्रतियोगिताको उपाधि जित्न सकेको छैन।महिला टोलीका लागि पदक 'धेरै नजिक तर अझै टाढा' जस्तो अवस्था छ। त्यसो हुनुको मुख्य कारण लगातार प्रतियोगिता नभएर हो।

महिला खेलाडीहरू लामो समय विश्राम लिन्छन् र एकै पटक ठुलो प्रतिस्पर्धामा उत्रिँदा आत्म विश्वास डगमगाउने गरेकोले यसो भएको फुटबल विश्लेषक सञ्जीव मिश्र बताउँछन्। उनी भन्छन्, "'फिनिसिङ टच'मा महिला खेलाडीहरू चुकिरहेका छन्। प्रतिस्पर्धाको सङ्ख्या कम हुनु त्यसको कारण हो। यस्ता प्रतियोगिताले खेलाडीहरूमा आत्मविश्वास बढ्ने र जित्न सिकाउने छ।" काठमाण्डूमा जारी प्रतियोगितामा सहभागी इस्ट बङ्गाल एफसी र कराँची सिटी एफसीले पाँच पाँच जना विदेशी खेलाडीहरू पनि अनुबन्धित गरेका छन्। जसले प्रतिस्पर्धा झन् कडा बनाएको देखिन्छ। जसमा युगान्डा, घाना, नाइजेरिया, जोर्डन र ट्युनिसिया लगायतका खेलाडी छन्। यसले खेलाडीहरूको प्रतिस्पर्धा स्तर उच्च बनाउन मद्दत पुग्ने छ।

नेपाली खेलाडीहरू विदेशमा गएर खेल्न थालेको धेरै भइसक्यो। भारतको महिला फुटबल लीग आईडब्ल्यूएलमा १ दर्जन नेपाली खेलाडीहरू पुगेर खेलिसके। हाल गोलकीपर एन्जिला तुम्बाप्पो सुब्बा सेथू एफसी बाट खेल्दै छन्। भुटानमा रक्षक पूजा राना खेलिसकिन्। क्लब च्याम्पियनशिपमा हुने प्रतिस्पर्धामा नेपाली खेलाडीमाथि विदेशी टोलीको आँखा लाग्न सक्ने छ। यति धेरै अवसरका माझ महिला फुटबल व्यवस्थापन एन्फाको लागि चुनौती पनि बन्न सक्छ ।यसै वर्षबाट महिला फुटबलको देशव्यापी नकआउट फुटबल प्रतियोगिताको सुरुआत भयो। महिलाको प्रतिस्पर्धा हेर्न दर्शकहरू ओइरिए ।

अन्तर्राष्ट्रिय प्रतिस्पर्धा पनि विगतको दाँजोमा यसपालि बढ्यो। यसले गर्दा खेलाडीहरू थकित भएको र सोचे अनुरूप प्रदर्शन गर्न नसकिरहेको एपीएफका प्रशिक्षक जीवेश पाण्डे बताउँछन्।उनी भन्छन्, "खेलाडीहरू व्यस्त हुनुपर्छ तर अस्तव्यस्त भने हुनु हुँदैन ।" एन्फाले नियमितमा सञ्चालन गर्नुपर्ने लीग, जिल्लाको नकआउट गोल्डकपहरू र अन्तर्राष्ट्रिय खेलको तालमेल मिलाउनु जरुरी छ । यी सबै तारतम्य मिलेमा महिला फुटबलले आगामी दिनहरूमा सफलताको कथाहरू रच्न सक्ने निश्चित छ ।

# सिरिया-इराक क्षेत्रमा अमेरिकी कारबाही तीव्र, ७० भन्दा बढी लक्ष्यमा आक्रमण

**एएफपी**

वासिङ्टन । अमेरिकी सेनाले शुक्रबार सिरियामा ७० भन्दा बढी इस्लामिक राज्य समूहका लक्ष्यमा आक्रमण गरेको छ। अमेरिकी राष्ट्रपतिले यसलाई 'धेरै गम्भीर प्रतिशोध' भएको बताउनुभयो । गत सप्ताहअन्तमा भएको आक्रमणमा तीन अमेरिकीको मृत्यु भएको थियो ।

वासिङ्टनका अनुसार, पाम्यारा शहरमा भएको आक्रमण एकल आक्रमणकारीले गरेको थियो । पाम्यारा युनेस्को सूचीमा सूचीकृत प्राचीन भग्नावशेषको लागि प्रसिद्ध छ र पहिले जिहादी लडाकूहरूको नियन्त्रणमा रहेको थियो । उक्त आक्रमणमा दुई अमेरिकी सैनिक र एक अमेरिकी नागरिकको मृत्यु भएको थियो ।यसको जवाफमा, अमेरिकी सेनाले 'सिरियाका विभिन्न स्थानमा युद्धपोत, आक्रमण हेलिकोप्टर र तोपखानाको प्रयोग गरी ७० भन्दा बढी लक्ष्यमा हमला गरेको' सेन्ट्रल कमाण्डले जनाएको छ ।



सेन्ट्रल कमाण्डका अनुसार, 'सञ्चालनमा सयभन्दा बढी सटीक हतियार प्रयोग गरेर आतङ्कवादी पूर्वाधार र हतियार भण्डारमा लक्षित गरिएको' थियो ।राष्ट्रपतिले आफ्नै सामाजिक सञ्जालमा लेख्नुभयो, "अमेरिका जिम्मेवार आतङ्ककारीहरूमा गम्भीर प्रतिशोध गरिरहेको छ ।"सेन्ट्रल कमाण्डले पाम्यारा आक्रमणपछि अमेरिकी र साझेदार सेनाले सिरिया र इराकमा १० वटा अभियान सञ्चालन गरेका छन्, जसमा २३ आतङ्ककारी मारिएका वा पक्राउ परेका छन् ।

सिरियाको विदेश मन्त्रालयले शुक्रबारको आक्रमणमा सिधा टिप्पणी नगरे पनि सामाजिक सञ्जालमा पोष्ट गर्दै भनेको छ,"देश आतङ्कवादी समूहसँग लड्न प्रतिबद्ध छ र 'सिरियामा कुनै सुरक्षित ठाँउ नहोस्' भनेर अभियान जारी राख्नेछ ।"पाम्यारा आक्रमणमा मारिएका अमेरिकीहरू आइओवा राज्यको राष्ट्रिय गार्डका सर्जन्ट विलियम होवार्ड र एडगर टोरेस टोवार र मिशिगनका नागरिक अयाद मन्सूर साकात हुन् । उहाँ अनुवादकको रूपमा कार्यरत थिए ।यो आक्रमण लामो समयदेखि सत्तामा रहेका बशर अल-असदको पदच्युत पछि पहिलो घटना हो । गृह मन्त्रालयका प्रवक्ता नुरुद्दिन अल-बाबा अनुसार, आक्रमण गर्ने व्यक्ति सुरक्षा बलको सदस्य थियो र आफ्नो चरम इस्लामवादी विचारका कारण हटाइने तयारीमा थियो ।

आईएससँग लड्न अमेरिकी सेनाका कर्मचारीहरूले 'आतङ्कवादी विरोध अभियान' मा सहयोग गरिरहेका थिए । सन् २०१४ मा आईएसले सिरिया र इराकमा ठूलो भू-भाग कब्जा गरेको थियो ।जिहादीहरू अन्ततः स्थानीय भूमि सेनाले अन्तर्राष्ट्रिय हवाई आक्रमणको सहयोगमा पराजित भए पनि आईएस अझै सिरियामा सक्रिय छ। हाल अमेरिकी सेनाहरू सिरियाको कुर्द नियन्त्रण क्षेत्रमा र जा'र्डन सिमानामा रहेका अल-तान्फमा तैनाथ छन् ।

# पश्चिमा विश्वले रुसलाई सम्मानजनक व्यवहार गरे अरु युद्ध नगर्ने पुटिनको वाचा



**बीबीसी**

काठमाण्डु । रुसी राष्ट्रपति भ्लादिमिर पुटिनले रुसलाई सम्मानपूर्वक व्यवहार गरिए युक्रेनपछि अर्को कुनै युद्ध नहुने बताएका छन्।मस्कोले युरोपेली देशहरूमा आक्रमण गर्ने योजना बनाएको भन्ने दाबीलाई उनले "बेतुकका" भनेर खारेज गरेका छन्।टेलिभिजनमा प्रसारित करिब साढे चार घण्टाको एक कार्यक्रममा बीबीसीकास्टीभरोजन्बर्गलेउनलाई प्रश्न सोधेका थिए।रोजन्बर्गले युक्रेनमा जारी पूर्ण युद्धका लागि पुटिनले प्रयोग गर्ने शब्दावलीकै प्रयोग गरेर के त्यहाँ नयाँ "विशेष सैन्य कारबाही" हुँदैछ भनि सोधेका थिए।

"यदि तपाईँले हामीलाई सम्मानपूर्वक व्यवहार गर्नुभयो भने र यदि तपाईँले हाम्रो हितलाई हामीले सधैँ तपाईँको हितलाई सम्मान गर्ने प्रयास गरेझैँ गर्नुभयो भने कुनै कारबाही हुँदैन," उनको जोड थियो। यसै महिनाको सुरुमा पुटिनले रुसले युरोपसँग युद्ध गर्ने योजना नबनाएको तर युरोपेलीहरूले चाहेको खण्डमा भने आफ्नो देश "अहिल्यै" तयार रहेको बताएका थिए। शुक्रवार बीबीसीका रुस सम्पादकको प्रश्नको जवाफ दिँदै पुटिनले "यदि तपाईँले नेटोको पूर्वतिर विस्तार गरेर हामीलाई धोका दिएजस्तै हामीलाई धोका दिनुभएन भने" त्यस्तो सर्तमा थप रुसी आक्रमणहरू नहुने बताए।

लामो समयदेखि उनले नेटोमाथि सोभियत सङ्घको पतन हुनुअघि तत्कालीन सोभियत नेता मिखाइल गोर्बाचेभलाई सन् १९९० मा दिइएको पश्चिमी वाचाबाट पछि हटेको आरोप लगाउँदै आएका छन्। मस्कोको एक हलमा एकोहोरो चलेको "डाइरेक्ट लाइन" कार्यक्रममा रुसी जनता र रुसभरका पत्रकारहरूका प्रश्नहरू संयुक्त रूपमा लिइएको थियो। त्यहाँ पुटिन सन् २०१४ मा कब्जा गरिएको क्राइमियासहित युक्रेनको कब्जा गरिएका क्षेत्रहरूलाई समेटेको विशाल रुसी नक्सामुनि बसेका थिए।

रुसी सरकारी टिभीले उक्त कार्यक्रमका लागि तीस लाखभन्दा बढी प्रश्नहरू प्राप्त भएका दाबी गरेको छ।उक्त कार्यक्रमको केही घण्टापछि युक्रेनी अधिकारीहरूले युक्रेनको दक्षिणी ओडेसा क्षेत्रमा रुसी मिसाइल आक्रमणमा सात जना मारिएको र थप १५ जना घाइते भएको बताएका छन्।

युक्रेनमा रुसी आक्रमण सन् २०२२ को फेब्रुअरीमा सुरु भएको थियो। "डाइरेक्ट लाइन" कार्यक्रम धेरैजसो निकै योजनाबद्ध तरिकाबाट प्रस्तुत गरिने भए तापनि आमजनताबाट आएका केही आलोचनात्मक टिप्पणीहरू ठूलो पर्दामा देखा परेका थिए।जसमा एकजनाले उक्त कार्यक्रमलाई "सर्कस" भनेर उल्लेख गरेका थिए अर्का एकजनाले इन्टरनेट अवरोधलाई लिएर आक्रोश व्यक्त गरेका थिए। त्यसैगरी पिउने पानीको खराब गुणस्तरबारे समेत त्यहाँ प्रश्न प्रस्तुत गरिएको थियो।

अधिकारीहरूले युक्रेनी ड्रोन आक्रमणलाई मोबाइल इन्टरनेट अवरोध देखा पर्नुको कारण भनेका छन्।पुटिनले रुसको कमजोर बनिरहेको अर्थतन्त्रलाई पनि सम्बोधन गरे। मूल्यवृद्धिका साथै भ्याट बढ्न लागेको विषय पनि त्यहाँ उठेको थियो। राष्ट्रपतिलाई प्रेषित एक सन्देशमा लेखिएको थियोः "सबै कुरामा अचाक्ली भइरहेको मूल्यवृद्धिलाई रोक्नुहोस्।" क्रेमलिनले नियमित रूपमा देशको अर्थतन्त्र सहज अवस्थामा रहेको उजागर गर्न वर्षको अन्त्यमा हुने यस कार्यक्रमलाई प्रयोग गर्छ। पुटिन त्यहाँ बोल्दै गर्दा रुसको केन्द्रीय ब्याङ्कले ब्याजदर घटाएर १६ प्रतिशतमा झार्ने घोषणा गऱ्यो। त्यहाँ विदेश नीति तथा आन्तरिक मामिलाका प्रसङ्गहरू पनि उठे तर युक्रेनमा झण्डै चार वर्षदेखि चलिरहेको पूर्ण आकारको युद्धको विषय कुनै बेला पनि टाढिएन। उक्त विषय प्रायः प्रश्नहरूसँग जोडिएको थियो।

पुटिनले युक्रेन युद्ध "शान्तिपूर्ण रूपमा" अन्त्य गर्न "तयार र इच्छुक" भएको दाबी गरे तापनि सम्झौताको कमै सङ्केत दिए। उनले सन् २०२४ को जुन महिनामा गरेका आफ्ना भाषणमा उल्लेख गरेका सैद्धान्तिक कुराहरूप्रति पुनः जोड दिए। त्यसबेला उनले युक्रेनी सेनालाई रुसले आंशिक रूपमा कब्जा गरेका चार क्षेत्रहरू छाड्न र किएभलाई नेटोमा सामेल हुने प्रयत्न त्याग्न माग गरेका थिए । रुसको मुख्य मागहरूमध्ये युक्रेनको पूर्वी डोनबासमाथिको पूर्ण नियन्त्रण हो जसमा रुसले कब्जा गर्न नसकेको डोनेत्स्क क्षेत्रको लगभग २३ प्रतिशत भूभाग समावेश छ ।

# जापान र एसियाली राष्ट्रबीच आर्थिक सहकार्य विस्तार

**एएफपी**

टोकियो । जापानले मध्य एसियामा आगामी पाँच वर्षभित्र १९ अर्ब डलर बराबरका व्यापार परियोजनाहरू सञ्चालन गर्ने लक्ष्य सार्वजनिक गरेको छ । यो पहल जापानले यस क्षेत्रमा आफ्नो सकारात्मक उपस्थिति र सहयोग विस्तार गर्ने प्रयासको रूपमा लिएको हो ।

प्रधानमन्त्री सानाए ताकाइचीले टोकियोमा पाँच मध्य एसियाली राष्ट्रका नेताहरूसँग पहिलो शिखर सम्मेलन आयोजना गर्नुभयो। बैठकपछि जारी संयुक्त वक्तव्यअनुसार जापानले मध्य एसियामा पाँच वर्षभित्र कुल तीन करोड येन बराबरका व्यापार परियोजनाको लक्ष्य तय गरेको छ ।जापानले दुर्लभ धातु आपूर्ति विविधिकरण गर्न र चीनमा निर्भरता कम गर्न यस क्षेत्रमा लगानी गर्न इच्छुक छ ।

वक्तव्यमा उल्लेख छ,"प्राकृतिक स्रोत र ऊर्जा स्रोतले धनी मध्य एसियाले अन्तर्राष्ट्रिय बजारसँग पहुँच विस्तार गर्नु महत्वपूर्ण छ ।"नेताहरूले महत्त्वपूर्ण धातु आपूर्ति श्रृंखला सुदृढीकरणका लागि सहयोग बढाउने, आर्थिक विकास प्रवर्द्धन गर्ने र वातावरणीय लक्ष्यहरू प्राप्त गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

साथै, उहाँहरूले रूस, चीन र युरोपेली सङ्घका शीर्ष नेतासँग यस वर्ष अलग-अलग शिखर सम्मेलन पनि गरेका छन् । विशेषज्ञहरूले यस शिखर सम्मलनलाई जापानको क्षेत्रीय उपस्थिति बलियो बनाउन महत्वपूर्ण कदमको रूपमा मूल्याङ्कन गरेका छन् ।मध्य एसियाका राष्ट्रहरू प्राकृतिक स्रोतमा धनी भए पनि आर्थिक अवस्थाका कारण यी स्रोतहरूको उपयोग चुनौतीपूर्ण रहिरहेकाले सहकार्य र समन्वय आवश्यक छ ।

# गाजा क्षेत्रमा १६ लाख मानिस गम्भीर खाद्य सङ्कटको जोखिममा

**पुसिन्ह्वा**

गाजा । संयुक्त राष्ट्र महासचिव एन्टोनियो गुटेरेसले गाजा क्षेत्रमा करिब १६ लाख मानिस गम्भीर खाद्य अभाव र कुपोषणको उच्च जोखिममा रहेको चेतावनी दिनुभएको छ । उहाँले शुक्रबार सञ्चारकर्मीहरूसँग कुरा गर्दै बताउनुभयो," हालको परिस्थितिमा अकाल केही हदसम्म टालिएको छ र धेरै मानिसहरूले जीवित रहन आवश्यक खाना प्राप्त गर्न सक्षम भएका छन् ।" संयुक्त राष्ट्र र उसका साझेदार संस्थाहरूले दैनिक रूपमा लाखौँ मानिसलाई तातो भोजन उपलब्ध गराइरहेका छन् र सम्पूर्ण गाजामा खाद्य सहायता वितरण गरिरहेका छन् ।



महासचिव गुटेरेसले भन्नुभयो," स्वच्छ पानी थप समुदायसम्म पुग्न थालेको छ, केही स्वास्थ्य सेवा केन्द्रहरू पुनः सञ्चालनमा आएका छन् । " उहाँले यस सुधारको श्रेय मानवीय कामदार, सदस्य राष्ट्र र नागरिक-सैन्य समन्वय केन्द्रबीचको सहकार्यलाई दिनुभयो । तर उहाँले सावधानीका साथ यी उपलब्धिहरू अझै नाजुक छन् र जोखिमपूर्ण अवस्थामा रहेको उल्लेख गर्नुभयो ।

गुटेरेसका अनुसार अक्टोबरदेखि संयुक्त राष्ट्रले सेवा निरन्तर सञ्चालनमा राख्ने प्रयास गरिरहेको छ, तर आवश्यकताहरूको वृद्धि सहयोगको क्षमताभन्दा छिटो भइरहेको छ । महासचिवले दीर्घकालीन युद्धविराम आवश्यक भएको र थप प्रवेश नाका खोल्ने, अत्यावश्यक सामग्रीमाथि लगाइएको प्रतिबन्ध हटाउने, प्रशासनिक झन्झट कम गर्ने, गाजाभित्र सुरक्षित आवागमन सुनिश्चित गर्ने, दीगो वित्तीय सहयोग सुनिश्चित गर्ने र अवरोधरहित मानवीय पहुँच प्रदान गर्ने आवश्यकता औँल्याउनुभयो ।

त्यसैगरी, उहाँले पश्चिमी किनारामा पनि अवस्था संवेदनशील रहेको र त्यहाँ प्यालेस्टिनीहरूले बढ्दो हिंसा, जमिन कब्जा, घर भत्काइ र कडा आवागमन प्रतिबन्धको सामना गरिरहेको बताउनुभयो ।

# राहुघाट जलविद्युत् आयोजना : ९० प्रतिशत बढी भौतिक प्रगति



म्याग्दी । नेपाल विद्युत् प्राधिकरणको सहायक कम्पनी रघुगङ्गा हाइड्रोपावर प्रवर्द्धक रहेको ४० मेगावाट क्षमताको राहुघाट जलविद्युत् आयोजना निर्माणको ९० प्रतिशत भौतिक प्रगति भएको छ । सुरुङ, बाँध र विद्युत्गृहको भौतिक संरचना निर्माण, उपकरण जडान अन्तिम चरणमा पुगेको आयोजना विद्युत्लाई केन्द्रीय ग्रिडमा जोड्ने स्वीचयार्ड निर्माणमा जुटेको छ । रघुगङ्गा हाइड्रोपावरका आयोजना व्यवस्थापक राज विष्टले अबको तीन महिना (मार्च)मा परिक्षण उत्पादन सुरु गर्ने लक्ष्यसहित निर्माण भएका संरचनालाई पूर्णताः दिन लागिएको जानकारी दिनुभयो ।

"सिभिल, हाइड्रो र इलेक्ट्रोमेकानिकलका कामलाई बिट मार्दै लगिएको छ", उहाँले भन्नुभयो, "२० मेगावाटको टर्वाइन जडान गरेर ड्राई टेस्टिङ गर्न तयार पारेका छौँ। मार्च महिनाभित्र परीक्षण उत्पादन सुरु गर्ने लक्ष्यसहित ठेकेदार परिचालन भएको छ ।"भारतीय सिभिल ठेकेदार कम्पनी जयप्रकाश एसोसियट्स (जेपी)ले ४५ महिनामा सम्पन्न गर्ने लक्ष्य सहित २०१७ नोभेम्बर १७ (२०७४ मङ्सिर ६ गते) रु छ अर्बमा ठेक्का सम्झौता गरेको थियो । सन २०२२ फेब्रुअरीमा पहिलो, सन् २०२२ फेब्रुअरीमा दोस्रो र २०२५ नोभेम्बरसम्मका लागि तेस्रो पटक म्याद थपिएको थियो। चौथो पटक मार्च महिनासम्मका लागि म्याद थप भएको छ।

रघुगङ्गा गाउँपालिका-४ दग्नाम र वडा नं ५ झिँ को फेदीमा बाँध, छ किलोमिटर २७० मिटर लामो मुख्य सुरुङ र तिल्केनीचौरमा विद्युत्गृह निर्माणको काम ९० प्रतिशतभन्दा बढी सकिएको छ । कोरोना महामारी, बाढी, पहिरोजस्ता प्राकृतिक विपद् र नदीजन्य निर्माण सामग्रीको अभावका कारण आयोजना निर्माणमा ढिलाइ भएको ठेकेदार कम्पनी जेपीका आयोजना व्यवस्थापक हरिश अग्रवालले बताउनुभयो । भारत हेभी इलेक्ट्रिकल्स लिमिटेड (भेल)सँग विसं २०७६ कात्तिकमा एक करोड दुई लाख ९३ हजार २२.३५ अमेरिकी डलरमा भएको इलेक्ट्रोमेकानीकल ठेक्का सम्झौताको म्याद यही डिसेम्बर ३१ मा सकिदैछ्। भेलले अधिकांश उपकरण आयात सकेर जडानको काम गरिरहेको छ।

भारतीय आयात निर्यात (एक्जीम) बैंकको ६७ मिलियन अमेरिकी डलर सहुलियतपूर्ण ऋण तथा नेपाल विद्युत् प्राधिकरण र नेपाल सरकारको संयुक्त लगानीमा कम्पनीको अवधारणा र इन्जिनियरिङ प्रक्युमेन्ट एन्ड कन्ट्रयाक्ट (इपिसी) प्रारूपमा राहुघाट जलबिद्युत आयोजना सञ्चालन गरिएको हो । कमजोर आर्थिक अवस्थाका कारण २०७२ मा पुरानो ठेकेदार आइभिआरसिएल सँगको ठेक्का तोडेर नयाँ प्रक्रियाबाट निर्माण अघि बढाइएको थियो । पछिल्लो पटक छनोट भएको सिभिल ठेकेदार जयप्रकाश एसोसियट्स (जेपी)ले २०७५ असारमा पहुँचमार्ग र २०७६ असारमा सुरुङ खन्न सुरु गरेको थियो ।

यस आयोजनाले वार्षिक रु २४ करोड पाँच लाख ९३ हजार ३४ युनिट विद्युत् उत्पादन गर्ने लक्ष्यसहित २०७५ चैतमा विद्युत् खरिद बिक्री सम्झौता (पिपिए) गरेको थियो । राहुघाटबाट उत्पादन हुने विद्युत् केन्द्रीय ग्रिडमा जोड्न कालीगण्डकी कोरीडोरअन्तर्गत २२० केभी (डबल सर्किट) क्षमताको दाना-कुश्मा प्रसारण लाइनमा लिलो माध्यमबाट जोडिने छ । चार वटा टावर र प्रसारण लाइन पनि बनिसकेको छ ।रासस

# महँगो शुल्कले सुस्तायो पोखराको 'पुतली जहाज' को उडान




पोखरा । शिरानमा चाँदी जस्तै टल्किरहेका माछापुच्छ्रे र अन्नपूर्ण हिमशृङ्खला । तल फेवा, बेगनास, रुपा, मैदीदेखि दिपाङ र गुँदे, खास्टे, न्यरेनीसम्मका तालले शृङ्गारिएको पोखरा । यो सुन्दरतालाई आकाशबाट हेर्न चाहनेका लागि लोकप्रिय 'अल्ट्रालाइट उडान' अहिले सुस्ताएको छ। अल्ट्रालाइटको उडानमार्फत हावाको बेगसँग रमाउने पर्यटकको अहिले अभाव हुन थालेको छ।

दुई जना मात्र बस्न मिल्ने, हेर्दा सानो र आकाशमा उड्दा रङ्गीचङ्गी पुतली जस्तै देखिने भएकाले यसलाई स्थानीयहरु पुतली जहाज पनि भन्छन् । कुनै समय पर्यटकीय नगरी पोखरामा साहसिक पर्यटकलाई अल्ट्रालाइट अर्थात 'पुतली जहाज' ले लोभ्याइरहेको थियो । खुला आकाशमा हावाको वेगसँगै कावा खाँदै ३६० डिग्रीमा प्रकृतिको मनोरम दृश्यवलोकन गर्न पाइने यो साहसिक गतिविधिमा रुची राख्नेहरुको रोजाइमा पर्ने यो जहाजमा अहिले पर्यटकको कमी हुन थालेको छ । शुल्क महँगो भएकाले आन्तरिक तथा बाह्य पर्यटकहरु यो गतिविधिबाट टाढिन थालेको एभिया क्लबकी प्रबन्ध निर्देशक नतासा श्रेष्ठको बुझाइ छ । "पहिले धेरै राम्रो थियो तर अहिले शुल्क महँगो भयो, नागरिक उड्डयन प्राधिकरणले 'टेक अफ' र 'ल्याण्डिङ' को शुल्क बढाएपछि उडान शुल्क महँगो हुन गर्‍यो, यसले व्यवसायमा ठूलो मार परेको छ।"

केही वर्षअघिसम्म रु आठ हजार पाँच सयमा पर्यटकले आकाशमा उडेर आनन्द लिन पाउँथे भने अहिले यो शुल्क बढेर रु १७ हजार ५०० पुगेको छ। शुल्क दोब्बर हुँदा अल्ट्रालाइट गर्ने पर्यटक सङ्ख्या घटेको उहाँको भनाइ छ । 'एड्भेञ्चरको माता' को उपनाम पाउनुभएकी श्रेष्ठ नेपालमा साहसिक हवाई पर्यटनको परिकल्पनाकार मानिनुहुन्छ। 'एभिया क्लब नेपाल' ले विसं २०५३ मा प्रबन्ध निर्देशक नताशा श्रेष्ठ र उहाँका रुसी साझेदारहरुले यसलाई नेपाल भित्र्याउनुभएको थियो । पोखराको भूगोल अल्ट्रालाइटका अनुकूल मानिन्छ। पोखरामा अल्ट्रालाइट दक्षिण एसियामै पहिलो पटक सञ्चालनमा आएको हो । श्रेष्ठले नेपालमा यसको सम्भावना राम्रो रहेको उल्लेख गर्दै यसमार्फत विश्व बजारमा नेपाल चिनाउन र पर्यटन भित्र्याउन सकिने धारणा राख्नुभयो ।

दक्ष जनशक्ति र राज्यको पर्यटनमैत्री नीतिको अभावले निजी क्षेत्रका व्यवसाय धरासायी हुँदै जानु र नयाँ लगानीमा सम्भावना कम हुँदै जाँदा पर्यटन क्षेत्रलाई असर गरेको उहाँको भनाइ छ। "सुरुमा पोखरामा यस्तो साहसिक खेल भित्र्याउँदा धेरैलाई अनौठो लागेको थियो, तर आज यो पोखराको पहिचान बनेको छ", श्रेष्ठ भन्नुभयो, "हामीले पोखराको पर्यटनलाई केवल ताल र गुफामा सीमित नराखी आकाशको उचाइसम्म पुऱ्याउन सफल भएका छौं यसको प्रवर्द्धन विस्तार जरुरी छ। "उहाँका अनुसार सुरुवाती दिनहरूमा अल्ट्रालाइट उडाउन पूर्णरूपमा रुसी पाइलटहरूमा भर पर्नुपर्ने अवस्था थियो । एभिया क्लबले नै अनुभवी रुसी पाइलट ल्याएर यसको उडान सुरु गरेको हो। तर, अहिले नेपाली युवा पाइलटले नै उडान गर्न थालेका छन्।

हाल पोखरा एभिया क्लब र पोखरा अल्ट्रालाइट प्रालिले मात्र यो सेवा प्रदान गरेको पोखरा अल्ट्रालाइटका प्रबन्ध निर्देशक पोमनारायण श्रेष्ठले जानकारी दिनुभयो। उहाँका अनुसार कुनै समय दिनको ४० उडान गर्दै आएका कम्पनिले अहिले दिनको चार वटा उडानमा सीमित हुनुपर्ने अवस्था आएको छ ।पर्यटकलाई आकर्षित गर्ने गतिविधिमा राज्यले पर्यटनमैत्री नीति बनाएर सहजको वातावरण गराउन सके नीति क्षेत्रलाई राहत मिल्ने र पर्यटन प्रवर्द्धन हुने उहाँको भनाइ छ। कुनै समय साहासिक गतिविधिमा रुची राख्ने पर्यटकले रुचाएको अल्ट्रालाइट अहिले पर्यटकको अभाव र चर्को शुल्कले सुस्ताउनु दुर्भाग्य भएको उहाँको बुझाइ छ।

केही वर्षअघि विदेशी साथिसँगै अल्ट्रालाइटको उडान भरेका पोखराका रामबजारका विकास गुरुगंले अहिले शुल्क बढी भएको गुनासो गर्नुभयो । "अहिले शुल्क महँगो भयो, शुल्क घटाउने हो भने आन्तरिक पर्यटक आकर्षित गर्न सकिन्छ", उहाँले भन्नुभयो । उहाँले साहसिक खेलमा प्याराग्लाइडिङ अल्टालाइट आआफ्नै विशेषता रहेको सुनाउनुभयो । गुरुङले भन्नुभयो, "विदेशी पर्यटकहरू त झन् पोखराको यो उडानलाई विश्वकै उत्कृष्टमध्ये एक मान्छन्, धेरै देशमा उडान भरेका मेरा एक जर्मनी साथिले पोखराको आकाश उडेपछि यहाँको सुन्दरताको निकै तारिफ गरेका थिए।"रासस

# साँघुरा ढोकाले थापाथलीका चार अखडामा गाई पाल्न समस्या



काठमाण्डु । एसियाली विकास बैंक (एडिबी) को सहयोगमा पुनर्निर्माण भएका थापाथली क्षेत्रका चार अखडाका ढोका साँघुरा हुँदा गाई पाल्ने परम्परा नै लोप हुने अवस्था सृजना भएको छ।

विसं २०७२ वैशाख १२ गतेको भूकम्पले भत्किएका यस क्षेत्रका सम्पदाको पुनर्निर्माण अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिले गरेको हो । बनेका यस क्षेत्रका सम्पदास्थलका गौशालाका ढोका साँघुरा हुँदा समस्या भएको हो। अधिकार सम्पन्न वाग्मती समितिका इञ्जिनीयरले गरेको इञ्जिनीयरिङअनुसार पुनर्निर्माण भएका गौशालाका ढोका साँघुरा हुँदा समस्या भएको श्रीराम मन्दिर वैरागी अखडा थापाथलीका महन्त रामस्वरुप वैष्णवदासले राससलाई जानकारी दिनुभयो।

भूकम्पअघि थापाथली क्षेत्रका चार अखडामा गरी १५० वटा गाई पालिन्थ्यो । भूकम्पपछि बनेका गौशालाका ढोका साँघुरा हुँदा गाई पाल्ने हिसाबले मात्र प्रत्येक अखडामा एक, दुई गाई पालिएको छ। यी गौशालामा गाई पाल्न धेरै अप्ठ्यारो परेको गौसेवकको गुनासो छ। समितिका इञ्जिनीयरले ध्यान दिन नसक्दा यस्तो समस्या आएको काठमाडौं महानगरपालिका-११ का अध्यक्ष हीरालाल तण्डुकार बताउनुहुन्छ ।थापाथली क्षेत्रमा वैरागी अखडासँगै उदासी, सन्न्यासी र गोरखनाथ अखडा पनि छन्। प्रधानमन्त्री जङ्गबहादुर राणाले बेलायतबाट फर्केपछि थापाथलीमा चार अखडामा विभाजन भएका उहाँले सुनाउनुभयो ।रासस

# तनहुँ जलविद्युत् आयोजना प्रभावितद्वारा मुआब्जा माग




दमौली । तनहुँ जलविद्युत् आयोजनाबाट प्रभावित व्यास नगरपालिका-१३ बेलवासका स्थानीयले मुआब्जा माग गरेका छन्। आयोजनाका कारण व्यास नगरपालिका-१३ स्थित बेलबास सङ्कटमा परेको दाबी गर्दै त्यसको उचित क्षतिपूर्ति र मुआब्जा उपलब्ध गराउन उनीहरुले माग गरेका हुन्।

बेलबासका स्थानीय ऋषिङ गाउँपालिका-१ झापुटारमा निर्माणाधीन १४० मेगावाट क्षमताको आयोजनाबाट प्रभावित हुने भएपछि आन्दोलित छन्। तनहुँ जलविद्युत आयोजनाको कारण बेलबास डुबानमा पर्ने भएकाले उचित मुआब्जा दिनुपर्ने सरोकार समितिका सदस्य मेघनाथ आचार्यको भनाइ छ । एसियाली विकास बैङ्कको विस्तृत अध्ययन प्रतिवेदनमा आयोजना सञ्चालनमा आएपछि बेलबास डुबानको जोखिम औँल्याइएको छ।

आयोजनाको कार्यालय सुरक्षाका लागि बनाइएको तटबन्धको कारण सेती नदीको धार बेलबासतर्फ सोझिएको कारण बेलबासको बस्ती उच्च जोखिममा पर्ने भएको छ । भविष्यमा सेती नदीमा आउने बाढीले बेलबास बगाउने सम्भावना भएको कारण बेलबासको सम्पूर्ण बस्तीलाई अन्यत्र सार्नुपर्ने हुँदा त्यहाँका बासिन्दालाई उचित मुआब्जा दिनुपर्ने उहाँको भनाइ छ।

केही दिनअघि तनहुँ आउनुभएका ऊर्जा तथा जलस्रोत मन्त्री कुलमान घिसिङ समक्ष सरोकार समितिका संयोजक यामबहादुर आलेले बेलबासको बस्ती जोखिममा पर्ने बारेमा ध्यानाकर्षण गराउनुभएको थियो । आलेले आयोजनाबाट एक सय ७० घरधुरी प्रभावित हुने जानकारी दिनुभयो ।रासस

# सुनौलो परिवार नेपाल र रिलायन्स फाइनान्स लिमिटेडबीच सहकार्य




काठमाण्डु । यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी जनचेतना अभिवृद्धि तथा सेवाको पहुँच विस्तार गर्ने उद्देश्यले सुनौलो परिवार नेपाल र रिलायन्स फाइनान्स लिमिटेडबीच आपसी सहकार्य भएको छ।

यससम्बन्धी द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर भएको छ। सम्झौताअनुसार रिलायन्स फाइनान्स लिमिटेडसँग आबद्ध कर्मचारी, सेवाग्राहि तथा आन्तरिक एवं बाह्य सरोकारवालाले सुनौलो परिवार नेपालद्वारा सञ्चालित मेरी स्टोप्स सेन्टरबाट प्रदान गरिने यौन तथा प्रजनन स्वास्थ्यसम्बन्धी सेवाहरू १० प्रतिशत छुट्मा प्राप्त गर्न सक्नेछन्।

मेरी स्टोप्स सेन्टर हाल विभिन्न १८ जिल्लामा सञ्चालित छन् । ती जिल्लामा सञ्चालित २२ 'मेरी स्टोप्स् सेन्टर'हरूले सुरक्षित गर्भपतन सेवाका साथै परिवार योजना र महिलाहरूको महिनावारी सुरु भएदेखि बन्द नहुन्जेलसम्मका सम्पूर्ण प्रजनन स्वास्थ्यसम्बन्धी परामर्श र गुणस्तरीय सेवा उपलब्ध गराउँदै आइरहेका छन् ।सेवा प्रदान गरिएका ती स्थानमा कोशीको (विर्तामोड, विराटनगर, इटहरी), मधेस (वीरगञ्ज, लहान, लालबन्दी), बागमती (चुच्चेपाटी, गोङ्गबु, पुतलीसडक, सातदोबाटो, नारायणगढ), लुम्बिनीको (बर्दघाट, भैरहवा, बुटवल, चन्द्रौटा, दाङ, कोहलपुर र तौलिहवा), गण्डकीको (डुम्रे र पोखरा) कर्णालीको (सुर्खेत) सुदूरपश्चिमको अत्तरिया छन्।

उक्त सम्झौता हस्ताक्षर समारोह कार्यक्रममा सुनौलो परिवार नेपालका प्रोग्राम तथा पार्टनरशिप म्यानेजर सृष्टि मैनाली र मार्केटिङ तथा कम्युनिकेसन म्यानेजर हिमा मिश्रको उपस्थिति थियो भने रिलायन्स फाइनान्स लिमिटेडका प्रमुख कार्यकारी अधिकृत समाज प्रकाश श्रेष्ठ तथा प्रमुख सञ्चालन अधिकृत रविन शाक्य तथा अन्य कर्मचारीको उपस्थिति थियो । दुवै संस्थाबीच भएको यस सहकार्यले वित्तीय संस्थासँग समुदायमा यौन तथा प्रजनन स्वास्थ्य सेवाको पहुँच बढाउनुका साथै सचेतना अभिवृद्धि गर्न महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ ।रासस

# योजना पुरा नहुँदै कालोपत्र सडकमा खाल्डा पर्न थाल्यो

भकुण्डे । बेनी नगरपालिकाको रत्नेचौरर-भकुण्डे सडक योजना निर्माण पुरा नहुँदै कालोपत्र भएको सडकमा खाल्डा पर्न थालेको छ।

सडक डिभिजन कार्यालय बागलुङमार्फत 'एक निर्वाचन क्षेत्र, एक सडक' आयोजना अन्तर्गत सञ्चालित बेनी नगरपालिका-१ रत्नेचौरदेखि वडा नं २ भकुण्डे जोड्ने सडकको उपल्लाचौर-अर्जम-बिमिराबोट खण्डको सडकमा हालै डिबिएसडी प्रबिधीको कालोपत्र भएको थियो। बेनी नगरपालिका-२ भकुण्डेका बासिन्दा भिमबहादुर पौडेलले बिटुमिनले सडकमा बिछ्याएको चिप्स नसमातेको र खाल्डै खाल्डा बनेको बताउनुभयो । "पहिलो पटक कालोपत्र गर्दा दोस्रो पटक सुधार्ला भन्ने आशा थियो," उहाँले भन्नुभयो, "तर दोस्रो पटक कालोपत्र गरिएपछि पनि बिटिमुनले चिप्स नसमातेपछि खाल्डै खाल्डा भएको छ।"

बेनी नगरपालिकाले शुक्रबार भकुण्डेमा आयोजना गरेको सार्वजनिक सुनुवाई कार्यक्रममा सहभागी अर्जम, भकुण्डेका बासिन्दाले सडक स्तरोन्नति योजना निर्माणका क्रममा तोकिएको मापदण्ड र गुणस्तरअनुसारको काम नभएको भन्दै प्रश्न उठाएका छन्। पूर्णबहादुर सुवेदी, भिमबहादुर रिजाल, डम्मर सापकोटालगायतले सडक निर्माणमा देखिएको कमजोरीको विषयमा सम्बद्ध कार्यालयमा गुनासो गर्दा पनि सुनुवाई नगरेको गुनासो गर्नुभयो । उपल्लाचौर-अर्जम-बिमिराबोट खण्डमा हालै दोस्रो चरणको कालोपत्र सकिएको थियो। बिमिराबोट-भकुण्डे-तमाने खण्डको सडकमा कालोपत्रका लागि संरचना तयार पारेर बेस र सबबेस राख्ने तयारी भएको छ।

सार्वजनिक सुनुवाई कार्यक्रममा बेनी नगरपालिकाका नगर प्रमुख सुरत केसी, उपप्रमुख ज्योती लामिछाने, वडा अध्यक्ष यामबहादुर कार्कीले सडक निर्माणमा भएको लापरबाहीका बारेमा अनुगमन समितिले लिखित पत्र पठाउँदासमेत बेवास्ता भएको बताउदै पुनःएक पटक सडक डिभिजन र ठेकेदारलाई बिग्रिएको सडकलाई सुधार गर्न लगाउने प्रयास गर्ने प्रतिवद्धता जनाउनुभयो ।"सङ्घीय योजनाका ठूला ठेकेदारले हामीमार्फत भुक्तानी नहुने र सिफारिस नचाहिने योजनाका विषयमा टेरपुच्छरनै लगाउँदैनन्," उहाँले भन्नुभयो, "रत्नेचौर-भकुण्डे सडक निर्माणमा भएको लापरबाही योजनाको म्याद छँदै सुधार गर्नतर्फ सहजिकरण र समन्वय गरेपनि सफल भएका छैनौं।"

सात किलोमिटर सडक विस्तार, नाली, टेवा पर्खाल निर्माण, घुम्ती तथा ग्रेड सुधार गरेर कालोपत्रका लागि सञ्चालित योजनाको आधाभन्दा बढी भाग दोस्रो चरणको पनि कालोपत्र भइसकेको छ। नौ मिटर फराकिलो बनाइएको सडकमा सात मिटर चौडाइका दरले डिबिएसडी प्रविधिको कालोपत्र र ढलान गर्ने सम्झौता छ । उक्त योजना निर्माण गर्न विसं २०७९ भदौ ६ गते गजेन्द्र-नयाँबाटो जेभीले रु २३ करोड ३२ लाखमा ठेक्का सम्झौता गरेको थियो। ३० महिनाको ठेक्का अवधी भएको योजनाको म्याद २०८२ फागुन महिनासम्म थप भएको छ। रासस


मधेश प्रदेश सरकार

## खेलकुद तथा समाज कल्याण मन्त्रालय

जनकपुरधाम

## सिलबन्दी दरभाउपत्र आव्हान सम्बन्धी सूचना

प्रथम प्रकाशन मिति : २०८२/०९/०६

१. मधेश प्रदेश, खेलकुद तथा सामाजक कल्याण मन्त्रालयले सिलबन्दी दरभाउ (Sealed Quotation) खरिद प्रक्रिया अन्तर्गत निम्न योजनाहरूका लागि नेपालका योग्य बोलपत्रदाताहरूबाट विद्युतीय सिलबन्दी दरभाउ बोलपत्र आह्वान गरेको छ।

२. योग्य बोलपत्रदाताहरूले थप जानकारी प्राप्त गर्न खेलकुद तथा सामाज कल्याण मन्त्रालयको कार्यालयमा सम्पर्क गर्न सक्नेछन् वा PPMO को वेबसाइट bolpatra.gov.np/egp बाट जानकारी प्राप्त गर्न सक्नेछन्।

| क्र. सं. | आयोजनाको नाम | ठेक्का नं. | अनुमानित लागत (भ्याट बाहेक) | बोलपत्र जमानत रकम | बोलपत्र दस्तुर | पेश गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|---|
| १. | नगराइन नगरपालिका, वडा नं. ८ मा ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण कार्य | MOSSW/Work/ 82–83/SQ–1 | रु.१७,१८,११८।९० | रु.४८,०००/- | रु.१,०००/- | २०८२/०९/२१ |
| २. | मुखियापट्टी मुसरनिया गाउँपालिका, वडा नं. ६ मा ज्येष्ठ नागरिक मिलन केन्द्र निर्माण कार्य | MOSSW/Work/ 82–83/SQ–2 | रु.१२,९०,२८९।६५ | रु.३५,०००/- | रु.१,०००/- | २०८२/०९/२१ |
| ३. | जनकपुर उपमहानगरपालिका, वडा नं. ८ स्थित सतगुरु कबीर बाल आश्रमको निर्माण कार्य | MOSSW/Work/ 82–83/SQ–3 | रु.१७,२३,९६०।७५ | रु.४५,०००/- | रु.१,०००/- | २०८२/०९/२१ |

# ई–रिक्साको अधिकार क्षेत्रबारे प्रश्न

**टुडे समाचारदाता**

जनकपुरधाम । ई-रिक्सा व्यवस्थापनका लागि कडा जनकपुरधामउपमहानगरपालिकाले कदम चालेपछि अधिकार क्षेत्र बारे प्रश्न उठेको छ ।

उपमहानगरपालिकामा दर्ता भएका बाहेकका ई-रिक्सालाई परिक्रमा क्षेत्रभित्र सञ्चालन गर्न नदिने निर्णय भएपछि यातायात व्यवस्था कार्यालयमा दर्ता भई सञ्चालनमा रहेका ई-रिक्सा चालकहरू आन्दोलनमा उत्रिएका छन् ।

नगर क्षेत्रभित्र अव्यवस्थित रूपमा सञ्चालन भइरहेका ई-रिक्साका कारण ट्राफिक व्यवस्थापन अस्तव्यस्त बन्दै गएको र नगरको सौन्दर्यमा समेत नकारात्मक असर परिरहेको गुनासो लामो समयदेखि उठ्दै आएको थियो ।

उपमहानगरपालिकाले गरेको पछिल्लो निर्णयलाई धेरै पक्षले समर्थन गरे पनि व्यवस्थापनको अधिकार स्थानीय तहको हो कि यातायात व्यवस्था कार्यालयको भन्ने विषयमा विवाद चर्किएको छ ।

यसै विवाद समाधानको प्रयासस्वरूप यातायात व्यवस्था कार्यालय जनकपुरधामको पहलमा शनिवार सर्वपक्षीय छलफल सम्पन्न भएको छ । छलफलमा यातायात व्यवस्था कार्यालयका प्रमुख धनन्जय कुमार सिंहले कुनैपनि सवारी साधनको पहिलो दर्ता यातायात कार्यालयमै हुने कानुनी व्यवस्था रहेको दाबी गरे ।

उनले २०७८ सालमा अदालतबाट प्राप्त परिपत्रको



आधारमा कार्यालयले ई-रिक्सा तथा टेम्पु दर्ता गर्दै आएको र रुट परमिटसमेत जारी गरिरहेको जानकारी दिए ।

तर, रुट परमिटकै विषयमा भने यसै साता प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा रहेको समितिको बैठक बसेर निर्णय गरिने सिंहले बताए । रुट परमिट जारी भइसकेका ई-रिक्सालाई कसरी व्यवस्थित गर्न सकिन्छ भन्ने विषयमा छलफल गर्न कार्यालय तयार रहेको उनको भनाइ थियो ।

यता, जनकपुरधाम उपमहानगरपालिकाकाकरअधिकृतपरमेश झाले ई-रिक्सा व्यवस्थापनको पूर्ण जिम्मेवारी स्थानीय तहको भएको दाबी गरे । उनका अनुसार हाल उपमहानगरपालिकामा मात्र करिब १४ सय ई-रिक्सा दर्ता भइसकेका छन् । नगर क्षेत्रको सडक क्षमता, ट्राफिक चाप र व्यवस्थापनको अवस्थालाई मध्यनजर गर्दै यातायात व्यवस्था कार्यालयले तत्काल नयाँ दर्ता प्रक्रिया बन्द गर्नुपर्ने उनको माग थियो ।

छलफलमा रामजानकी यातायात व्यवसायी संघका अध्यक्ष मनोज चौधरीले नगरक्षेत्रको ट्राफिक सहजीकरणका लागि उपमहानगरपालिकाले गरेको निर्णयमा सबै पक्षले सहयोग गर्नुपर्ने बताए । अव्यवस्थित ई-रिक्साका कारण नगर कुरुप बन्दै गएको भन्दै उनले व्यवस्थापन अपरिहार्य भइसकेको धारणा राखे ।

त्यस्तै, ई-रिक्सा मजदुर संगठनका अध्यक्ष विरेन्द्र महतोले बाहिरबाट आएर बिना कागजपत्र ई-रिक्सा सञ्चालन गर्नेहरूले अनावश्यक विवाद सिर्जना गरिरहेको आरोप लगाए । उनले नगरपालिकाले सुरु गरेको अभियानमा संगठनको पूर्ण समर्थन रहने स्पष्ट पारे ।

हाल यातायात व्यवस्था कार्यालय जनकपुरधाममा करिब ४७ सय ई-रिक्सा र टेम्पु दर्ता रहेको तथ्यांक छ । ती सवारी साधन धनुषा र महोत्तरीका सदरमुकामसहित विभिन्न क्षेत्रमा सञ्चालनमा रहेका छन् ।

जनकपुरधाममा ई-रिक्सा व्यवस्थापनको विषयले स्थानीय सरकार र यातायात कार्यालयबीचको अधिकार सीमाना प्रस्ट पार्ने चुनौती खडा गरेको छ । आगामी दिनमा प्रशासनिक तथा कानुनी स्पष्टतासहित सहकार्यको मोडेल अपनाइए मात्र बढ्दो समस्या समाधान हुने सरोकारवालाहरूको निष्कर्ष छ ।

# ढुक्क भएर लगानी गर्न गवर्नरको आग्रह

## राजनैतिक अस्थिरता बढनुका साथै मुलुकमा भ्रष्टचार चरम सिमामा रहेको अवस्थामा लगानिको सुनिश्चितता कसरी हुन सक्छ ? भन्दै स्थानिय उधोगपतिहरुले प्रश्न गरे ।

**टुडे समाचारदाता**

वीरगञ्ज । मधेस प्रदेशमा लगानीको सम्भावना प्रयाप्त भएपन सबै प्रदेश भन्दा न्युन कर्जा प्रवाह भएको भन्दै नेपाल राष्ट्र बैंकले चिन्ता व्यक्त गरेको छ ।

नेपाल राष्ट्र बैंक वीरगन्ज शाखाद्धारा आयोजित एक कार्यक्रममा यस्तो चिन्ता व्यक्त गरिएको हो । कार्यक्रममा मधेसमा २२ प्रतिशत मात्र कर्जा लगानी भएकोले बितिय साक्षरता र सचेतनाको आवश्यकता रहेको धारण नेपाल राष्ट्र बैंकका पदाधिकारीहरुले व्यक्त गरे ।

अन्तरक्रिया कार्यक्रममा सहभागी उधोगपति तथा व्यापारीहरुले मुलुकमा बढदै गएको आन्दोलन र आगजनिले आर्थिक लगानिको सुनिश्चितता नभएको गुनासो व्यक्त गरेका छन । कार्यक्रममा गवर्नर डाक्टर विश्वनाथ पौडेल समक्ष स्थानिय उधोगपति तथा व्यापारीहरुले यस्तो गुनासो व्यक्त गरेका हुन ।

राजनैतिक अस्थिरता बढनुका साथै मुलुकमा भ्रष्ट्चार चरम सिमामा रहेको अवस्थामा लगानिको सुनिश्चितता कसरी हुन सक्छ ? भन्दै स्थानिय उधोगपतिहरुले प्रश्न गरे ।

मधेस प्रदेशमा केन्द्रिय बैकको भूमिक बिषयक अन्तरक्रिया कार्यक्रमलाई सम्बोधन गर्दै गवर्नर बिश्वनाथ पौडेलले आर्थिक अवस्था सुदृढ बन्दै गएको भन्दै उच्च मनोबलका साथ



लगानि गर्न व्यापारीहरुलाई अनुरोध गरे ।

उनले चितवन पथलैया राजमार्ग निर्माणको ठेक्का हुन गइरहेको,निजगढ काठमान्डौ फास्ट्र्याक छिटै निर्माण हुने बताउदै मुलुकमा कनेक्टिभि बढिरहेको अवस्थामा हाउजिग,पर्यटन लगायत सम्भावनाका व्यापार तर्फ ढुक्क भएर लगानी गर्न उधोग पतिहरुलाई अनुरोध गरे ।

बिदेशी मुद्राको सञ्चिती राष्ट्रबैकसंग प्रयाप्तरुपमा रहको र मुलुकको आर्थिक अवस्था सुदृढ बन्दै गएकोले सबै क्षेत्रमा कर्जा प्रवाह गर्न बैंकरहरुलाई उहाले निर्देशन दिनुभयो । प्रोजेक्टको आधारमा मात्र नभइ सम्भावनाका साना साना व्यापारहरुमा पनि सहज रुपमामा कर्जा प्रवाह गर्न गवर्नर पौडेलको भनाइ थियो ।

कार्यक्रममा मधेस प्रदेशको प्रति ब्यक्तिआय सबै प्रदेश भन्दा कमरहेको जानकारी गराइएको थियो । मधेसमा सम्भावना बढी भएपनि कर्जा प्रवाह मात्र २२ प्रतिशक रहेकोले निजी क्षेत्र र बैकरसंगको समन्वय र सम्बादले बढाउन सकिने धारण व्यक्त गरिएको थियो ।

अन्तरक्रिया कार्यक्रममा राष्ट्र बैंकक अनुशन्धान विभागका कार्यकारी निर्देशक डा रामशरण खरेलले बर्तमान आर्थिक स्थिति र मौद्रिक नितिको भूमिका बारे जानकारी गराउनु भएको थियो । उनले केन्द्रीय बैंक कर्जा प्रवाह लगायतको बैंकिग कारोवार सहज र पहुच योग्य बनाउन प्रयत्न रहेको जानकारी गराए ।

# एक अस्पतालसहित चार औषधी पसल सिल

**टुडे समाचारदाता**

जनकपुरधाम । बिना दर्ताको संचालनमा रहेका धनुषाका एक अस्पतालसहित चारवटा औषधि पसल सिल गरिएको छ ।

औषधि व्यवस्था विभाग वीरगन्ज शाखाले अनुगमनको क्रममा चारवटा औषधी पसललाई सिल गरिएको शाखा प्रमुख तथा औषधि व्यवस्थापक शम्भु साहले जानकारी दिएका छन् ।

उनका अनुसार रामानन्द चोकमा रहेको जनकपुर सुरक्षा हस्पिटल फार्मेसी, प्रशान्त मेडिकल हल बजरंग चोक, राघव सर्जिकल पसल माछा बजार र वीरेन्द्रबजारमा रहेको कम्युनिटी सर्भिस अस्पताललाई शिलबन्दी गरिएको हो ।

कूल दुई दर्जन औषधि पसलको अनुगमन गरिएकामा तीमध्ये आधा दर्जन अस्पताल, फार्मेसी र डेढ दर्जन सामुदायिक फार्मेसी रहेका थिए । अनुगमनका क्रममा ११ पसलमा व्यवसायी फर्मासिस्ट अनुपस्थित रहेको, तीन पसलमा दर्ता नभएका औषधि सञ्चय गरिएको, सात पसलले लागू तथा मनोद्वीपक औषधिको बिक्री वितरण गरेको तथ्यांक नराखेको पाइएको थियो ।

चारवटै पसलले उचित तापक्रममा औषधि भण्डारण नगरेको, चार पसलले औषधिजन्य आहारपूरक खाद्य पदार्थ सञ्चय गरेको पाइएको उनले बताए । साहका अनुसार कार्यालयको टोली अनुगमनमा जाँदा कतिपय औषधि पसल अनुगमनको भयले बन्द गरेर फरार भएको थियो ।

# उम्मेदवार नबन्ने कांग्रेस जिल्ला सभापतिको घोषणा




**टुडे समाचारदाता**

गौर । आगामी फाल्गुन २१ गते हुने भनिएको प्रतिनिधिसभा निर्वाचन सम्बन्धी छलफलका लागि नेपाली कांग्रेस रौतहट क्षेत्र ३ को क्षेत्रीय भेला शनिवार कटहरिया बजारमा सम्पन्न भएको छ ।

भेलामा सहभागीहरूलाई सम्बोधन गर्दै नेपाली कांग्रेस रौतहटका जिल्ला सभापति पूर्व अर्थमन्त्री सुनिल कुमार यादव (जितेन्द्र )ले आगामी फाल्गुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनमा आफू उम्मेदवार नबन्ने घोषणा गरेका छन् ।

उनको उक्त घोषणापछि भेलामा आगामी निर्वाचनका लागि सम्भावित उम्मेदवारबारे छलफल भएको थियो। भेलामा नेपाल शिक्षक संघका अध्यक्ष रामकृपाल यादव, युवा नेता ज्ञानेन्द्र यादव, नेता वाल्मीकि यादव लगायत नेताहरूले प्रतिनिधिसभा सदस्यका लागि नाम सिफारिस गर्न आ-आफ्नो नाम प्रस्ताव गरेका छन् ।

कार्यक्रममा पार्टी संगठन सुदृढीकरण, निर्वाचन रणनीति तथा एकताबद्ध भएर चुनावी तयारी अघि बढाउने विषयमा समेत छलफल भएको थियो। क्षेत्रीय सभापति सर्फलाल गुप्ताको अध्यक्षतामा सम्पन्न भेलामा क्षेत्रीय तथा स्थानीय तहका नेता-कार्यकर्ताहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

# गिटी–बालुवा चोरीले बस्ती जोखिममा

**टुडे समाचारदाता**

गौर । रौतहटको गुजरा नगरपालिका अन्तर्गत जंगलसहिया-पशुपति टोल नजिक बग्ने बकैया खोलाबाट रातको समयमा अवैध रूपमा गिटी-बालुवा उत्खनन भइरहेको भन्दै स्थानीयवासीले कडा आपत्ति जनाएका छन् ।

खोला बन्द रहेको अवस्थामा समेत ट्र्याक्टर प्रयोग गरी दिन-रात उत्खनन भइरहेको स्थानीयको आरोप छ । स्थानीयका अनुसार, खोलाको प्राकृतिक बहाव रोक्न ड्याम (बाँध) निर्माण गरिएको स्थान नजिकैबाटै गिटी-बालुवा निकालिँदै आएको छ, जसले आसपासका बस्तीहरू प्रत्यक्ष जोखिममा परेका छन् ।

खोलाको गहिराइ बढ्दै जानु, तटबन्ध कमजोर हुनु तथा भविष्यमा बाढी र कटानको खतरा बढ्नुले स्थानीयमा त्रास फैलिएको छ । स्थानीयवासीहरूले प्रहरी प्रशासन, सम्बन्धित निकाय र स्थानीय तहलाई पटक-पटक जानकारी गराउँदा पनि कुनै ठोस कदम नचालिएको गुनासो गरेका छन्। बरु, सबै निकायको मिलेमतोमै अवैध उत्खनन भइरहेको आशंका व्यक्त गरिएको छ ।

वातावरणीय र सामाजिक असर गम्भीर विशेषज्ञहरूका अनुसार, यस प्रकारको अवैध उत्खननले खोलाको प्राकृतिक संरचना बिगार्नुका साथै



दीर्घकालीन वातावरणीय क्षति पुऱ्याउँछ । पानीको बहाव परिवर्तन हुँदा खेतीयोग्य जमिन, बस्ती र सार्वजनिक संरचनामा ठूलो क्षति पुग्ने सम्भावना रहन्छ । समयमै नियन्त्रण नगरे भविष्यमा ठूलो प्राकृतिक तथा मानवीय दुर्घटना निम्तिन सक्ने जोखिम रहेको स्थानीयको चेतावनी छ ।

स्थानीय समाजसेवी राम शाहीले अवैध उत्खनन तत्काल रोक्न जिल्ला प्रशासन, प्रहरी प्रशासन तथा केन्द्र सरकारको गम्भीर ध्यान जानुपर्ने माग गरेको छ । उनले दोषीमाथि छानबिन गरी कडा कारबाही नगरेसम्म यस्ता गतिविधि रोकिन नसक्ने बताए । स्थानीयवासीले वातावरण संरक्षण, जनसुरक्षा र कानूनी शासन कायम गर्न सम्बन्धित निकायले अविलम्ब कदम चाल्न माग गरेका छन् ।

# रामानन्द युवा क्लबद्वारा तीनजना पुरस्कृत

**टुडे समाचारदाता**

जनकपुरधाम।जनकपुरधामस्थित रामानन्द युवा क्लबले आफ्नो ४० औं वार्षिकोत्सवको अवसरमा



विभिन्न विधामा तीन जनालाई पुरस्कृत गरेको छ ।

साहित्य क्षेत्रमा निरन्तर साधना र योगदान पुऱ्याउँदै आएका साहित्यकार नित्यनन्द मण्डललाई प्रतिष्ठित विद्यापति स्मृति पदकद्वारा सम्मान, खेलकुद क्षेत्रमा क्रिकेट प्रशिक्षक नवीन सिंह र कला क्षेत्रतर्फ तबला वादक मिथिलेशलाई पुरस्कार प्रदान गरिएको छ ।

वार्षिकोत्सवको अवसरमा आयोजित समारोहमा मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले उनीहरुलाई सम्मानपत्रसहित पुरस्कार प्रदान गरेका छन् ।

कार्यक्रम क्लबका अध्यक्ष शशिभूषण झाको अध्यक्षतामा सम्पन्न सो समारोहमा क्लबका पूर्व अध्यक्षहरू, नागरिक समाजका अगुवा, बुद्धिजीवी, युवा अभियन्ता तथा स्थानीयवासीहरूको उल्लेखनीय उपस्थिति रहेको थियो ।

प्रमुख अतिथि प्रदेश प्रमुख डा. लाभले आफ्नो सम्बोधनमा युवाहरूलाई सकारात्मक सोच र सामाजिक उत्तरदायित्वका साथ अघि बढ्न आग्रह गर्दै यस्ता संस्थाहरू समाज परिवर्तनका महत्वपूर्ण आधार स्तम्भ भएको बताए । उनले रामानन्द युवा क्लबले निरन्तर रूपमा सिर्जनात्मक, प्रेरणादायी र समाजोपयोगी कार्यक्रम गर्दै आएकोमा शुभकामना व्यक्त गरे ।

कार्यक्रमका क्रममा क्लबको ४० वर्षे गौरवशाली यात्राको स्मरण गर्दै योगदान पुऱ्याउने सम्पूर्ण व्यक्तित्व, सहयोगी तथा शुभेच्छुकहरूप्रति धन्यवाद ज्ञापन गरिएको थियो ।

सामाजिक अपराध तथा हिंसा विरुद्ध एकजुट होऔं ।

- कुनै पनि प्रकारका हिंसा, दुर्व्यवहार, विभेद जस्ता सामाजिक अपराधजन्य क्रियाकलाप नगरौं ।
- त्यस्ता कार्य भएको देखेमा स्थानीय प्रशासनमा खबर गरौं ।
- सामाजिक अपराध र हिंसा विरुद्ध एकताबद्ध भएर आवाज उठाऔं ।
- बालबालिका, महिला, ज्येष्ठनागरिक, अपाङ्गता भएका व्यक्तिहरु माथि हुने हिंसा विरुद्ध चेतनामुलक कार्यक्रम सञ्चालन गरौं ।
- सामाजिक सञ्जाल, सञ्चार माध्यममार्फत फैलन सक्ने झुठा समाचार, बदनियतपूर्ण/द्वेषपूर्ण सामग्री प्रति सजग रहौं ।
- मानवीय मर्यादाको संरक्षण गर्दै छिमेकी र समुदायलाई सहयोग गरौं ।
- विद्यालय, टोल तथा सामुदायिक संस्थामा हिंसारहित व्यवहार गरौं ।
- सामाजिक अपराध रोक्न समुदाय-प्रहरी साझेदारी कार्यक्रम प्रभावकारी बनाऔं ।

अपराधमुक्त समाजका लागि कानुनी दायित्व निभाऔं, पिडितलाई न्याय दिलाउन सबैले सहयोग गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# एचआईभी एड्सको अवस्था सोचनीय

**टुडे समाचारदाता**

वीरगञ्ज । मधेश प्रदेशमा एचआईभी एड्सको अवस्था चिन्ताजनक बन्दै कुरामा वक्ताहरुले जोड दिएका छन् ।

नेपालमा एचआईभी कार्यक्रमको वर्तमान अवस्था, उपलब्धि र चुनौतीहरूबारे छलफल गर्न एड्स हेल्थकेयर फाउन्डेसन नेपालले वीरगंजमा संचारकर्मिहरुसगं अन्तरक्रियामा वक्ताहरुले मधेश प्रदेशमा बढ्दै गएको एड्स संक्रमितको संख्याले अवस्था चिन्ताजनक बन्दै गएको बताए ।

कार्यक्रममा एचआईभि माथि काम गर्ने सरोकारवालाले एचआईभी नियन्त्रणमा सञ्चारमाध्यमको भूमिका महत्वपूर्ण रहेको बताउँदै तथ्यपरक र संवेदनशील सहयोगात्मक रिपोर्टिङमा जोड दिएका थिए ।

नेपालमा एचआईभी नियन्त्रणका लागि भइरहेका प्रयासहरूलाई थप प्रभावकारी बनाउन स्थानीय तह, नागरिक समाज र सञ्चारकर्मीबीच सहकार्य मजबुत बनाउनु पर्ने आवश्यकता औंल्याइएको थियो ।

कार्यक्रममा एड्स हेल्थकेयर फाउन्डेशनका कार्यक्रम तथा बजार व्यवस्थापक राधेश्याम श्रेष्ठले देशको समग्र एचआईभी अवस्थाबारे



बिस्तृत जानकारी गराउदै नेपालमा एचआईभी सङ्क्रमण पूर्ण रूपमा नियन्त्रणमा आइसकेको अवस्था नरहेकाले भने । उनले एड्सबारे अझदीर्घकालीन रणनीतिसहितका कार्यक्रम आवश्यक रहेको बताए ।

राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका निर्देशक डाक्टर सर्वेश शर्माले आगामी दिनमा नयाँ एचआईभी संक्रमणको रोकथाम, सङ्क्रमितहरूको स्वास्थ्य परिणाममा सुधार, देशभरका ९५ प्रतिशत सङ्क्रमितको पहिचान, पहिचान भएका ९५ प्रतिशत सङ्क्रमितलाई उपचारमा जोड्नुका साथै आमाबाट बच्चामा हुने सङ्क्रमणको निवारण लगायतको कार्ययोजनामा आफुहरु लागेको बताए ।

एड्स हेल्थकेयर फाउन्डेशनले प्रस्तुत गरेको तथ्याङ्क अनुसार नेपालमा एचआईभी सङ्क्रमितहरूको अनुमानित संख्या ३४ हजार ३ सय ३७ रहेको छ । जसमध्ये पुरुष सङ्क्रमित १९ हजार ८ सय २१ (५८ प्रतिशत), महिला सङ्क्रमित १४ हजार ५ सय १६ (४२ प्रतिशत) रहेका छन् । त्यसैगरी कुल सङ्क्रमितमध्ये ०-१४ वर्ष उमेर समूहका बच्चा १ हजार ५८ (३ प्रतिशत) रहेका छन् ।

त्यसैगरी, वार्षिक नयाँ एचआईभी सङ्क्रमणको संख्या ६ सय १४ र एड्ससम्बन्धी वार्षिक मृत्युको संख्या ५ सय ६९ रहेको कार्यक्रममा जानकारी गराइएको थियो ।

बागमती र लुम्बीनी पछि मधेस प्रदेश तेश्रो स्थानमा रहेको जानकारी गराउदै जिल्लागततथ्याङ्क रूपमा बारामा ४ सय ७२ जना र पर्सामा ८ सय १२ जना एचआईभी सङ्क्रमित रहेको जानकारी दिईएको थियो ।

कार्यक्रममा नेपालले देशका पर्सा, धनुषा, मकवानपुर, अछामसहित १७ वटा जिल्लामा एचआईभी रोकथाम, परीक्षण, उपचार तथा सचेतनामूलक कार्यक्रमहरू सञ्चालन गर्दै आएको जानकारी दिइएको थियो ।

कार्यक्रमको स्वागत मन्तव्य फाउन्डेशनका कार्यक्रम संयोजक कृष्णहरि सापकोटाले राख्दै नेपालमा एचआईभी नियन्त्रणका लागि सरकार, गैरसरकारी संस्था, स्वास्थ्यकर्मी र सञ्चारकर्मीबीचको सहकार्य अत्यन्त आवश्यक रहेको बताए । उनले एचआईभी अझै पनि सामाजिक लाञ्छना र भेदभावको विषय बनेकाले यसविरुद्ध सचेतना बढाउनुपर्नेमा जोड दिनुपर्ने बताए ।

कार्यक्रममा नेपाल पत्रकार महासंघका अध्यक्ष ओम प्रकाश खनाल, जिल्ला जनस्वास्थ्य कार्यालय पर्साका प्रमुख विनोद झा, वीरगंज महानगरपालिकाका जनस्वास्थ्य प्रवर्द्धन शाखा प्रमुख राजु साह लगायत स्वास्थ्यकर्मी, सञ्चारकर्मी तथा सरोकारवालाहरूले नेपाल सरकारले एड्स नियन्त्रणमा सरकारले दिइरहेको सेवा र केन्द्रीय तथा प्रादेशिक र स्थानिय जनस्वाथ्य केन्द्रहरुको भूमिका बारे जिज्ञासाहरु राखेका थिए ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८